सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० असोज २०८०, मंगलबार (17 Oct 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ कर्मचारीलाई इन्धनको सट्टा नगद दिने निर्देशिका स्वीकृत

सचिवले मासिक १२५ र सहसचिवले १०० लिटर इन्धन बराबरको रकम पाउने



- सचिव र सहसचिवले हरेक तीन महिनामा ५ लिटर मोबिल पनि पाउने
- विद्युतीय सवारीसाधन प्रयोग गर्नेलाई इन्धनको आधा रकम
- आयल निगमले तोकेको हरेक महिना १ गतेको मूल्यका आधारमा भुक्तानी
- तलबसँगै इन्धनको रकम दिइने
- संघ सरकारमातहत रहेका सचिव र सहसचिवमा लागू हुने
- काठमाडौंबाहिर भ्रमणमा जाँदा कार्यक्रमबाटै व्यवस्था गर्नुपर्ने
- दोहोरो सुविधा लिएको पाइए असुलउपर गरिने

निर्देशिकाले इन्धन सुविधालाई 'क्यापिङ' गरिदिएको छ, प्रक्रिया पनि सहज हुन्छ



● **धनीराम शर्मा**, प्रवक्ता, अर्थ मन्त्रालय

बजेटको घोषणाबमोजिम इन्धनको सट्टा नगद दिनेसम्बन्धी निर्देशिका स्वीकृत भएको छ। अब यो कार्यान्वयनमा जान्छ। निर्देशिका सबै मन्त्रालयलाई पठाउँछौं। इन्धनबापतको भुक्तानी नगदमै दिँदा सुविधाजस्तो भयो। यो तरिका सजिलो पनि हुन्छ। हरेकपटक बिल ल्याएर भुक्तानी लिनुपर्ने झन्झट हुँदैन। निर्देशिकाले इन्धन सुविधालाई 'क्यापिङ' गरिदिएको छ। यसले प्रक्रियालाई सहजीकरण गरेको छ।

सुवास भट्ट/नयाँ पत्रिका

सवारीसाधन सुविधा प्राप्त गर्ने संघअन्तर्गतका कर्मचारीलाई इन्धनको सट्टा एकमुस्ट नगद दिनेसम्बन्धी निर्देशिका सरकारले स्वीकृत गरेको छ। योसँगै अब मासिक रूपमा सचिवले १२५ र सहसचिवले १०० लिटर इन्धनबराबरको रकम एकमुस्ट पाउने भएका छन्। त्रैमासिक रूपमा पाँच लिटर मोबिल/ब्रेकआयलको सुविधासमेत पाउनेछन्। विद्युतीय सवारीसाधन प्रयोग गर्नेले भने इन्धनबापत उपलब्ध गराउने रकमको आधा पाउनेछन्।

आर्थिक वर्ष ०८०/८१ को बजेटले नै घोषणा गरेको यससम्बन्धी व्यवस्थालाई सरकारले निर्देशिका बनाएर कार्यान्वयनमा ल्याउन लागेको हो। गत साता बसेको मन्त्रिपरिषद् बैठकले सवारीसाधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धनबापत नगद प्रदान गर्ने निर्देशिका, २०८० स्वीकृत गरिसकेको छ। अर्थ मन्त्रालयको प्रस्तावमा निर्देशिका स्वीकृत गरेको हो। इन्धन सुविधामा विकृति देखिएपछि सरकारले कानुन नै बनाएर व्यवस्थित गर्ने नीति लिएको हो।

अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बजेटको घोषणाबमोजिम इन्धनको सट्टा नगद दिनेसम्बन्धी निर्देशिका स्वीकृत भएको बताए। 'अब यो कार्यान्वयनमा जान्छ,' उनले भने। इन्धनबापतको भुक्तानी नगदमै दिँदा सुविधाजस्तो हुने र तरिका पनि सजिलो हुने उनले बताए। हरेकपटक बिल ल्याएर भुक्तानी लिनुपर्ने झन्झट अब नहुने उनको भनाइ छ। 'निर्देशिकाले इन्धन सुविधालाई 'क्यापिङ' गरिदिएको छ,' उनी भन्छन्, 'यसले प्रक्रियालाई सहजीकरण गरेको छ।'

यो निर्देशिका संवैधानिक अंग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालयलगायतका केन्द्रीयस्तरका निकायमा कार्यरत सचिव र सहसचिव श्रेणी वा सोसरहमा यो

» पृष्ठ ११ मा क्रमशः

सचिव र सहसचिवलाई इन्धनमा अहिले पाइरहेकोभन्दा बढी सुविधा

मन्त्रीदेखि प्रधानमन्त्रीसम्मले भने हालकै व्यवस्थाअनुसार पाउनेछन् इन्धन

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ कोशीमा कांग्रेस संस्थापनको रणनीति

कार्कीलाई विश्वासको मत दिएर अपनत्व लिने र उपयुक्त समयमा एमालेलाई बाहिर्‍याउने

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसको संस्थापन पक्षले कोशीमा मुख्यमन्त्री केदार कार्कीलाई विश्वासको मत दिएर सरकार सुरक्षित गर्ने रणनीति तय गरेको छ। एमालेको समर्थनमा मुख्यमन्त्री बनेका कांग्रेसको शेखर कोइराला समूहका कार्कीले बुधबार विश्वासको मत लिँदै छन्। माओवादीले विश्वासको मत दिने निर्णय लिइसकेको छ।

कार्कीले एमालेलाई समेत सरकारमा सहभागी बनाएपछि सशंकित देखिएको कांग्रेसको सस्थापन पक्ष पहिलो चरणमा सरकार सुरक्षित गर्ने र दोस्रो चरणमा एमालेलाई सरकारबाहिर गर्ने रणनीतिमा देखिएको छ। सोहीअनुसार विश्वासको मत दिएर सरकारलाई गठबन्धनको अपनत्व दिने गरी सभापति शेरबहादुर देउवाले पार्टीमा छलफल थालेका छन्।

■ प्रधानमन्त्री भन्छन्-
कोशीमा एकपछि अर्को चलखेल भयो, तर कोर्स करेक्सन हुन्छ

सोमबार सभापति देउवाले उपसभापति पूर्णबहादुर खड्का तथा महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापालाई धुम्बाराहीस्थित निवासमा बोलाएर कोशीमा विकसित घटनाक्रम र पार्टीको आगामी रणनीतिबारे ब्रिफिङ गरेका छन्। उपसभापति धनराज गुरुङ भने इन्डोनेसियामा रहेकाले बैठकमा उपस्थित भएनन्।

देउवाले कोशीमा सरकार सुरक्षित गर्ने गरी तत्कालका लागि विश्वासको मत दिने गरी अगाडि बढ्न निर्देशन गरेका छन्। 'कोशीको विषयमा मैले शेखरजीलाई राखेर कार्यसम्पादन समिति बैठकबाट निर्णय गर्न खोजेको थिएँ। तर, उहाँ आउनुभएन।

» पृष्ठ ११ मा क्रमशः

■ बैठकमा सभापति देउवाले भने-
जटिलता समाधान गरेर गठबन्धनको अपनत्व हुने गरी कोशीको सेटलमेन्ट गर्नुपर्नेछ



कोशीको विषयमा मैले शेखरजीलाई राखेर कार्यसम्पादन समिति बैठकबाट निर्णय गर्न खोजेको थिएँ। तर, उहाँ आउनुभएन। परिस्थिति आकस्मिक रूपमा विकसित भयो। कांग्रेसकै विद्रोहीको सरकार बने पनि गठबन्धन बलियो बनाएर जाने सहमति बनेको छ। अहिले एमाले सरकारमा छ। जटिलता समाधान गरेर गठबन्धनको अपनत्व हुने गरी कोशीको सेटलमेन्ट गर्नुपर्नेछ।

■ कोशी प्रकरणमा देउवा र कोइरालाको भूमिकाप्रति महामन्त्रीद्वय थापा र शर्माको असन्तुष्टि

तीन नेताको लिखित सहमतिको आवश्यकता र औचित्यमाथि पनि प्रश्न





महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले कोशी प्रकरणमा सभापति शेरबहादुर देउवा र नेता शेखर कोइरालाको भूमिकाप्रति पनि असन्तुष्टि जनाएका छन्। निर्णय प्रक्रियामै महामन्त्रीद्वयलाई सहभागी नगराइएकाले परिस्थितिको जिम्मेवार पनि दुवै नेता हुनुपर्ने उनीहरूको भनाइ छ। 'निर्णयमा को-को सामेल हुनुहुन्थ्यो र किन दुर्घटना भयो भन्ने जिम्मेवारी सभापतिले लिनुपर्छ। डा. कोइरालाले कांग्रेसको भाग माओवादीलाई दिन लागेकाले खोसेको भन्ने भाष्य बनाउन खोज्नुभयो,' महामन्त्री शर्माले भने, 'तर, कहींकतै पनि गठबन्धनमा यो प्रदेशमा यसको मात्रै सरकार बन्ने भन्ने सहमति भएको छैन। जसको बने पनि आलोपालो गर्ने भन्ने थियो। तर, यो दुर्घटना हुँदै गर्दा समझदारीपूर्वक हल गर्नुपर्छ। डढेलाको रूप हुन दिनुहुँदैन, संयम र परिपक्वताका साथ हल निकाल्नुपर्छ।'

त्यस्तै, गठबन्धन जोगाउने भनेर प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति देउवा र नेता कोइरालाले गरेको लिखितप्रति पनि महामन्त्रीद्वयले बैठकमा असन्तुष्टि जनाएका छन्। लिखित सहमतिको आवश्यकता र औचित्यमाथि उनीहरूको प्रश्न छ। 'चिर्कटो बनाइएकोमा हाम्रो सहमति छैन। यसमा सभापतिले पनि गम्भीर आत्मसमीक्षा गर्नुपर्छ। कोशी प्रदेशमा अरू नेताहरू पनि हुनुहुन्छ, उहाँहरूसँग किन सल्लाह गरिएन ?' महामन्त्री शर्माले बैठकमा राखेको धारणाबारे भने।

कोशीले झन् बढायो शेखर-गगनको दूरी

कोशी घटनाले डा. शेखर कोइराला र महामन्त्री गगन थापाबीच दूरी झन् बढाएको छ। केही समयअघिदेखि नै उनीहरूबीच संवादहीनताको अवस्था थियो। कोशीमा सरकार गठनको 'मुभ' गर्दा पनि कोइरालाले महामन्त्री थापासँग छलफलसमेत गरेनन्। यसबाट थापा थप चिढिएका छन्। उनीहरूको सम्बन्धमा दरारको सुरुवात गत २० वैशाखमा इतर समूहबाट सरकारमा मन्त्रीको नाम पठाउने विषयबाट सुरु भएको थियो। यो समूहले तीन मन्त्री दाबी गरेको थियो। त्यसमा सभापति शेरबहादुर देउवा पनि तयार भए। तर, कोइरालाले अन्तिम समयमा थापालाई जानकारी नदिई देउवालाई नाम बुझाएर सिंगापुर लागे। देउवाले धनराज गुरुङ र डिगबहादुर लिम्बूलाई मात्र मन्त्री बनाएपछि दुई नेताको सम्बन्ध चिसियो। कोइरालालाई देउवासँग मिलेको आरोप पनि लाग्न थाल्यो।

गत २ साउनमा बसेको केन्द्रीय समिति बैठकमा प्रस्तुत हुने विषयमा समेत कोइरालाले आफ्नो समूहको भेला बोलाएनन्। तीन तहको निर्वाचनपछि बसेको बैठक महत्त्वपूर्ण थियो। उल्टै, बैठकमा कोइरालाले महामन्त्रीको आलोचना गरे। १० साउनसम्म बसेको बैठकमा इतरको भूमिका कमजोर बनाएको र महामन्त्री थापाको प्रतिरक्षा नगरेको आरोप कोइरालामाथि लाग्यो। १८ साउनमा कोइरालाले सभापतिसँग नजिकिएको र महामन्त्री थापासँग टाढिएको विषयमा सत्यता नरहेको स्पष्टीकरण दिएका थिए।

१७ भदौमा थापाको उपस्थितिमा अर्का महामन्त्री विश्वप्रकाश शर्मा र युवा नेता प्रदीप पौडेलसहित बोलाएर इतर समूहको भेला गरे, जसमा कोइरालालाई बोलाइएको थिएन। यसले कोइरालालाई सशंकित बनाएको थियो। पछिल्लो समय भने उनी महाधिवेशनकेन्द्रित भएर समूह मिलाउन सक्रिय देखिएका थिए। गत २ असोजमा विश्वप्रकाश र प्रदीपसमेतलाई बोलाएर बालुवाटारमा भेला गरेका थिए। त्यसमा महामन्त्री थापा पनि सहभागी थिए। त्यसयता कोइराला र थापा एउटै मञ्चमा देखिएका छैनन्।

कोशीमा नयाँ सरकार गठनबारे छलफल गर्न २३ असोजमा कांग्रेस पदाधिकारी बैठक बसेको थियो। बैठकमा महामन्त्री थापाले सरकार गठनबारे चासो राखेका थिए। एक पदाधिकारीका अनुसार सभापति देउवाले उनलाई 'शेखरसँग कुरा भइरहेको छ' भन्ने जवाफ मात्र दिएर टारे। यसबाट थापा झस्किए।

बिआरआई सम्मेलनमा भाग लिन उपप्रधानमन्त्री श्रेष्ठ बेइजिङमा



काठमाडौं/ चीनले आयोजना गर्न लागेको 'थर्ड बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल को-अपरेसन'मा नेपालको तर्फबाट प्रतिनिधित्व गर्न उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ सोमबार बेइजिङ पुगेका छन्। चिनियाँ सहर छेन्दु हुँदै श्रेष्ठ साँझ बेइजिङ पुगेका हुन्। बिआरआई सम्मेलन १ र २ कात्तिकमा हुँदै छ।

चीनका पब्लिक सुरक्षासम्बन्धी मन्त्री तथा स्टेट काउन्सिलर तथा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालयका सदस्य वाङ सियाहोङको निमन्त्रणामा श्रेष्ठको भ्रमण भएको हो। उनको भ्रमणलाई चीन सरकारले द्विपक्षीय भ्रमणको 'प्रोटोकल'मा राखेको छ।

उपप्रधानमन्त्री श्रेष्ठ मंगलबार बिहान त्यानमेन स्क्वायरमा चिनियाँ नेता माओको समाधिस्थल पुग्ने र दिउँसो नेपाली राजदूतावासद्वारा आयोजित कार्यक्रममा

» पृष्ठ ११ मा क्रमशः

विपिनको खोजी गर्न मध्यपूर्वी देशमा कूटनीतिक पहल

परराष्ट्रमन्त्री एनपी साउदले गरे कतारका विदेश राज्यमन्त्री मोहम्मद बिन अब्दुलाजिज बिन सलेह अल खुलैफीसँग टेलिफोन संवाद

नयाँ पत्रिका

प्यालेस्टिनस्थित हमास समूहको नियन्त्रणमा रहेको आशंकापछि सरकारले नेपाली विद्यार्थी विपिन जोशीको खोजी तथा रिहाइका लागि मध्यपूर्वमा कूटनीतिक पहल थालेको छ। २० असोजमा इजरायलमा हमास समूहको आक्रमणमा परेर बाँचेका नेपालीले जोशीलाई हमासले लिएर गएको बताएपछि सरकारले उनको खोजी गर्न थालेको हो।



विपिन जोशी

सोही सिलसिलामा परराष्ट्रमन्त्री एनपी साउदले सोमबार कतारका विदेश राज्यमन्त्री मोहम्मद बिन अब्दुलाजिज बिन सलेह अल खुलैफीसँग टेलिफोन कुराकानी गरेका छन्। प्यालेस्टिन क्षेत्र तथा इजरायलको पछिल्लो परिस्थिति र दुई देशबीच सहकार्यका विषयमा छलफल भएको कतारी समाचार संस्था द पेनिन्सुला कतारले उल्लेख गरेको छ।

मध्यपूर्वको इरान, इजिप्ट, साउदी अरेबिया, कतारसँग हमास समूहको राम्रो सम्बन्ध छ। सरकारले मध्यपूर्वका यीलगायतका मुलुकसँग नेपाली विद्यार्थीको खोजीका लागि प्रयास गरेको हो। परराष्ट्रमन्त्री साउदले सोमबार नेपालमा रहेका अन्तर्राष्ट्रिय मिडियाका प्रतिनिधिसँगको भेटमा नेपाली विद्यार्थी रिहाइका लागि प्रयास गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका थिए।

इजरायल र प्यालेस्टिनमा हिंसा बढिरहेकोमा कतारका राज्यमन्त्रीले चासो राखेका थिए। उनले हिंसा भड्किन नदिन र तनाव कम गर्न क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयास हुनुपर्नेमा जोड दिएका थिए। परराष्ट्रमन्त्री साउदले सुदूरपश्चिमका पत्रकारहरूको कार्यक्रममा सोमबार हमाससँग नजिक रहेका मुलुकहरूसँग पनि नेपाली विद्यार्थी जोशी पत्ता लगाउन छलफल भइरहेको बताए। तर, उनले विस्तृतमा बताएनन्।

इजरायल सरकारले त्यहाँ निधन भएका दशजना नेपाली विद्यार्थीमध्ये पाँचजनाको शव आइतबार तेलअभिभस्थित नेपाली दूतावासलाई उपलब्ध

» पृष्ठ ११ मा क्रमशः

१६ सय कैदीबन्दीले भोलिदेखि जेलबाहिरै रहेर सजाय भुक्तान गर्ने

■ देशका ७४ कारागारमा १७ हजार कैदीबन्दीको मात्रै क्षमता, २७ हजार ९५० कैदीबन्दी, **ऐन कार्यान्वयन हुँदा करागारमा घट्छ चाप**

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र





चक्रपथ विस्तार

मुख्य लेन निर्माणमा अझै एक वर्ष लाग्ने

काठमाडौं/ चक्रपथको दोस्रो खण्ड विस्तारअन्तर्गत मुख्य लेन निर्माण गर्न अझै एक वर्ष लाग्ने भएको छ। उक्त खण्डको विस्तृत परियोजना अध्ययन (डिपिआर) चिनियाँ निर्माण कम्पनीले नै गरिरहेकाले सडक विस्तारमा एक वर्ष अझै लाग्ने जनाइएको छ।

चीन सरकारको सहयोगमा विस्तार गर्न लागिएको कलंकी-वसुन्धरा सडकको अध्ययन भइरहेको सडक विभाग, विकास सहायता समन्वय महाशाखाले जनाएको छ। अहिले चिनियाँहरूले आफ्नै देशमा डिपिआर गरिरहेको महाशाखाका प्रमुख डा. विजय जैसीले बताए। अध्ययनका लागि अझै ६ महिना लाग्ने र अर्को ६ महिनामा ठेक्का भएर काम गर्ने उनले बताए। उनले भने, 'सबै तयारी सकाएर एक वर्षपछि मात्रै भौतिक रूपमा काम हुनेछ।'

अध्ययन सकिएपछि उनीहरूले नै ठेक्का लगाएर काम गर्ने उनले बताए। गत वर्ष नेपाल आएका चिनियाँले कलंकीबाट वसुन्धरासम्मको सडकको अध्ययन गरिसकेर निर्माण अघि बढाउने बताएका थिए। चिनियाँले काम सुरु गर्ने समय पहिले नै विभागले सडक मर्मत गर्न खोजेको प्रमुख डा. जैसीले बताए। मर्मतका लागि विभागले ठेक्का गर्ने उनले बताए। सबैभन्दा छेउको सर्भिस लेनमा धुलो उड्ने समस्या रहेकाले अहिले चक्रपथ विस्तार आयोजना र डिभिजन सडक काठमाडौंले काम गरिरहेको उनले बताए।

चक्रपथको पहिलो खण्डमा जस्तै दोस्रोमा पनि मुख्य आठ लेन चिनियाँले बनाउने हो भने त्योभन्दा बाहिरको एक-एक लेन 'सर्भिस लेन' सरकारले बनाउने गरी सम्झौता भएको थियो। बीचको लेनमा काम सुरु भइनसकेको र त्यसले गर्दा सडक धुलाम्मे भएकाले अहिले छेउमा काम सुरु गरिएको विभागले जनाएको छ।

पहिलो चरणको सडक हस्तान्तरण हुनुपहिले नै चिनियाँ पक्षले कलंकीबाट वसुन्धरातर्फको सडक निर्माण गर्न इच्छा देखाएको थियो। 'साइड क्लियर' नहुँदा निर्माणका क्रममा विभिन्न अवरोध आएकाले निर्धारित समयभन्दा केही ढिला सम्पन्न भएको थियो।

चिनियाँ पक्षले सडक हस्तान्तरण गर्दासमेत नेपाल सरकारले निर्माण गर्ने भनिएको छेउको लेनमा घरटहरा हट्न सकेको थिएन। सोही अनुभवका आधारमा अहिले पहिले नै निर्माणस्थल खाली गरेर मात्रै निर्माण सुरु गर्ने तयारी गरिएको विभागले बताउँदै आएको छ।

चक्रपथ विस्तार भएको सडकमा मुख्य लेन, सहायक र सर्भिस गरेर तीन किसिमका लेन छन्। चिनियाँ सरकारले आठ लेन सडक निर्माण गरेको थियो। सरकारले मुख्य सडकभन्दा बाहिरपट्टि दुवैतर्फ सर्भिस ट्र्याक निर्माण गर्दा यो सडक १० लेन बनेको हो।

सडकको बीचमा चार लेन मुख्य लेन, त्यसबाहिर दुई-दुई गरी जम्मा चार लेन रहेको छ। चक्रपथको पहिलो खण्ड ललितपुर र काठमाडौं गरी दुवै जिल्लामा रहेको छ। दोस्रो खण्ड भने काठमाडौंमा मात्रै छ।

चिनियाँ पक्षसँग पहिले चाबहिल-धोबीखोलासम्म सडक विस्तार गर्ने गरी छलफल भएको थियो। स्वयम्भू, महाराजगन्जलगायतका स्थानमा निर्माणस्थल खाली गराउँदा विभिन्न अवरोध आएपछि कलंकीबाट वसुन्धरासम्म सडक विस्तार गर्न लागिएको हो। - रासस

एक सातामा दुई लाखले छाडे उपत्यका

घटस्थापनादेखि दैनिक ५० हजार बाहिरिँदै



घर फर्कने क्रममा जडीबुटीमा गाडी कुरिरहेका सर्वसाधारण। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

नयाँ पत्रिका

दसैँ नजिकिएसँगै उपत्यकाबाट घर फर्कने सर्वसाधारणको लर्को दिनहुँ बढिरहेको छ। २२ असोजयता मात्रै काठमाडौंबाट करिब दुई लाखजना बाहिरिसकेका छन्।

उपत्यका ट्राफिक कार्यालयको तथ्यांकअनुसार सोमबार साँझसम्म करिब दुई लाखले उपत्यका छाडेका छन्। घटस्थापनायता दैनिक ५० हजारका दरले उपत्यका छाडिरहेका छन्। २२ असोजयता सोमबारसम्म एक लाख ९० हजारले उपत्यका छाडेका छन्। अन्य समयमा दैनिक करिब १० हजारसम्मले उपत्यका छाड्ने गरेकोमा चाडपर्व सुरु भएपछि बाहिरिने दर बढेको हो।

यसबाहेक हवाईमार्गबाट पनि बाहिरिनेको संख्या दैनिक पाँच हजारभन्दा बढी रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ। तर, हवाईमार्गभन्दा सडकमार्गबाट बाहिरिनेको भिडभाड छ। मंगलबारदेखि घर फर्किनेहरूको संख्या थप भिडभाड हुने र सडकहरूमा पनि सवारीसाधनको ओहोरदोहोर बढी हुने ट्राफिक कार्यालयले जनाएको छ। ट्राफिक कार्यालय प्रमुख डिआइजी पोषराज पोखरेलले उपत्यकाबाट बाहिरिनेको चाप बढेको बताए। उनका अनुसार घटस्थापनादेखि नै अधिकांश विद्यालय, कलेज र संघ-संस्था बन्द भएपछि दसैँ मनाउन थातथलो फर्कन थालेका हुन्।

ट्राफिक प्रहरीले उपत्यकाबाट बाहिरिने चारवटै नाकामा यात्रु सहायता कक्ष र चेकजाँचमा कडाइ गरेको छ। यात्रुको सहजताका लागि काठमाडौं उपत्यकाभित्रका १५ स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको छ। हाल काठमाडौंबाट बस छुट्ने स्थान गोंगबु क्षेत्रमा सबैभन्दा बढी यात्रुको भिडभाड हुने गरेको छ। ट्राफिकको तथ्यांकअनुसार विभिन्न रुटमा गरी हालसम्म ८७ हजारभन्दा बढीले अग्रिम बुकिङ गरिसकेका छन्।

तर, सडक भने अस्तव्यस्त

सरकारले दसैँभरका लागि सार्वजनिक सवारीसाधनको रुट परमिट खुला गरिसकेको छ। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले अहिलेको अवस्था हेर्दा विगतका वर्षभन्दा धेरै यात्रु बाहिरिने जानकारी दिए। तर, सडक अस्तव्यस्त हुँदा विगतमा भन्दा यो वर्ष यात्रुहरूले सास्ती खेप्नुपर्ने जानकारी दिए। 'अहिले देशभरका सडक अस्तव्यस्त छन्, सम्बन्धित निकायले सडक मर्मत-सम्भार नगरिदिएका कारण घर फर्कनेहरूलाई सास्ती पुगेको छ,' उनले भने, 'सबैभन्दा बिजोग त नारायणघाट-बुटवलसम्मको सडक छ, यो सडक मर्मत गर्नतर्फ सरकारले चासो दिएको छैन।'

लगनखेलका अधिकांश मासु पसल मापदण्डविपरीत

ललितपुर/ लगनखेलका अधिकांश मासु पसल मापदण्डविपरीत रहेको पाइएको छ। ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित र सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवारसहितको टोली बजार अनुगमनमा जाँदा लगनखेलको इटिटोल र लगनखेल बजारका अधिकांश मासु पसल तथा केही फलफूल तथा जुस पसल मापदण्डविपरीत चलेका र तिनमा म्याद नाघेको जुस भेटिएको हो। 'लगनखेलका मासु तथा फलफूल पसल मापदण्डअनुसार नचलेको, गुणस्तर कायम नगरेको पाइयो, अनुगमन गरेकामध्ये दुईवटा मासु पसल र दुईवटा फलफूल तथा जुस पसललाई १० हजारका दरले जरिवाना र सचेत गराएका छौं,' सहायक प्रमुख जिल्ला अधिकारी सुनुवारले भने।

अनुगमनका क्रममा लगनखेलको तरकारी बजारभित्रको शिव फलफूल जुस पसलमा म्याद नाघेका रियल जुसका प्याकेट भेटिएका थिए। सहायक प्रमुख जिल्ला अधिकारी सुनुवारले हरेक महिना तालिका बनाएर छड्के अनुगमन गर्ने जानकारी गराए।

'ब्लुम पार्क क्लिनिक' सञ्चालन



काठमाडौं/ काठमाडौंको रातोपुलमा स्वास्थ्यसम्बन्धी समस्याबाट पीडित बालबालिकाका लागि 'ब्लुम पार्क क्लिनिक' सञ्चालनमा आएको छ। यो एक प्रकारको पेडियाट्रिक मल्टी स्पेसियाल्टी क्लिनिक भएको स्पिच ल्यांग्वेज प्याथोलोजिस्ट निलम लामा दाहालले जानकारी दिइन्।

क्लिनिकमा आक्युपेसनल थेरापी, स्पिच ल्यांग्वेज थेरापी, बिहाभिएर थेरापी, फिडिङ थेरापी, ओरल प्लेसमेन्ट थेरापी र फिजियो थेरापीसम्बन्धी सेवा दिइने उनको भनाइ छ। नेपालमै पहिलोपटक ब्लुम पार्क क्लिनिकमा आयरस सेन्सरी इन्टिग्रेसन र ओरल प्लेस्मेन्ट थेरापी सेवा पनि उपलब्ध रहेको उनले बताइन्। एक वर्षअघि चारजना महिला थेरापी चिकित्सकद्वारा सञ्चालनमा आएको क्लिनिकमा करिब दुई सय ६० जना बालबालिकालाई सेवा प्रदान गरिएको दाहालले बताइन्। बालबालिकामा हुने शारीरिक विकासमा ढिलाइ, मानसिक, सामाजिक अवस्था, अपांगता, अटिजम डाउन सिन्ड्रोम, लर्निङ डिसएबिलिटी, सेरिब्रल पाल्सीलगायतका बिरामीले क्लिनिकबाट स्वास्थ्य सेवा लिएको उनको भनाइ छ।

भक्तपुरका किसानलाई धान भित्र्याउन चटारो

भक्तपुर/ भक्तपुरका किसानलाई यतिखेर धान भित्र्याउन चटारो छ। एकातिर किसानका घरआँगन, कौसी तथा चोकचोकमा धान सुकाउनेको लर्को लागेको छ भने अर्कोतर्फ कोही खेतमा पाकेर पहेँलपुर भएको धान काट्ने, झार्ने र घर ल्याउने कार्यमा व्यस्त छन्।

केही दिनअघिको वर्षाले गर्दा डराएका किसान पुनः त्यस्तै वर्षा भई पाकेर पहेँलपुर भएको धानमा क्षति हुन्छ कि भन्ने आशंकाले पनि धान भित्र्याउन चटारो परेको बताउँछन्।

धानखेती हुने क्षेत्रहरू मनोहरा, हनुमन्ते र खस्याङखुसुङआसपास, सुडाल, ताथली, दुवाकोट, चाँगुनारायण, बागेश्वरी, छालिङ, सिपाडोल, सिरुटार, दधिकोट, गुण्डुलगायत स्थानमा धान काट्न किसानलाई भ्याइनभ्याइ छ। भक्तपुर नगरका नपुखु क्षेत्र, ल्योसिख्यो, भीमसेनस्थान, बाराहीस्थान, भाजुपोखरीको डिललगायत सम्पदा क्षेत्र, विद्यालयको चौर र बाटामा पनि किसान धान सुकाउन व्यस्त देखिन्छन्।

यहाँका किसानले खुमल-६, खुमल-११, स्थानीय जातको ताइचिन र मन्सुलीका साथै डिवाई हाइब्रिड धान लगाउँदै आएका छन्। बढी फल्ने भएपछि किसान हाइब्रिड धानतर्फ आकर्षित भएका छन्। यो धान एक रोपनी खेतमा १२ देखि १४ मुरीसम्म फल्छ।

भक्तपुर देशकै औसतमा उच्च धान फल्ने जिल्ला भए पनि बढ्दो आबादीका कारण खेतीयोग्य जमिन घटेसँगै धानखेती पनि घट्दै गएको छ। हाल जिल्लामा १० हजार दुई सय ४० हेक्टर खेतीयोग्य जमिन छ। त्योमध्ये तीन हजार नौ सय २४ हेक्टर जमिनमा धानखेती गरिने र वार्षिक १९ हजार सात सय मेट्रिकटन धान उत्पादन हुने जिल्ला कृषि कार्यालयले जनाएको छ। - रासस

नागार्जुन : अमेरिका पठाइदिने प्रलोभनमा ठगी गर्ने नागार्जुन नपा-२ बस्ने दैलेख दुल्लु नपा-११ का ४० वर्षीय कुलबहादुर पन्तलाई प्रहरीले पक्राउ गरेको छ। उनले भुवनेश्वर अमात्यलाई अमेरिका पठाउने प्रलोभनमा ११ लाख ५० हजार रुपैयाँ लिएका थिए। त्यसयता उनी फरार थिए। खोजी गर्ने क्रममा उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो। उनलाई प्रहरीले वसुन्धराबाट पक्राउ गरेको हो।

टोखा : टोखा नगरपालिकाले नयाँ प्रशासकीय भवनबाट सेवा शुभारम्भ गरेको छ। नगरपालिका र जिल्ला समन्वय समिति काठमाडौंको १५ करोड ३८ लाख १५ हजार लागतमा उक्त भवन बनेको हो। नवनिर्मित सो भवनको जिल्ला समन्वय समितिका प्रमुख सन्तोष बुढाथोकी र टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले संयुक्त रूपमा आइतबार शुभारम्भ गरे। कार्यक्रममा जिल्ला समन्वय समितिका संयोजक बुढाथोकीले नयाँ भवन निर्माणसँगै सेवाग्राहीलाई सेवा लिन सहज हुने विश्वास व्यक्त गरे। टोखा नगरप्रमुख अधिकारीले टोखाको विकासका लागि नगरपालिका लागेको जनाउँदै सबैले साथ र सहयोग गर्न आग्रह गरे। उनले छरिएर रहेको सेवालाई नयाँ भवन निर्माणसँगै एकै ठाउँबाट प्रवाह गरिने बताए। १२ माघ ०७६ मा भवन निर्माण सम्झौता भए पनि सम्झौताभन्दा ढिलो गरी निर्माण पूरा भएको हो। ०७८ मा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण सुरु गरे पनि २५ असार ०८० मा सम्पन्न भएको थियो।

टेकु : पठाओ तथा इनड्राइभमा अफ लाइन ड्राइभ गर्ने ८३ सेयर राइडरलाई प्रहरीले पक्राउ गरेको छ। आपराधिक गतिविधिमा अफ लाइनमा सेयर राइडर प्रयोग हुने गरेको भेटिएपछि प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेका सबै सेयर राइडरको विवरण संकलनपछि प्रहरीले हिरासतमुक्त गरिसकेको छ। उनीहरूलाई तुरुन्तै कारबाही गर्न प्रहरीले सम्बन्धित कार्यालयमा पत्राचारसमेत गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी कुमुद ढुंगेलले भने, 'विभिन्न आपराधिक घटनामा अफ लाइन सेयर राइडर प्रयोग भएको भेटियो। त्यसो हुँदा उनीहरूलाई सचेत बनाउने उद्देश्यले यो कदम चालिएको हो। अबका दिनमा त्यस्तो नगर्न सचेत गराउँदै उनीहरूलाई छाडिएको छ।'

संक्षेपमा उपत्यका

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
वागमती प्रदेश, नेपाल

शिलवन्दी बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

सूचना प्रकाशित मितिः २०८०/०६/३०

यस गजुरी गाउँ कार्यपालिकाको कार्यालयबाट तपशिल बमाजिमको विवरण भएको कार्यहरु गर्न मिति २०८०/०५/१९ र २०८०/०५/२६ गतेको नयांपत्रिका राष्टिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका शिलवन्दी वोलपत्रहरु मध्ये निम्नानुसार न्युनतम मूल्यांकित वोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ।

सि. नं.	कामको विवरण	ठेक्का नं.	न्युनतम मुल्यांकित वोलपत्र दाताको नाम ठेगाना	कबोल अंक (मु.अ.कर समेत)
१.	लप्से साइकोष वडा कार्यालय चिउरी भन्ज्याङ भदौरे भस्मेखर्क भालुखोप पेटारे सडक	GRM/W/NCB-01/080/081	Indra & Sons Construction Pvt.Ltd ,Siddhalake-2 , Dhading	94,01,379.76
२.	धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती	GRM/W/NCB-02/080/081	R.G. and group construction Pvt.Ltd, Kathmandu -10, New Baneshore	44,57,469.94
३.	पोखरेखोला भस्मे जरेबगैंचा सडक स्तरोन्नती	GRM/W/NCB-03/080/081	Menaka Construction Pvt. Ltd. Tokha-3 , Kathmandu	1,09,85,296.85
४.	धोवीखोला अमले च्याङ्ली सडक स्तरोन्नती गजुरी १ र ५	GRM/W/NCB-04/080/081	R.G. and group construction Pvt.Ltd, Kathmandu -10, New Baneshore	1,08,34,370.94
५.	पिण्डेश्वरी मा.वि.भवन निर्माण	GRM/W/NCB-05/080/081	Roman and Rita Egineering Construction.Chandragiri-7, Kathmandu	1,05,67,485.79

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

उपत्यकाका शक्तिपीठहरूमा झिसमिसेदेखि नै भक्तजनको भिडभाड



संस्कृतिविद् गोविन्द टन्डन भन्छन्-

देवीका अनेका रूप छन्। रूपअनुसार फरक-फरक शक्ति दिने धार्मिक विश्वास र किंवदन्ती छ। देवीलाई शक्तिका प्रतीकका रूपमा लिइन्छ। नवरात्रमा शक्तिपीठको दर्शन गरे मनोकांक्षा पूरा हुने विश्वास र मान्यता छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

नवरात्र सुरु भएसँगै उपत्यकासहित देशैभरका शक्तिपीठहरूमा श्रद्धालु भक्तजनको भिड बढेको छ। शक्तिपीठका रूपमा रहेका काठमाडौंको कालिकास्थान, नक्साल भगवती, गुह्येश्वरी, शोभा भगवती, हनुमानढोका, दक्षिणकालीलगायत देवीका मन्दिरहरूमा बिहान सबैरैदेखि भक्तजनको भिड लाग्ने गरेको छ।

धार्मिक र प्रचलित मान्यताअनुसार देवीलाई तीन शक्ति महासरस्वती, महालक्ष्मी र महाकालीका रूपमा लिने गरिन्छ। महासरस्वतीको पूजा गर्दा ज्ञान र विद्या प्राप्त हुने विश्वास छ। महालक्ष्मीलाई सम्पत्तिकी अधिष्ठात्रीका रूपमा लिइन्छ भने महाकालीलाई इच्छाअनुसार शक्ति दिने महादेवीका रूपमा लिने गरिन्छ। पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्यसचिव तथा संस्कृतिविद् गोविन्द टन्डनका अनुसार देवीका अनेका रूप रहेको र उक्त रूपअनुसार फरक-फरक शक्ति दिने धार्मिक विश्वास र किंवदन्ती छ। 'देवीलाई शक्तिको प्रतीकका रूपमा लिइन्छ,' उनले भने, 'नवरात्रमा शक्तिपीठको दर्शन गरे मनोकांक्षा पूरा हुने विश्वास र धार्मिक मान्यता छ।' उनका अनुसार नवरात्रिको पहिलो दिन-शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघन्टा, चौथो दिन कुस्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदातृको पूजाआजा गर्ने गरिन्छ।



नक्सालस्थित भगवती मन्दिर। तस्बिर : नयाँ पत्रिका

यी हुन् विशेष शक्तिपीठ

उपत्यकाका तलेजु भवानी, दक्षिणकाली भगवती, गुह्येश्वरी, बज्रयोगिनी, बंगलामुखी, शोभा भगवती, विजेश्वरी, इन्द्रायणी नरदेवी, नक्साल भगवती, कंकेश्वरी, मैतीदेवी, कालिकास्थान, भद्रकालीसहितका पीठमा नवरात्रभर दिव्य पूजाआजा र भिडभाड हुने गर्छ। यस्तै रक्तकाली, मनमानेश्वरी, बज्रबाराही, दन्तकाली, जालपादेवी, छत्रेश्वरी, मनकामना, कमलाक्षी, गलेश्वरी, ज्वालापादेवी देवलहाट मन्दिर, मालिकादेवी, कालिकादेवी, बडी मालिकास्थान, चन्दननाथ दतात्रय, त्रिपुरासुन्दरी, शिरस्थानदेवी, खैरावाडदेवी, देवीस्थान भगवती, माइपोखरी, अर्घाकोट भगवती, स्वर्गद्वारी, विन्ध्यवासिनी, गढीमाई, पलाञ्चोक, कोडकडेनी देवी, छिन्ताङ भगवती, पाथीभरा देवी, पाथीभरा, छिन्नमस्ता भगवती, टुँडालदेवी, खाँचीकोट भगवतीलगायत देवीका मन्दिरहरूमा भक्तजनको भिड लाग्ने गर्छ।

आश्विन शुक्ल प्रतिपदा अर्थात् घटस्थापनाका दिन सबै शक्तिपीठ (देवीको मन्दिर)मा जमरा राख्ने गरिन्छ। यसै दिनदेखि सर्वसाधारणले पनि घरमा भएका हातहतियारलगायत सामग्रीहरू धोइपखाली पूजाआजा गर्ने चलन छ। किंवदन्तीअनुसार महिषासुर राक्षसको वध गरी भगवान् श्रीरामले रावणमाथि विजय प्राप्त गरेका थिए। दुर्गाले दैत्य चण्ड-मुण्ड तथा शुम्भ-निशुम्भलाई वध गरेको खुसीयालीस्वरूप दसैँ मनाउन थालिएको विश्वास छ।

शक्तिपीठमा पूजा गर्दा मनोकांक्षा पूरा हुने मान्यता रहेको संस्कृतिविद् पुरुषोत्तमलोचन श्रेष्ठको भनाइ छ। उनका अनुसार शक्तिपीठमा पुगेर उपासना वा पूजाआजा गर्दा शक्ति मिल्ने र मनोकांक्षा पूरा हुने विश्वास छ। शक्तिपीठको पूजा गर्दा राष्ट्रको भलोका साथै व्यक्तिलाई ऊर्जा, शक्ति, आँट र सम्पत्ति आर्जन हुन्छ।'

उपत्यकाबाहिर अधिकांश देवीका मन्दिर पनि नवरात्र सुरु भएसँगै भरिभराउ हुन थालेका छन्। अग्लो स्थान वा देवीको मन्दिरका यी ठाउँलाई कोट भन्ने गरिन्छ। कोटहरूमा पनि भक्तजनहरूको भिड लाग्ने गरेको छ। पश्चिम क्षेत्रका केही जिल्लामा देवीको आलम निकालेर 'सराय नाच' प्रदर्शन गर्ने चलन पनि छ। गुल्मी, अर्घाखाँची, पाल्पा, प्युठानलगायत जिम्मामा देखाइने यो नाच दशमीका दिनदेखि सुरु हुन्छ।

६ महिनामा मधेशमा २४ करोडका तस्करीका सामान बरामद



काठमाडौं/ सशस्त्र प्रहरी बलले पछिल्लो ६ महिनामा करिब २४ करोड रुपैयाँबराबरका तस्करीका सामान बरामद गरेको छ। छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका अनुसार सीमामा कडाइ गर्दा तस्करी नियन्त्रणमा सफलता मिलेको हो।

गत चैतदेखि १५ असोजसम्म २० करोड ७७ लाख ६ हजार एक सय ४४ रुपैयाँबराबरको चोरीपैठारीको लत्ताकपडा, मोटर पार्ट्स, सवारीसाधनलगायत तस्करीका सामान नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ। त्यस्तै, एक करोड एक लाख ४४ हजार तीन सय ९३ रुपैयाँबराबरको पशुचौपाया, स्रोत नखुलेको ९९ लाख चार हजार तीन सय १५ नेपाली रुपैयाँ, २८ लाख १७ हजार तीन सय १५ भारुसमेत बरामद भएको छ। यस अवधिमा ७९ लाख ४२ हजार ६ सय ५० रुपैयाँबराबरको काठ र आठ लाख ४८ हजार पाँच सय ५३ रुपैयाँबराबरको सुन तथा चाँदी बरामद भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए। त्यस्तै, अपराध नियन्त्रणमा पनि सफलता हात परेको सशस्त्र प्रहरीको दाबी छ। सोही अवधिमा करिब एक हजार तीन केजी गाँजा, ३७.७१ केजी चरेश, पाँच हजार सात सय सातवटा विभिन्न किसिमका लागुऔषध (नर्फिन, फेनार्गन, डाइजेपाम, कोरेक्स, सिरिन्ज, नाइट्रोभेट) ट्याब्लेट बरामद भएको छ।

चार नाल हतियार, २० वटा गोली, दुईवटा म्याग्जिन र १२ वटा कार्टिज पनि सशस्त्र प्रहरीले बरामद गरेको छ। भारतमा बेचबिखन गर्न लगिएका २० जना नेपाली चेलीबेटीको उद्धार गरी त्यसमा संलग्न रहेका एक सय १० जनालाई पक्राउ गरिएका सहप्रवक्ता थापाले जानकारी दिए। चोरीपैठारीलगायतका कार्यमा प्रयोग भएका ६ सय ४६ वटा विभिन्न कम्पनीका सवारीसाधनसमेत बरामद गरी भन्सार दाखिला गरेको छ। दसैँ, तिहार तथा छठको मौका छोपी सिमानामा हुन सक्ने चोरी तस्करी नियन्त्रणका लागि विशेष योजना बनाई सशस्त्र प्रहरी परिचालन गरिएको बाहिनीले जनाएको छ। सशस्त्रले चाडपर्वलाई लक्षित गरी नागरिक सहायता कक्ष पनि सञ्चालनमा ल्याएको छ।

एक हजार ६ सय कैदीले भोलिदेखि जेलबाहिरै सजाय भुक्तान गर्ने

दुईतिहाइ सजाय भुक्तान गरिसकेको र आचरण पनि राम्रो भएका कैदीले यो सुविधा पाउने

टेकराज थामी/नयाँ पत्रिका

सरकारले देशभरका विभिन्न कारागारमा रहेका एक हजार ६ सय कैदीलाई कारागारबाहिरै बसेर कैद सजाय भुक्तान गर्न सक्ने सुविधा दिने तयारी गरेको छ। कारागार व्यवस्था विभागले यस्ता कैदीको विवरण संकलन गरी गृह मन्त्रालय पठाएको छ।

सरकारले निश्चित मापदण्ड पुगेका कैदीलाई प्रोबेसन वा प्यारोल (सुपरिवेक्षणमा कैदीलाई कारागारबाट छाड्ने) मा राख्ने निर्णय गरेपछि मुलुकभरका एक हजार ६ सय कैदीले यो सुविधा उपभोग गर्न सक्ने भएका हुन्। दुईतिहाइ सजाय भुक्तान गरिसकेको र आचरण पनि राम्रो भएका कैदीले १ कात्तिकबाटै यो सुविधा पाउनेछन्।

विभागका प्रवक्ता कमलप्रसाद पाण्डेले प्यारोलमा राखिने कैदीको विवरण संकलन भइसकेको र पहिलो चरणमा एक हजार ६ सयले सुविधा उपभोग गर्न पाउने बताए। 'सरकारले मापदण्ड पुगेका कैदीलाई प्यारोलमा राख्ने निर्णय गरेको छ। सोहीअनुसार विवरण संकलन भएको छ। मुलुकभरबाट एक हजार ६ सय कैदीको विवरण संकलन भएको छ। उनीहरूलाई १ कात्तिकदेखि प्यारोलमा राख्ने तयारी भइरहेको छ। दुईतिहाइ सजाय भुक्तान गरिसकेको र आचरण राम्रो भएको कैदीले यस्तो अवसर पाउनेछन्।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन ०७४ ले कैदीका लागि सुधारात्मक दण्ड सजायको व्यवस्था गरेको छ। यसका लागि कैदीले तोकिएको मापदण्ड भने पूरा गरेकै हुनुपर्छ। सोही व्यवस्थाअनुसार नेपालको कानुनमा पहिलोपटक कैदीलाई प्राबेसन वा प्यारोलमा राख्ने व्यवस्था गरिएको थियो। जसअनुसार सजाय भुक्तान अवधिभित्रै प्यारोल अधिकृतको निगरानीमा कैदी कारागारबाहिर रहन पाउँछ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन ०७४ को दफा २९ मा छ, 'एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुईतिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित प्रोबेसन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्नेछ।'

नयाँ संविधान जारी भएपछि बनेका मुलुकी अपराध संहिता, मुलुक देवानी संहिता, मुलुकी फौजदारी संहिता जारी भएकै मितिबाट कार्यान्वयनमा आएका छन्। तर, एकैदिन जारी भएको फौजदारी कसुर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन सर्वोच्चको आदेशपछि पनि कार्यान्वयन हुन सकेको थिएन।

कार्यविधि नबन्दा मापदण्ड पूरा गरेका कैदीलाई खुला कारागारमा राख्ने, सामुदायिक सेवामा परिचालन गर्ने, पारिवारिक मिलान गराउने, सुधार गृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सक्नेजस्ता कानुनले दिएको सुविधा कार्यान्वयनमा आउन सकेको थिएन। त्योसँगै कानुनले मापदण्ड पूरा गरेका कैदीबन्दीलाई सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद सजाय भुक्तान गर्न सक्ने, कैदबापत शारीरिक श्रममा लगाउन सक्ने, कारागारबाहिर जान सक्ने, कैद कट्टा हुन सक्ने सुविधा पनि दिएको छ। कार्यविधि नबन्दा कानुनका यी व्यवस्था पनि कार्यान्वयनमा आउन सकेका थिएनन्।



लामो अवधि कानुन कार्यान्वयन नभएपछि सर्वोच्च अदालतमा सरकारविरुद्ध मुद्दा परेको थियो। सोही मुद्दामा सर्वोच्चले २ मंसिर ०७८ मा मापदण्ड पूरा गरेका कैदीलाई प्रोबेसन वा प्यारोलमा राख्न आवश्यक संरचना र त्यसका लागि आवश्यक बजेट तीन महिनाभित्र विनियोजन गर्न सरकारका नाममा आदेश गरेको थियो। साथै, सर्वोच्चले मातहतका सबै अदालतमा १५ दिनभित्र प्रोबेसन वा प्यारोल अधिकृत तोक्न पनि आदेश गरेको थियो। तर, तीन वर्ष बितिसक्दा पनि सरकारले सर्वोच्चको दुवै आदेश कार्यान्वयन गर्न सकेको थिएन।

कैदीलाई प्यारोलमा राख्ने सम्बन्धमा प्यारोल बोर्ड गठन गर्ने कानुनी प्रावधान छ। कानुनअनुसार बोर्डको संयोजक महान्यायाधिवक्ता रहन्छन् भने सदस्यसचिव विभागको महानिर्देशक हुने व्यवस्था छ। पछिल्लोपटक सोही बोर्डले मापदण्ड पुगका कैदीलाई प्यारोलमा राख्ने निर्णय गरेको थियो। निर्णय सदर गर्न बोर्डले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रस्ताव लिएर गएको थियो। मन्त्रालयको उक्त प्रस्ताव सदरार्थ मन्त्रिपरिषद् बैठकमा पेस गरिएको थियो। गत १६ असोजमा प्रस्ताव सदर गर्दै मन्त्रिपरिषद् बैठकले १ कात्तिकदेखि नै मापदण्ड पुगेको कैदीलाई प्यारोलमा राख्ने निर्णय गरेको थियो। जसका लागि सरकारले सम्बन्धित कारागार प्रशासकलाई नै प्यारोल अधिकृत तोक्ने निर्णय गरेको छ।

■ के हो प्रोबेसन वा प्यारोल ?

प्रोबेसन वा प्यारोल सुधारात्मक दण्ड सजायको एउटा रूप हो। यो सुविधा लिई छुटेका कैदी पूर्ण तवरले कैदमुक्त भने भएका हुँदैनन्। उनीहरू सरकारले तोकेको सुपरिवेक्षकको निगरानीमा कारागारबाहिर रहन्छन्। यस क्रममा उनीहरूले श्रम गर्न सक्छन्। पुनर्स्थापित हुन सामाजिक कार्यमा आबद्ध हुन सक्छन्। परिवारसँग पुनर्मिलन हुन सक्छन्। यसका लागि उसले अदालतले तोकेको सजायको दुईतिहाइ अवधि भने कारागारमै बसेर भुक्तान गरेको हुनुपर्छ। सँगै उसको आचरण पनि राम्रो हुनुपर्छ। यस्तो कैदीलाई प्रोबेसन वा प्यारोल बोर्डको सिफारिसमा सम्बन्धित अदालतले प्यारोलमा राख्न सक्छ। यस अवधिमा ऊ तोकिएको मापदण्डभित्र रहनै पर्छ। मापदण्ड उल्लंघन गरे उसलाई बोर्डले पुनः कारागारमा फिर्ता गर्न सक्छ।

■ ऐन कार्यान्वयन हुँदा कारागारमा घट्छ चाप

देशका ७४ कारागारमा असार मसान्तसम्मको तथ्यांकअनुसार २७ हजार नौ सय ५० कैदीबन्दी छन्। ७४ कारागारको क्षमता १७ हजार कैदीबन्दीको मात्रै छ। यस आधारमा कारागारको कुल क्षमताभन्दा ३९.१७ प्रतिशत अर्थात् १० हजार नौ सय ५० कैदीबन्दी धेरै छन्। नेपाल प्रहरीको तथ्यांक हेर्दा प्रत्येक वर्ष १६.९० प्रतिशतका दरले अपराध बढिरहेकाले यो दर आगामी दिनमा अझ बढ्ने सम्भावना छ। कानुनले व्यवस्था गरेको सुधारात्मक दण्ड सजाय कार्यान्वयनमा आउन सके कारागारमा कैदीबन्दीको चाप केही कम हुने अधिकारीहरूको विश्वास छ।

■ यी मुद्दाका प्रतिवादीले पाउनेछैनन् प्यारोल सुविधा

जन्मकैद, भ्रष्टाचार, जबरजस्ती करणी, तेजाब हमला, मानव बेचबिखन, संगठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना, मानवताविरुद्धको अपराधजस्ता नकारात्मक सूचीका अपराधमा संलग्न कसुरदारको हकमा यो सुविधा लागू नहुने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन ०७४ ले स्पष्ट गरेको छ। यसअनुसार जन्मकैदको सजाय पाएको, भ्रष्टाचारको कसुरमा सजाय पाएको, जबर्जस्ती करणीको कसुरमा सजाय पाएको, तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गरी ज्यान मारेको वा अंगभंग गरेको कसुरमा सजाय पाएको, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरमा सजाय पाएको र संगठित अपराधसम्बन्धी कसुरमा सजाय पाएको कैदीले प्यारोल सुविधा पाउनेछैनन्। यसबाहेक सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सजाय पाएको, यातना वा क्रुर, निर्मम, मानवीय वा अपमानजनक व्यवहारसम्बन्धी कसुरमा सजाय पाएको, मानवताविरुद्धको अपराधसम्बन्धी कसुरमा सजाय पाएको र राज्यविरुद्धको अपराधसम्बन्धी कसुरमा सजाय पाएको कैदीले पनि प्यारोल सुविधा पाउनेछैनन्।

अब वडाबाटै मतदाता नामावली दर्ता

नामावली दर्ताका लागि स्थानीय तहलाई सार्वजनिक सूचनामार्फत आह्वान गर्दै निर्वाचन आयोग

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले स्थानीय तहबाट मतदाता नामावली संकलन तथा अद्यावधिक गर्न पाउने गरी कार्यविधिको मस्यौदा तयार पारेको छ। सरोकारवालाको सुझाव संकलनका लागि आयोगले सोमबार सार्वजनिक गरेको मस्यौदामा वडा कार्यालयबाटै मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्न सकिने व्यवस्था राखिएको छ।

प्रस्तावित 'स्थानीय तहमार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि २०८०' को दफा ३ मा निर्वाचन आयोगबाट अनुमति लिएर स्थानीय तहले वडाबाट मतदाता नामावली दर्ता गर्न सक्ने प्रावधान राखिएको छ। 'कुनै स्थानीय तहले निर्वाचन कार्यालयमार्फत आयोगबाट अनुमति लिई आफ्नो पालिकाको केन्द्रबाट मतदाता नामावली दर्ता गर्न वा गराउन सक्नेछ। साथै, आवश्यक स्रोत र साधनको उपलब्धतासमेतका आधारमा वडा कार्यालयबाट समेत मतदाता नामावलीमा नाम दर्ता गर्न सक्नेछ,' मस्यौदाको दफा ३ मा भनिएको छ।

कार्यविधिको मस्यौदामा मतदाता नामावली दर्ताका लागि आयोगले स्थानीय तहलाई सार्वजनिक सूचनामार्फत आह्वान गर्ने र त्यसपछि स्थानीय तहले कार्यपालिकाको निर्णयसहित सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ। 'निवेदन प्राप्त भएपछि निर्वाचन कार्यालयले आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा आफ्नो रायसुझावसहित अनुमतिका लागि निर्वाचन आयोगमा पठाउनुपर्नेछ,' मस्यौदाको दफा ५ मा भनिएको छ। आयोगले पनि आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा स्थानीय तहलाई मतदाता नामावलीमा नाम दर्ता गर्न अनुमतिपत्र दिने व्यवस्था गरिएको छ।

मस्यौदामा उल्लेख भएअनुसार वडा कार्यालयमा मतदाता नामावली दर्ता गर्नुपर्ने भएमा सम्बन्धित वडाले पालिकाको कार्यपालिकामा विवरण भरेर बुझाउनुपर्नेछ। त्यसपछि कार्यपालिकाले निर्णय गरेर निर्वाचन कार्यालयमा अनुमतिका लागि निवेदन पठाउनेछ। निवेदनमा आवश्यक जाँचबुझ गरी निर्वाचन कार्यालयले वडालाई मतदाता नामावली दर्ता गर्न अनुमति दिन सक्नेछ। निर्वाचन कार्यालयको अनुमतिमा पालिकाले कुनै वडामा घुम्ती शिविरमार्फत पनि मतदाता नामावली दर्ता कार्य सञ्चालन गर्न सकिने व्यवस्थामा मस्यौदामा राखिएको छ।



● **सूर्यप्रसाद अर्याल**, सहायक प्रवक्ता, निर्वाचन आयोग

विदेश वा स्वदेशमा रहेका नेपाली नागरिक, सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरूले कात्तिक मसान्तभित्र मस्यौदामा रहेका व्यवस्था थप परिमार्जन वा सुधारका लागि सुझाव दिन सक्नुहुनेछ।

मस्यौदामा अनलाइनमार्फत पनि मतदाता नामावली दर्ताको विवरण भर्न पाउने र जैविक (बायोमेट्रिक) विवरण लिन पालिका वा वडा कार्यालयमा भौतिक रूपमा उपस्थित हुनुपर्ने व्यवस्थासमेत छ। यसको मिति भने मतदाता आफैंले अनलाइनमार्फत तय गर्न पाउनेछन्। मतदाता नामावली दर्ता गर्ने कर्मचारी निर्वाचन कार्यालयको अनुमतिमा स्थानीय तहले खटाउनेछ। स्थानीय तहमा दर्ता भएका नामावलीको विवरण आयोगमा पठाउनुपर्नेछ। आयोगले नामावली एकीकृत गर्नेछ।

कार्यविधिको मस्यौदामा मतदाता नामावली दर्ता कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न, आवश्यक निर्देशन दिन, समन्वय तथा अनुगमन गर्न आयोगका सचिवको नेतृत्वमा केन्द्रीय समन्वयन तथा अनुगमन समिति रहने व्यवस्था गरिएको छ। यसैगरी, जिल्लामा जिसस प्रमुखको संयोजकत्वमा जिल्ला समन्वय तथा अनुगमन समिति रहने भनिएको छ। स्थानीय तहमा हुने मतदाता नामावली दर्ताको व्यवस्थापन तथा अनुगमनका लागि पालिका प्रमुखको संयोजकत्वमा व्यवस्थापन तथा अनुगमन समितिको परिकल्पना कार्यविधिमा गरिएको छ।

● अद्यावधिकको व्यवस्था

कार्यविधिको मस्यौदामा स्थानीय तहबाटै अद्यावधिकको व्यवस्थासमेत गरिएको छ। दफा २२ भनिएको छ, 'दर्ता अधिकारी वा कर्मचारीले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आफ्नो वा एकाघरको मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन, एकभन्दा बढी स्थानमा नाम रहेको भए एक ठाउँको नाम कायम राख्न, मतदाताको नाम मतदाता नामावलीबाट हटाउन, विवाह वा बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका नागरिकहरूको विवरण सच्याउन वा हटाउनुपरेमा आयोगको वेबसाइटमा रहेको अनलाइन फाराम भरी आवश्यक प्रमाण प्रविष्ट गरी विवरण अद्यावधिक गर्न सकिने व्यहोराको सूचना सम्बन्धित व्यक्ति वा सरोकारवालालाई दिनुपर्नेछ।' साथै, निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गर्ने समयमा स्थानीय तहसँग मृत्यु दर्ता, विवाह दर्ता, बसाइँसराइका प्रमाणपत्रलगायतका अन्य प्रमाण माग गरेमा सम्बन्धित पञ्जिकाधिकारीसँग समन्वय गरी पालिकाले यथाशीघ्र उपलब्ध गराउनुपर्ने भनिएको छ। मतदाताको विवरणमा त्रुटि भएमा स्थानीय तह वा वडा कार्यालयमा निवेदन दिएर सच्याउन सकिनेछ।

● आयोगलाई विवरण बुझाउने

कार्यविधिको मस्यौदमा उल्लेख भएअनुसार स्थानीय तहबाट नामावली दर्तापछि निर्वाचन कार्यालयले विवरण आयोगमा पठाउनेछ भने आयोगले प्राप्त भएको मतदाता नामावलीसम्बन्धी विवरणलाई पुष्टि गरेर आफ्नो वेबसाइटमार्फत अन्तिम मतदाता नामावली प्रकाशन गर्नेछ। साथै, स्थानीय तहबाट तोकिएको नामावली दर्ता अधिकारीले दर्ता गरिएका नामावलीको विवरण अर्धवार्षिक रूपमा तयार गरी सोको प्रतिवेदन निर्वाचन कार्यालयमा पठाउनुपर्नेछ। प्राप्त प्रतिवेदनको संक्षिप्त प्रतिवेदन तयार गरी निर्वाचन कार्यालयले आयोगमा पठाउनुपर्ने व्यवस्था राखिएको छ।

निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यलाई सरल, सहज र नागरिकको पहुँचयोग्य तुल्याउन तथा मतदाता नामावलीमा थप शुद्धता कायम गर्न स्थानीय तहबाटै मतदाता नामावली दर्ता र अद्यावधिक गर्न लागिएको बताए। यसका लागि कार्यविधि निर्माणमा आयोग लागेको र मस्यौदा तयार पारी सरोकारवालाहरूको सुझाव संकलन गर्न लागिएको उनको भनाइ छ। 'विदेश वा स्वदेशमा रहेका नेपाली नागरिक, सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरूले कात्तिक मसान्तभित्र मस्यौदामा रहेका व्यवस्था थप परिमार्जन वा सुधारका लागि सुझाव दिन सक्नु हुनेछ,' उनले भने।

सबडिभिजन वन कार्यालय तीन महिनादेखि प्रमुखविहीन

रामेछाप/ डिभिजन वन कार्यालय रामेछापअन्तर्गतको सबडिभिजन कार्यालय ठोसे तीन महिनादेखि अधिकृतविहीन भएको छ। कार्यालय प्रमुख सहायक वन अधिकृत दीपक रिमाल तीन महिनादेखि कार्यालय गएका छैनन्। गत ६ साउनमा कार्यालयबाट हिँडेका रिमाल अझै कार्यालय नफर्किएपछि सेवाग्राही मर्कामा परेका छन्।

अधिकृत रिमालले कार्यालयको हाजिर कपीमा भने भदौ महिनासम्मको हाजिरी गरेको भेटिएको सबडिभिजन कार्यालय ठोसेका एक कर्मचारीले जानकारी दिए। कार्यालयका अन्य कर्मचारी पनि आ-आफ्नो कामले बाहिर हिँडेपछि कार्यालयमा ताला लगाउनुपरेको उनले जानकारी दिए। कर्मचारी नहुँदा खाली हात फर्कन बाध्य हुनुपरेको गोकुलगंगा गाउँपालिका-२ ठोसेका मणिराज कार्कीले बताए। उनले भने, 'तीन महिनादेखि कार्यालय बन्द छ। नागरिकले सेवा पाउनुको सट्टा उल्टो दुःख खेप्न बाध्य हुनुपरेको छ।'



दीपक रिमाल

अधिकृत रिमालले गत आर्थिक वर्षमा गोकुलगंगा गाउँपालिका- २ ठोसेको जलकाली सामुदायिक वनमा वृक्षरोपणका लागि डिभिजन वन कार्यालयमार्फत गएको पैसा वृक्षरोपण नै नगरी हिनामिना गरेको आरोप पनि स्थानीयले लगाएका छन्। अर्का स्थानीय मणिराज कार्कीले आर्थिक अनियमिततालगायत विभिन्न विवादमा परेपछि स्थानीय उपभोक्ताले मोसो दल्ने तयारी गरेको थाहा पाएर रिमालले कार्यालय छाडेको र अहिलेसम्म नफर्किएको बताए।

सहायक वन अधिकृत रिमाल कार्यालयमा नबस्दा समस्या भएको डिभिजन वन कार्यालय रामेछापका डिभिजन वन अधिकृत ओमसागर भण्डारीले बताए। उनले भने, 'साउन महिनादेखि उनी कार्यालयमा फर्किएका छैनन्। कार्यालयमा नबस्दा उत्तरी क्षेत्रका नागरिकले दुःख पाएको सत्य हो। के-कति कारणले कार्यालयमा नबसेको हो सो विषयमा तत्काल जानकारी गराउनु भनी स्पष्टीकरण माग गरेकोमा प्रतिउत्तरसमेत नदिएकाले थप पत्राचार गर्ने तयारी भइरहेको उनले बताए। उपभोक्तासँग रकम माग गरेर दुःख दिने गरेको, कार्यालयमा बस्दै नबसी हाजिरी गर्ने गरेको लगायत विषयमा सहायक वन अधिकृत रिमालसँग जानकारी लिन पटक-पटक टेलिफोन गर्दा उनीसँग सम्पर्क हुन सकेन।

बाजुराका भूकम्पपीडितको गुनासो

त्रिपाल आयो, तर छाक टार्न राहत आएन



● **दिलबहादुर रावत**, अध्यक्ष, खप्तड छेडेदह गाउँपालिका

तत्काल वास बस्न रेडक्रस, युनिसेफलगायतका केही निकायबाट पालको व्यवस्थापन भएको छ। पीडितहरूका लागि तत्काल वासको व्यवस्थापन गर्न सके पनि गाँसको व्यवस्थापन गर्न सकिएको छैन।

बाजुरामा **गगन अयडी**

बझाङ केन्द्रबिन्दु भएर गत १६ असोजमा बाजुरामा गएको भूकम्पपीडित खाद्यान्न संकट व्यहोर्न बाध्य छन्। पीडितहरूका लागि तत्काल त्रिपालको व्यवस्था भए पनि अहिलेसम्म कसैले खाद्यान्नको व्यवस्था गर्न नसकेको उनीहरूको गुनासो छ। भूकम्पले बाजुरामा सात सय २६ घर भत्किएका छन्। झन्डै साढे दुई हजार घरलाई आंशिक क्षति गरेको छ।

भूकम्प गएको चार दिनसम्म उद्धार र राहत वितरणका लागि कोही नआउँदा खुला आकाशमुनि बसेर दिन काट्न बाध्य भएको पीडितहरूको गुनासो छ। अहिले स्थानीय सरकारको समन्वयमा विभिन्न निकायबाट त्रिपाल पाएको खप्तड छेडेदह गाउँपालिका- ४ की सुन्दरा रावतले बताइन्। बस्नलाई वास भए पनि सरकारले गाँसको व्यवस्था गर्न नसकेको उनको दुखेसो छ। भूकम्पले घरभित्र रहेका सबै अन्न र कपडा च्यापेकाले अहिले आफूहरू खोलाको साग र सिस्नु खाएर गुजारा गरिरहेको उनले दुखेसो पोखिन्।

भूकम्प गएको दुई साता बितिसक्दा पनि सरकारले खानेकुरा र बस्ने वासको कुनै व्यवस्था नगरेको खप्तड छेडेदह गाउँपालिका- ५ दाउरेगडाकी ७५ वर्षीया नन्दा सार्कीले बताइन्। आफूहरूजस्ता भूकम्पपीडितहरूका लागि कोही नभएको उनको भनाइ छ।

सबैभन्दा बढी प्रभावित रहेको खप्तड छेडेदह गाउँपालिकाका विभिन्न वडाका साढे चार सय परिवारलाई त्रिपाल, कम्बललगायतका राहत सामग्री पहिलो चरणमा वितरण गरिएको गाउँपालिका अध्यक्ष दिलबहादुर रावतले जानकारी दिए। 'अहिले तत्काल वास बस्न रेडक्रस, युनिसेफलगायतका केही निकायबाट पालको व्यवस्थापन भएको छ। पीडितहरूका लागि तत्काल वासको व्यवस्थापन गर्न सके पनि गाँसको व्यवस्थापन गर्न सकिएको छैन,' उनले भने। भूकम्पबाट ठूलो क्षति भएकाले पनि पालिकाले सबैका लागि छिटो व्यवस्थापन गर्न नसकेको उनको भनाइ छ।

खप्तड छेडेदह गाउँपालिकामा भूकम्पका कारण १२ हजारभन्दा बढी मानिस प्रभावित भएका छन्। जसमध्ये ६ हजार बालबालिका, पाँच सयभन्दा बढी गर्भवती महिला, दुई सयभन्दा बढी वृद्धवृद्धा, एक सयभन्दा बढी अपांगता र चार हजार विद्यार्थी विस्थापित रहेको गाउँपालिका अध्यक्ष रावतले बताए। रेडक्रस सोसाइटी, युनिसेफ र युएनएफएले पीडितहरूका लागि त्रिपाल, कम्बल र केही भाँडाकुँडा वितरण गरेका छन्। तर, खाद्यान्न भने अहिलेसम्म कसैले वितरण नगरेको पीडितहरूको दुखेसो छ।

गाउँपालिकामा १४ भन्दा बढी विद्यालयका भवन भत्किएकाले विद्यार्थीहरूको पठनपाठन प्रभावित भएको छ। मष्टेश्वरी माध्यमिक विद्यालयमा कक्षा आठमा अध्ययनरत छात्रा गीता सार्कीले घरमै कापीकलम, स्कुल ड्रेसलगायत पुरिएकाले पठनपाठनमा समस्या भएको बताइन्। कक्षा १० मा अध्ययनरत छात्र नरबहादुर रावतले भने विद्यालय भवन भूकम्पले पूर्णरूपमा क्षति गर्दा आफूहरू खुला आकाशमा पढ्न बाध्य भएको बताए। 'बाहिर पानी परेको दिन भूकम्पले भत्काएर केही बाँकी रहेको भवनको कोठाभित्र बस्नुपर्ने बाध्यता छ,' उनले भने। फेरि भूकम्प कति वेला आउँछ भन्ने डरले आफूहरू त्रासमा रहेको उनीहरूको भनाइ छ।

बाजुराका प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलका अनुसार खप्तड छेडेदह गाउँपालिकामा चार सय ६१, बुढीगंगा नगरपालिकामा एक सय सय २६, बडिमालिका नगरपालिकामा एक सय १४ र त्रिवेणी नगरपालिकामा २५ घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। प्रशासनका अनुसार खप्तड छेडेदहका एक हजार नौ सय ७२, त्रिवेणीका तीन सय २५ र बडिमालिकाका एक सय ३७ घरमा आंशिक क्षति पुगेको छ।

रास्वपालक्षित ओलीको टिप्पणी

झिल्केहरूबाट जनतालाई भ्रममुक्त बनाउनुपर्छ



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले नीति, सिद्धान्त, इतिहास योगदान, अनुभव केही पनि नभएका झिल्केहरूबाट जनतालाई भ्रममुक्त बनाउनुपर्ने बताएका छन् । एमाले विशेष प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरूका लागि सोमबार ललितपुरमा आयोजित कार्यक्रममा उनले त्यस्तो बताएका हुन् ।

'आज अनेक प्रकारका तत्त्वहरू सल्बलाइरहेका छन् । बलिदान एकाथरीले दिन्छन्, तर त्यो त्याग र बलिदानको उपहास गरेर एकाथरी तत्त्व बडा गज्जबको झिल्के कुरा गर्दै निस्किन्छन् । झिल्के कुराका भरमा जनता अलमल्याउन खोज्छन्,' ओलीले भने, 'बजारमा गएर उम्मेदवार खोजेर, हात उठाएका भरमा छानिएकालाई जनताले भोट हालिदिन्छन् । हाम्रो कमजोरी हो त्यो । यस्तो झिल्के कुरा गर्नेहरूले जनतालाई अलमल्याइरहेका छन् । अरू केही पार्टी त विषै छर्ने पार्टीहरू छन् । उनीहरूको भ्रमबाट जनतालाई मुक्त गर्नुपर्छ ।'

पार्टीहरू नयाँ र पुरानो भन्ने विषय उसको नीति र भूमिकामा भर पर्ने भन्दै ओलीले समयानुकूल अद्यावधिक गर्दै मुलुक र जनताको मुद्दा बोक्ने पार्टीले नै देशको नेतृत्व गर्ने बताए । तर, कांग्रेसले भने आफूलाई नीति र विधिअनुसार नचलाएर पुरानो पार्टीमा रूपान्तरित गरिसकेको ओलीको भनाइ थियो ।

'पार्टी पुरानो, बुढो हुन्छ । पार्टीको आयु हजारौं वर्ष हुन्छ । तर, त्यसले आफूलाई अद्यावधिक गर्‍यो भने, गरेन भने माथिबाट खोलो आउन छोड्यो भने सुकेन, सुकिहाल्छ नि । मुहानबाट पानी आइराख्नुपर्छ, खोलो निरन्तर बगिराख्नुपर्छ,' उनले भने, 'हामीले नेपाली कांग्रेसलाई देखिरहेका छौं, हुन त दसैंको वेला भन्नु त्यति राम्रो त होइन । उहाँहरूका बारेमा मैले नराम्रो त केही पनि भनेको छैन । पार्टी कसरी बुढो हुन्छ भन्दा कांग्रेसजसरी । कांग्रेसमा नीति छैन, महाधिवेशन हुन्छ, नीति छैन । उहाँहरूले विधि, नीति कहिले बनाउनुभयो ? कुन लोकतान्त्रिक अभ्यासबाट आउनुभयो । मान्छे छान्नु मात्र लोकतन्त्र होइन, नीतिविनाको, विधिविनाको मान्छे छनाइ, के छनाइ ?' उनले मिसन ८४ पूरा गर्न पार्टीलाई एकल बहुमतमा पुर्‍याउने गरी परिचालित हुन नेता-कार्यकर्तालाई निर्देशनसमेत दिए ।

सुदूरपश्चिममा समाजवादी मोर्चाको सन्देश सभा

भ्रष्टाचारका अरू फाइल पनि छिट्टै खुल्छन् : प्रधानमन्त्री



धनगढीमा **तेजराज भट्ट**

प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारले भ्रष्टाचार काण्डका अरू फाइल पनि खोल्न लागेको बताएका छन् । समाजवादी मोर्चाले आइतबार धनगढीमा गरेको सुदूरपश्चिम प्रदेशस्तरीय सन्देश सभामा उनले भ्रष्टाचारविरुद्ध एकपछि अर्को कदम चाल्दै सरकार सुशासनको पक्षमा अगाडि बढिरहेको बताए ।

'हामीले नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दाको गम्भीररूपमा अनुसन्धान गर्‍यौं र त्यो प्रक्रिया अझै टुंगिएको छैन । निर्दोष नपरून्, दोषी उम्कन नपाओस् भनेर ललितानिवास जग्गा प्रकरणबारेमा पनि नयाँ शिराबाट अध्ययन गर्‍यौं । सुन तस्करीका बारेमा तपाईंहरूले देख्नुभएकै छ,' प्रचण्डले 'मैले यहाँ धेरै भन्न मिल्दैन, अरू पनि केही फाइल छिट्टै खुल्दै छन् ।' सरकारले थालेको सुशासनको पक्षमा र भ्रष्टाचारविरोधी अभियान नरोकिने पनि उनले बताए ।

रोजगारका लागि विदेश गएका लाखौं नेपाली र उनीहरूको सन्ततिको भविष्य सुनिश्चित गर्न सरकारले सामाजिक सुरक्षा कोषको घोषणा गरेर कार्यान्वयन थालेको उनले बताए । सामाजिक सुरक्षाको क्षेत्रमा सरकारले चालेको यो महत्त्वपूर्ण कदम भएको उनले दाबी गरे । स्वदेशमा अनौपचारिक र स्वरोजगारका क्षेत्रमा काम गर्ने श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने घोषणा सरकारले गरेको उनले बताए । कोषमा अहिले विदेशमा रहेका झन्डै चार लाख नेपाली आबद्ध भइसकेका जानकारी दिँदै उनले एक महिनाभित्र ३० लाख नेपाली आबद्ध हुने विश्वास व्यक्त गरे । 'समाजवादको आधार तयार पार्ने, धनीलाई धेरै धनी बन्न नदिने र गरिबलाई धेरै गरिब बन्न नदिने काम हो यो,' प्रचण्डले भने ।

जनताका पक्षमा समस्या देखापर्नेबित्तिकै तुरुन्तै पहल लिने जमर्को सरकारले गरेको प्रधानमन्त्रीको दाबी छ । बझाङमा भूकम्प जाँदा आफैं त्यहाँ पुगेर पीडितलाई राहत र क्षतिग्रस्त संरचना पुनर्निर्माणको घोषणा गरेको उनले बताए । त्यस्तै, इजरायलबाट नेपाली नागरिक फिर्ता ल्याउने काममा पनि सरकारले तत्कालै तदारुकता देखाएको उनले बताए । 'इजरायलमा सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययनरत १० जना होनाहार युवा विद्यार्थीको हत्या भयो । हत्या अरू देशका नागरिकको पनि भएको छ, तर आफ्नै जहाज पठाएर नेपाली नागरिक फिर्ता ल्याउने नेपाल पहिलो देश हो,' उनले भने ।

सुशासन, भ्रष्टाचारविरोधी, सामाजिक न्याय र जनताको पक्षमा सरकारले महत्त्वपूर्ण काम गर्दा प्रतिपक्षी एमाले आत्तिएर गठबन्धन भत्काउने कोसिसमा लागेको प्रचण्डको आरोप छ । 'सरकारले सुशासन र सामाजिक न्यायको क्षेत्रमा काम गरेको छ । जनतामा समस्या पर्दा तत्कालै जमर्को लिने पहल गरेको छ,' उनले भने, 'यद्यपि अराजकतावादी र स्वेच्छाचारीले सरकारले केही गरेर भन्न छोडेनन् । तिनीहरूलाई सरकारले राम्रो काम गरेको डाह भएको छ । त्यसकारण जसरी पनि गठबन्धन भत्काउनै पर्छ भनेर लागेका छन् । किनकि हिजो अर्बौं भ्रष्टाचार गर्ने मान्छे त्यहीँ छन् । ७० करोड, ओम्नी, यती सबैलाई थाहै छ ।'

अझै धेरै गर्नुपर्ने भन्दै उनले सरकारका कामप्रति आफू सन्तुष्ट भने नरहेको बताए । सरकारले केही दूरगामी परिवर्तन गरेको, तर कर्मचारीतन्त्र, संरचना, काम गर्ने तरिका, पुरानै नीति-नियमले काम गर्न समस्या भइरहेको उनको भनाइ थियो । 'कर्मचारीहरू अलिकति पनि जोखिम उठाउन तयार छैनन्, थोरै जोखिम उठायो भने कतिवेला कसको जागिर जाने हो, को गिरफ्तार हुने हो भन्ने आतंक छ,' उनले भने ।

गठबन्धनको सरकार भएकाले काम गर्न आफूलाई केही सीमा रहेको र सरकारको नेतृत्व गर्न सहज नरहेको पनि उनले प्रस्ट्याए । 'तीन पार्टी जोड्दा पनि सदनमा ५४ हो हामी । कांग्रेस एक्लै झन्डै ९० को नजिक छ । एमाले एक्लै ८० को नजिक छ । अनि साथीहरूले ठोक्नोस्, बेस्सरी ठोक्नोस् भन्नुहुन्छ,' प्रचण्डले भने, 'परिस्थिति त्यस्तो छ । मिलाएर ठोकिएन भने आफैं ठोकिइन्छ । त्यसमाथि ठूला पार्टीको 'डाइनामिक' आफ्नै छ । एमालेमा पहिलोपटक ठुल्ठूलो चिरा परेको छ । कांग्रेस त पार्टीको हो कि मञ्च हो कि मोर्चा हो, अस्ति कोशीमा देखिहाल्नुभयो ।' अहिलेको गठबन्धन पाँचै वर्ष टिक्ने दाबी गरेका उनले कोशीमा सहमतिविपरीत एमालेबाट मन्त्री बनाइएकोप्रति भने असन्तुष्टि व्यक्त गरे ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले समाजवादको यात्रा वामपन्थी शक्तिले मात्र अघि बढाउन सक्ने दाबी गरे । शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा गरिबी र बेरोजगारी अन्त्य गरेर समाजवादको यात्रामा अघि बढ्न मोर्चा गठन गरिएको उनले प्रस्ट्याए । 'कृषि, शिक्षा, स्वास्थ्यको विकासमा हामी केन्द्रित हुन्छौं,' उनले भने, 'बेरोजगारी, गरिबी, अभाव, पछौटेपनबाट नागरिकलाई मुक्त गर्न मोर्चा गठन गरिएको हो ।' चार दल मिलेर मोर्चा गठन भएपछि एमाले आत्तिएको उनले दाबी गरे । 'चार दलको मोर्चा बनेपछि कसैको सातो गएको छ,' उनले भने, 'सातो नगए हुन्छ, किनकि मोर्चा कुनै पार्टीविरुद्ध लक्षित छैन ।'

जसपा अध्यक्ष उपेन्द्र यादवले ऐन, कानुन नबन्दा संघीयता संस्थागत गर्न चुनौती देखिएको बताए । 'प्रदेशको आफ्नो प्रहरी छैन, कर्मचारी छैन । यस्तो पनि सरकार हुन्छ ?' उनले भने, 'यही अवस्था कायम रहे संघीय गणतन्त्र सिद्धिन सक्छ ।' उनले नेपालमा लोकतन्त्रविरोधी शासन ल्याउने प्रयत्न भइरहेको दाबी गरे । 'परिवर्तनलाई संस्थागत गर्ने, सामाजिक, आर्थिक रूपान्तरण गर्ने वेला यही हो,' उनले भने, 'यही समयमा मुलुक अगाडि बढ्न सकेन र मोर्चाले गर्न सकेन भने पछि यी काम हुँदैनन् ।' नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष नेत्रविक्रम चन्दले भूमण्डलीकरणको प्रभावले नेपालमा वैदेशिक चलखेल बढेको दाबी गरे । विश्वको भूराजनीतिक ध्रुवीकरण र त्यसले पारेको प्रभावका कारण मुलुक इतिहासकै सर्वाधिक राजनीतिक जटिल मोडमा पुगेको बताए । 'भूमण्डलीकृत अन्तरविरोधले समाजमा अन्योल बढाएको छ । क्रान्तिका नायकहरूप्रति हमला गर्ने प्रयास भइरहेको छ,' उनले भने, 'त्यसका विरुद्ध मोर्चा एक भएर लाग्छ ।'



प्रचण्ड
प्रधानमन्त्री

निर्दोष नपरून्, दोषी उम्कन नपाओस् भनेर ललितानिवास जग्गा प्रकरणबारेमा पनि नयाँ शिराबाट अध्ययन गर्‍यौं । अरू पनि केही फाइल छिट्टै खुल्दै छन् ।



माधवकुमार नेपाल
अध्यक्ष, एकीकृत समाजवादी

चार दलको मोर्चा बनेपछि कसैको सातो गएको छ, सातो नगए हुन्छ, किनकि मोर्चा कुनै पार्टीविरुद्ध लक्षित छैन ।



उपेन्द्र यादव
अध्यक्ष, जसपा

परिवर्तनलाई संस्थागत गर्ने, सामाजिक, आर्थिक रूपान्तरण गर्ने वेला यही हो, यही समयमा मुलुक अगाडि बढ्न सकेन र मोर्चाले गर्न सकेन भने पछि यी काम हुँदैनन् ।



नेत्रविक्रम चन्द
अध्यक्ष, नेपाल कम्युनिस्ट पार्टीका

भूमण्डलीकृत अन्तरविरोधले समाजमा अन्योल बढाएको छ । क्रान्तिका नायकहरूप्रति हमला गर्ने प्रयास भइरहेको छ, त्यसका विरुद्ध मोर्चा एक भएर लाग्छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा प्रा.फ.र.नं. २२३८/२७७/०६७/०६८ अन्तर्गत मिति २०६७/०९/११ मा, प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५), स्थित **अनिल किराना स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: राजदेव चौधरी (क्रेडिट कार्ड कर्जा समेत)**
	धितोको विवरण
	१) नथुनी कलवारकी छोरी, श्रीनारायण चौधरीकी बुहारी, राजदेव चौधरीकी पत्नी, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने सुनिता देवी चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ख (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं २५७ र ४०५३ को क्षेत्रफल क्रमश: ०-०-७-८ र ०-०-१२१/२ (बिगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) असर्फी चौधरीको नाती, श्रीनारायण चौधरीको छोरा, धनुषा जिल्ला, हरिहरपुर गा.प. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राजदेव चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ख (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं ५२२५ को क्षेत्रफल ०-०-५-६ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) असर्फी चौधरीको नाती, श्रीनारायण चौधरीको छोरा, धनुषा जिल्ला, हरिहरपुर गा.प. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राजदेव चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ग (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं ३४७९ को क्षेत्रफल ०-०-६-५ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) सवारी मोडल : Mahindra Scorpio SS 2WD 1.99 | च्यासिस नं. : MA1TA2WCXM2F10605 ईन्जिन नं. : WCM4J10235 | सवारी दर्ता नं. : प्रदेश २-०२-००१ च ०८४६ ५) सवारी मोडल: PICKUPS XENON YODHA SC 4X2 | च्यासिस नं. : MAT464602LSR10739 ईन्जिन नं. : 4SPCR10NZX621996 | सवारी दर्ता नं. : प्र २-०२-००१ च ०४३० ६) सवारी मोडल : Mahindra Bolero SCX LFB 2WDPS | च्यासिस नं. : MA1Z2GHKG1J68955 ईन्जिन नं. : GHG1J45547 | सवारी दर्ता नं. : ज १ च १५५६ ७) अनिल किराना स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण
	२) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा उद्योग दर्ता नं. १२३००/१७२/०७७/०७८ अन्तर्गत मिति २०७७/६/८ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम दर्ता भएको धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५, स्थित **जय माँ काली कन्स्ट्रक्सन** प्रोप्राईटर तथा जमानीकर्ता: अनिल कुमार चौधरी
	धितोको विवरण
	१) नथुनी कलवारकी छोरी, श्रीनारायण चौधरीकी बुहारी, राजदेव चौधरीकी पत्नी, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने सुनिता देवी चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ख (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं २५७ र ४०५३ को क्षेत्रफल क्रमश: ०-०-७-८ र ०-०-१२१/२ (बिगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) असर्फी चौधरीको नाती, श्रीनारायण चौधरीको छोरा, धनुषा जिल्ला, हरिहरपुर गा.प. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राजदेव चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ख (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं ५२२५ को क्षेत्रफल ०-०-५-६ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । ३) असर्फी चौधरीको नाती, श्रीनारायण चौधरीको छोरा, धनुषा जिल्ला, हरिहरपुर गा.प. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राजदेव चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ग (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं ३४७९ को क्षेत्रफल ०-०-६-५ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । ४) सवारी मोडल : Suzuki Vitara Brezza-ZXI+Dual 2021 1462 CC | च्यासिस नं. : MA3NYFJ1SMF-791251 ईन्जिन नं. : K15BN-4152998 | सवारी दर्ता नं. : प्र.२-०२-००१ च ०८७८ ५) जय माँ काली कन्स्ट्रक्सनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण
	३) सुनिता देवी चौधरी स्थायी ठेगाना : धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ हालको ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बाबु : नथुनी कलवार ससुरा : श्रीनारायण चौधरी पति : राजदेव चौधरी
	धितोको विवरण
	१) नथुनी कलवारकी छोरी, श्रीनारायण चौधरीकी बुहारी, राजदेव चौधरीकी पत्नी, धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने सुनिता देवी चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ख (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं २५७ र ४०५३ को क्षेत्रफल क्रमश: ०-०-७-८ र ०-०-१२१/२ (बिगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । २) असर्फी चौधरीको नाती, श्रीनारायण चौधरीको छोरा, धनुषा जिल्ला, हरिहरपुर गा.प. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राजदेव चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ख (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं ५२२५ को क्षेत्रफल ०-०-५-६ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत । ३) असर्फी चौधरीको नाती, श्रीनारायण चौधरीको छोरा, धनुषा जिल्ला, हरिहरपुर गा.प. वडा नं. १ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बस्ने राजदेव चौधरीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १/ग (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ५) स्थित कित्ता नं ३४७९ को क्षेत्रफल ०-०-६-५ (बिगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) राजदेव चौधरी	२) सुनिता देवी चौधरी	३) शुशिल कुमार चौधरी	४) अनिल कुमार चौधरी
स्थायी ठेगाना: धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ हालको ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बाबु : श्रीनारायण चौधरी बाजे : असर्फी चौधरी	स्थायी ठेगाना : धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ हालको ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बाबु : नथुनी कलवार ससुरा : श्रीनारायण चौधरी पति : राजदेव चौधरी	ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बाबु : राजदेव चौधरी बाजे : श्रीनारायण चौधरी	स्थायी ठेगाना : धनुषा जिल्ला, सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. १ हालको ठेगाना : धनुषा जिल्ला, क्षीरेश्वरनाथ न.पा. वडा नं. ५ बाबु : राजदेव चौधरी बाजे : श्रीनारायण चौधरी

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

६८औं प्रहरी दिवस

उत्कृष्ट प्रहरी कार्यालयका प्रमुखहरू पुरस्कृत



नयाँ पत्रिका

यो वर्ष उत्कृष्ट काम गर्ने कार्यालय प्रमुखहरू पुरस्कृत भएका छन् । ६८औं प्रहरी दिवसमा नेपाल प्रहरी अन्तरप्रदेश कार्यदक्षता मूल्यांकनमा उत्कृष्ट हुनेहरूलाई प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले पुरस्कृत गरे ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेल, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक विपिन रेग्मी, इलाका प्रहरी कार्यालय बुटवल रुपन्देहीका प्रहरी नायब उपरीक्षक दानबहादुर थापा र इलामको श्रीअन्तुका प्रहरी वरिष्ठ नायब निरीक्षक किरण प्रसाईं उत्कृष्ट भई पुरस्कृत भएका छन् । एआइजी सन्दीप भण्डारी नेतृत्वको टोलीले स्थलगत रूपमा निरीक्षण गरी उत्कृष्ट काम गर्ने कार्यालयको छनोट गरेको हो ।

नेपाल प्रदेश प्रहरी कार्यालयतर्फ जनकपुरका प्रहरी वरिष्ठ उपरीक्षक ध्रुवराज राउत, तालिम केन्द्रमा प्रदेश प्रहरी तालिम केन्द्र दुधौली सिन्धुलीका प्रहरी वरिष्ठ उपरीक्षक कृष्णहरि शर्मा तथा गणमा प्रदेश प्रहरी गण खजुरा बाँकेका प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीले पुरस्कार पाएका छन् ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रतर्फ प्रथम हुने जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी सहायक निरीक्षक समीक्षा खत्री, द्वितीय हुने जिल्ला प्रहरी परिसर काठमाडौंकी प्रहरी हवल्दार देवी पाण्डे, तृतीय हुने जिल्ला प्रहरी कार्यालय सुनसरीकी प्रहरी निरीक्षक निरला भण्डारी तथा सान्त्वना पुरस्कारतर्फ जिल्ला प्रहरी कार्यालय चितवनकी प्रहरी निरीक्षक सरिता विश्वकर्मा र जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी सहायक हवल्दार वीरेन्द्र विकले प्राप्त गरेका छन् ।

प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीलाई शान्ति सुरक्षा र अपराध अनुसन्धानमा सहयोग पुर्‍याउने अवकाशप्राप्त प्रहरी उपरीक्षक ध्रुवरत्न हाडा, अवकाशप्राप्त प्रहरी निरीक्षक श्याने रानालाई पनि पुरस्कृत गरेका छन् । उत्कृष्ट विपत् व्यवस्थापनको कार्य गर्ने प्रहरी जवान प्रकाश साउद, उत्कृष्ट आन्तरिक प्रशिक्षकतर्फ प्रहरी नायब उपरीक्षक रामेश्वर पौडेल, उत्कृष्ट बाह्य प्रशिक्षक प्रहरी नायब निरीक्षक रेशमबहादुर बानियाँ, प्रहरी जवान सरिता थारू, सपोर्ट समूह प्राविधिकतर्फका प्रहरी निरीक्षक भक्त क्षेत्री र उत्कृष्ट खेलाडीतर्फ प्रहरी प्रहरी जवान विशालसिंह विष्ट र प्रहरी कार्यालय सहयोगी सागर भण्डारीले सम्मानपत्र तथा नगद पुरस्कार प्राप्त गरेका छन् ।

उत्कृष्ट प्रदेश प्रहरी कार्यालयमा प्रदेश प्रहरी कार्यालय गण्डकी छनोट भएको छ । कार्यालयका प्रमुख डिआइजी बुद्धि गुरुङलाई मंगलबार प्रहरी ब्याटर पुरस्कार प्रदान गर्ने तयारी छ । पूर्णशान्ति पुरस्कार तथा उत्कृष्ट अनुसन्धानकर्तालाई प्रधानमन्त्रीबाट पुरस्कार दिन लागिएको छ ।

संक्षेप

पूर्वप्रधानमन्त्री खनाल चीन भ्रमणमा

काठमाडौं/ पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता तथा विदेश विभाग प्रमुख झलनाथ खनाल चीन प्रस्थान गरेका छन् । चीनले आयोजना गर्न लागेको तेस्रो बेल्ट एन्ड रोड फोरम (बिआरएफ)मा सहभागी हुन खनाल आइतबार मध्यराति चीन प्रस्थान गरेका हुन् । भ्रमण दलमा खनाल पत्नी रविलक्ष्मी चित्रकार र प्रा.डा. युवराज संग्रौला पनि छन् ।


खनालले बुधबार तेस्रो 'बिआरएफ'लाई सम्बोधन गर्ने खनालका स्वकीयसचिव कृष्ण भट्टराईले जानकारी दिए । चीनमा रहँदा खनालले चीनका साथै बिआरएफमा सहभागी हुन आएका विभिन्न देशका राष्ट्रप्रमुख र विदेश विभागका प्रमुखहरूसँग भेटघाट गर्ने उनले बताए । खनाल नेतृत्वको टोली ५ कात्तिकमा स्वदेश फर्किनेछ ।

सामूहिक बलात्कार आरोपमा तीनजना पक्राउ

विराटनगर/ बेसहारा युवतीमाथि सामूहिक बलात्कार गरेको आरोपमा विराटनगरमा चालकसहित तीनजना पक्राउ परेका छन् । आइतबार राति विराटनगरमा एक युवतीलाई सामूहिक बालत्कार आरोपमा एक चालक र दुई सहचालक पक्राउ परेका हुन् । पक्राउ पर्नेमा चालक धनुषाको मिथिला बिहारी नगरपालिका-११ का ४३ वर्षीय टेकबहादुर तामाङ, सहचालक २० वर्षीय विनोद चौहान र अर्का सहचालक सिन्धुलीका १६ वर्षीय किशोर छन् । चालक तामाङले प्रदेश २-०४-००१ ख ००२१ नम्बरको ट्रक चलाउँदै आएका थिए । चौहान तामाङकै ट्रकका सहचालक हुन् । १६ वर्षीय किशोर भने अर्को ट्रकका सहचालक हुन् । मोरङ प्रहरीका प्रवक्ता डिएपी रञ्जनकुमार दाहालका अनुसार चालक तामाङ र उनका सहचालकले आइतबार साँझ खाना खाएर सिटी रिक्सामा फर्कने क्रममा अलपत्र परेकी युवतीलाई बसोवासका लागि सहयोग गर्ने भन्दै फकाएर ल्याएका थिए । उनीहरूले युवतीलाई सहाराको बहानामा राति सामूहिक बलात्कार गरेको प्रहरीले जनाएको छ ।

१२ नोभेम्बरमा 'टाइगर ३'

सलमान खानको मुख्य भूमिका रहेको फिल्म 'टाइगर ३' को ट्रेलर सार्वजनिक भएको छ। यस फिल्ममा कैटिना कैफ र इमरान हासमी पनि छन्। फिल्मको ट्रेलरमा एक्सन सिक्वेन्सहरू देखाइएको छ। यो फिल्म १२ नोभेम्बरमा रिलिज हुनेछ।





'गणपत'मा कृति सेनन

अभिनेत्री कृति सेननले किक बक्सिङको अभ्यास गर्दै गरेको भिडियो सामाजिक सञ्जाल इन्स्टाग्राममा पोस्ट गरेकी छिन्। उनी अभिनीत फिल्म 'गणपत' २० अक्टोबरमा रिलिज हुँदै छ। यस फिल्मको ट्रेलरमा कृतिको एक्सन अवतार देखाइएको छ। फिल्मको निर्देशन विकास बहलले गरेका हुन्।

मोसन सिकनेस यसरी गरौं रोकथाम

दसैं मनाउन धेरैजसो मानिस जन्मथलो फर्किन थालिसकेका छन्। कतिपयलाई गाडीनजिक पुग्नेबित्तिकै रिँगटा लाग्छ। कतिपयलाई गाडी चढ्नेबित्तिकै टाउको पनि दुख्न थाल्छ। गाडीमा यात्रा गरेको केही समयमै धेरैलाई बान्ता हुन्छ। यात्रा गर्दा रिँगटा लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्नेजस्ता समस्याले यात्रा नरमाइलो हुन्छ। कतिपयलाई गाडीको गन्ध आउने, गाडी चढ्नेबित्तिकै बान्ता आएर समस्या हुन सक्छ। अझ घुमाउरो बाटो, उकालो र ओरालो बाटोमा असहज हुन्छ। गाडीमा यात्रा गर्ने क्रममा हाम्रो आँखा र कानको सन्तुलन नमिलेपछि यस्तो हुन्छ। वाकवाकी लाग्ने, बान्ता हुनेजस्ता समस्या हुन्छ। जसलाई '**मोसन सिकनेस अर्थात् गाडी लाग्ने**' भनिन्छ। बान्ता आउने समस्या छ भने गाडी चढ्नुभन्दा अगाडि नै विभिन्न उपाय अपनाउन सकिन्छ।

डाक्टरको
सुझाव



डा. रोशन झा
फिजिसियन
सशस्त्र प्रहरी अस्पताल



यस्ता छन् रोकथामका उपाय

- सबैलाई मोसन सिकनेस हुन्छ भन्ने हुँदैन। जसलाई गाडीमा यात्रा गर्दा मोसन सिकनेस हुन्छ, त्यस्तो व्यक्तिले औषधि सेवन गर्नुपर्छ। बान्ता हुनबाट रोक्न 'एभोमिन' नामक औषधि हुन्छ। १५-३० मिनेटअघि औषधि सेवन गर्नुपर्छ। यो औषधिले बान्ता हुनबाट रोक्न सक्छ।
- कतिपयले बाटोमा खान पाइँदैन भनेर पेटभरि खाने गर्छन्। बिहान धेरै खानेकुरा खाएर गाडी चढ्नुहुँदैन। तर, खाली पेट पनि यात्रा गर्नुहुँदैन। कतिपयको गाडी चढ्नुअघि जुस, फ्रुटीजस्ता पेय पदार्थ पिउने बानी हुन्छ। जसले गर्दा बान्ता धेरै हुन्छ। खानै परेमा लाइट खानेकुरा खाने, जस्तै- रोटी-साग, तरकारी, केरा र स्याउ बिहान खाने, दिउँसो खाना खाँदा हुन्छ।
- चिल्लो, पिरो मसला भएको खाना नखाने। मैदाजन्य खानेकुरा पनि सकेसम्म खानुहुँदैन। यस्तो खाना पच्न समय लाग्ने भएकाले समस्या देखिन सक्छ।
- आफूलाई बान्ता आउँछ भने लामो यात्रामा अगाडिको सिटमा बस्नुपर्छ। पछाडिको सिटमा बस्यो भने झन् धेरै बान्ता हुन्छ। अगाडिको सिट बुक गर्नुपर्छ। सिटमा बसेपछि निहुरिएर तल हेर्नुहुँदैन। दायाँ-बायाँ हेर्नुहुँदैन। जहिल्यै पनि यात्रा अवधिसम्म अगाडि हेरेर बस्यो भने बान्ता हुँदैन।
- कतिपयले झ्यालबाट बाहिर हेऱ्यो भने सजिलो हुन्छ भनेर बाहिर हेर्छन्। तर, बाहिर हेऱ्यो भने झन् मोसन सिकनेस हुन्छ।
- दसैंको समय धेरैजसो होटेलले खाना एकैपटक पकाएका हुन्छन्। राजमार्गमा कतिपय होटेलले बासी भइसकेको खाना पनि बेच्छन्। बासी खानेकुरा खाँदा फुड पोइजन भएर पेट दुख्ने, बान्ता हुने भएर घर पुग्दासम्म बिरामी हुने पनि हुन्छ। यात्राका लागि घरमै हल्का खाना बनाएर बोक्नु राम्रो हुन्छ। रोटी, तरकारी बनाएर बोक्न सकिन्छ। घरकै खाना खायो भने फ्रेस पनि हुन्छ।
- घुम्ती बाटोमा गाडी स्पिड भयो भने पनि बान्ता आउँछ। यस्तो वेला चालकलाई पनि स्पिड कम गर्न लगाउनुपर्छ। चालकले पनि ख्याल गर्नुपर्छ। घुम्तीमा स्पिड कम गर्नुपर्छ।
- यात्राका दौरान गाडी रोकिएका वेला बाहिर निस्किएर फ्रेस हुनुपर्छ। कतिपयको भित्रै बस्ने बानी हुन्छ, जसले गर्दा झन् बान्ता हुन्छ।
- कतिपयको गाडी रोक्नेबित्तिकै धूम्रपान गर्ने बानी हुन्छ। भित्र छिर्नेबित्तिकै अरूलाई बान्ता हुन सक्छ। कतिपयले लुकेर मदिरा पनि सेवन गर्ने गर्छन्। तर, यात्रा गर्दा कहिल्यै पनि मदिरा सेवन गर्नुहुँदैन।

दीर्घरोगीले के गर्ने ?

- प्रेसर, सुगर, दम, थाइराइड, ग्यास्ट्रिकलगायतका बिरामीले विशेष ख्याल गर्नुपर्छ। आफ्नो औषधि नियमित सेवन गर्नुपर्छ। कतिपयले यात्रा गर्दा औषधि बोक्न बिर्सिएका हुन्छन्। त्यसले पनि बान्ता हुने समस्या हुन सक्छ।
- लामो बिदामा आफ्नो परिवारसँग घरमै बस्ने योजना हुन्छ। दुर्गम क्षेत्रमा जाने प्रेसर, सुगर, थाइराइडका बिरामीले १० दिनका लागि थप औषधि बोकेर जानुपर्छ। दुर्गम क्षेत्रमा त्यस्ता औषधि उपलब्ध नहुन सक्छन्।
- टाउको दुखाइ कम गर्ने औषधि, ज्वरो आउने, बान्ता रोक्ने, जीवनजल पनि अनिवार्य झोलामा राख्नुपर्छ। घरमा औषधि नपाइन पनि सक्छ। गाह्रो हुँदा सेवन गर्न सकिन्छ।

दसैंमा घरमै गर्नुस् शारीरिक अभ्यास



कतिपय मानिस दसैंमा अल्छी भइदिन्छन्। असन्तुलित खानपान (आवश्यकताभन्दा धेरै मासु सेवन)ले कतिपयको तौलसमेत बढ्ने गर्छ। त्यही कारण दसैंमा सन्तुलित खानपानलाई ध्यान दिनुपर्छ। त्यससँगै शारीरिक गतिविधिमा पनि आफूलाई व्यस्त राख्न जरुरी छ। त्यस्ता केही अभ्यास छन्, जो घरमै गर्न सकिन्छ।

■ **हिँड्ने** : ३०-४५ मिनेट प्रतिदिन हिँड्दा वा दौडँदा शरीर सक्रिय रहन्छ। रक्तसञ्चार पनि राम्रो हुन्छ। त्यस्तै, दिमाग पनि फ्रेस रहन्छ। दैनिक कम्तीमा ७ देखि १० हजार पाइला हिँड्नु स्वास्थ्यका दृष्टिकोणले निकै फाइदाजनक छ। त्यस्तै, स्किपिङ, नृत्य, एरोबिक्स आदि पनि गर्न सकिन्छ।



सुरेश सुवेदी
अध्यक्ष, काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघ

■ **ब्याटल रोप** : ३० देखि ५० फिट लामा र दुई इन्च चौडा दुईवटा डोरीको सहायतामा यो अभ्यास गरिन्छ। कुनै खुला स्पेसमा फलामको बलियो खम्बा गाडेर त्यसमा यी डोरीलाई बाँध्न सकिन्छ। वा, घरको भित्तामा बलियो गरी किला ठोकेर पनि बाँध्न सकिन्छ। त्यसरी डोरीलाई दुवै हातले एकैपटक समाल्ने गर्नुपर्छ र चलाउन थाल्नुपर्छ। व्यायामको समय अगाडि फर्किएर हल्का झुक्नुहोस्। तर, पछाडि फर्किएर झुक्नुहुँदैन। कुर्कुच्चामा भार नपर्ने गरी घुँडालाई मोड्नुपर्छ।

तपाईंले २० देखि ४० सेकेन्डसम्म व्यायाम गरेपछि २० देखि अधिकतम ६० सेकेन्डसम्म आराम गर्न सक्नुहुन्छ। यसरी कसरत गर्दै र आराम गर्दै १० देखि ३० मिनेटसम्म अभ्यास गर्दा राम्रो हुन्छ।

■ **योग** : शरीरलाई फिट राख्नका लागि तपाईंले घरमै विभिन्न योगाभ्यास पनि गर्न सक्नुहुन्छ।

ट्रेकिङलाई यादगार बनाउन



दीपेन्द्र थापा
प्रबन्ध निर्देशक
अल नेपाल एक्सकर्सन

अहिले ट्रेकिङको सिजन छ। मौसम खुला देखिने भएकाले पनि राम्रो दृश्य देखिन्छ। त्यही कारण ठूलो संख्यामा आन्तरिक तथा बाह्य पर्यटक ट्रेकिङमा निस्कन्छन्। तर, ट्रेकिङमा निस्कनुअघि केही कुरा ख्याल गर्नुपर्ने हुन्छ। जसकारण, तपाईंको यात्रा यादगार रहन्छ।

योजना बनाउनुस्



कहाँ जाने भन्ने योजना पहिल्यै तय गर्नुपर्छ। ट्रेकिङ जाने रुट र पुग्ने गन्तव्य पहिल्यै तय हुनुपर्छ। गन्तव्यमा पुग्नका लागि कुन दिन कति समय हिँड्नुपर्छ भन्ने विषयमा जानकारी राख्नुपर्छ। त्यहाँको भौगोलिक वातावरणका विषयमा पनि जानकार हुनुपर्छ। कुन ठाउँमा उभिएर दृश्यावलोकन गर्ने, कहाँ वास बस्ने, कति समय हिँड्नेलगायत विषय जानकारी हुनुपर्छ। वनजंगल र भिरपाखाको भौगोलिक बनावट र ती स्थानमा जाँदा आउन सक्ने कठिनाइबारे सजग हुनु आवश्यक छ। सम्बन्धित स्थानमा यसअघि कुनै प्राकृतिक दुर्घटना भए/नभएको थाहा हुन आवश्यक छ। ती स्थानमा कत्तिको जोखिम छ भनेर विभिन्न ट्रेकिङ कम्पनी वा पर्थप्रदर्शकसँग जानकारी लिन सकिन्छ। मौसमसम्बन्धी पूर्वजानकारी राख्नुपर्छ।

आवश्यक सामान

तपाईं कति लामो ट्रेकिङ गर्दै हुनुहुन्छ ? त्यहीअनुसार सामान प्याक गर्नुपर्छ। अनावश्यक सामान राखेर झोला भारी बनाउनु राम्रो हुँदैन। ट्रेकिङ गरेको एक-दुई दिनमै ज्यान भारी हुने भएकाले कम तौल भएको भारी बनाउनुपर्छ।

ट्रेकिङ सुज, क्याप, चस्मा, लठ्ठी, पानीको बोतल, सनब्लक क्रिम, बडीलोसनलगायतका सामान अनिवार्य लानुपर्छ। नट्स, ड्राइफ्रुड, इनर्जी ड्रिंक्सलगायत शक्तिवर्द्धक खानेकुरा बोक्नुपर्छ। समय-समयमा ब्रेक लिने, पर्याप्त पानी पिउने गर्नुपर्छ। सिटामोल, ब्यान्डेज, डिटोल, हयान्डीप्लास्टलगायत प्राथमिक स्वास्थ्य उपचारका सामग्री पनि आफूसँग बोक्नु राम्रो हुन्छ।

प्रकृति र स्थानीयको सम्मान

ट्रेकिङ जाँदा जथाभावी फोहोर फाल्नुहुँदैन। यसले प्रकृतिमा असर गर्छ। वर्षौंसम्म आफू घुमेको ठाउँको प्राकृतिक सुन्दरता कायम रहन सकोस् भन्नेतर्फ सचेत रहनुपर्छ। आफूसँग लगेका सामग्री प्रयोग गरिसकेपछि त्यसलाई राम्रोसँग डिस्पोज गर्न पनि जरुरी छ। बाटोमा भेटिएका जनावर र पशुपन्छीलाई दूरीमा रहेर अवलोकन गर्नुपर्छ। तर, जनावर तथा पशुपन्छी भेटिएपछि चिच्याउने, उनीहरूलाई तर्साउनेलगायत काम गर्नुहुँदैन। स्थानीय संस्कृति र पहिरनको सम्मान गर्नुपर्छ। यात्राका क्रममा होमस्टेमा पनि वास बस्न सकिन्छ। यस्तो हुँदा स्थानीय खानपान र संस्कृतिको मज्जा लिन पाइन्छ।

दसैंमा यसरी बनाउनुस् स्वादिष्ट भेज परिकार



आरबी बुढाथोकी
सु-सेफ, द सोल्टी

पनिर बटर मसला

सामग्री : पनिर आधा केजी, गरम मसला ३ ग्राम, अदुवा र लसुनको पेस्ट एक चियाचम्चा, गेडा जिरा आधा चम्चा, प्याज काटेको एउटा, तेल दुई चियाचम्चा, मसिनो गरी काटेको गोलभेँडा दुई पिस, टमाटो पिउरी आधा कप (१२५ एमएल), जिरा, धनियाँ र खुर्सानीको धुलो आधा-आधा चियाचम्चा, गरम मसलाको धुलो आधा चियाचम्चा, धनियाँ आधा मुठा, कसुरी मेथीको धुलो आधा चियाचम्चा, कुकिङ क्रिम आधा कप, काजुको पेस्ट तीन चियाचम्चा, बटर दुई चियाचम्चा, नुन-मरिच स्वादअनुसार, मह या चिनी आधा चम्चा।



विधि : बाक्लो खालको कराइ या सते प्यान तताउनुस् र तेल हालेर होल गरम मसला फुराउनुस्। अदुवा-लसुनको पेस्ट हाल्नुस् र इन्डियन सम्पूर्ण मसला हालेर सानो आँचमा भुट्नुस। केही समयपछि गोलभेँडा र गोलभेँडाको पिउरी, काजु पेस्ट हालेर मज्जाले पकाउनुस्। नुन-मरिच स्वादअनुसार हाली डाइस काटेको पनिर खन्याइदिनुस् र अरू १० मिनेट पकाएर क्रिम, बटर हल्दिनुस्। अन्त्यमा हरियो धनियाँ, कसुरी मेथी, मह हालेर निकाल्नुस्। स्वादिष्ट पनिर बटर मसला तयार हुन्छ।

मिक्स भेज बिर्यानी

सामग्री : डाइस काटेको पनिर आधा केजी, मसरुम ३०० ग्राम, हरियो केराउ १२० ग्राम, गाँजर डाइस काटेको १०० ग्राम, काउली या ब्रोकाउली १५० ग्राम, तेल ६० एमएल, होल गरम मसला ६ ग्राम, जिरा गेडा आधा चियाचँचा, अदुवा-लसुनको पेस्ट एक र आधा चियाचम्चा, प्याज २५० ग्राम, बेसार आधा चियाचम्चा, जिरा-धनियाँको धुलो एक चम्चा, गरम मसलाको धुलो आधा चियाचम्चा, दही डेढ कप, धनियाँ एक मुठा, पुदिना एक मुठा, प्याज १५० ग्राम, ड्राई नट्स ९० ग्राम, केशर आधा चियाचम्चा, गुलाबजल पाँच एमएल, घ्यू या बटर १२० ग्राम, लामो बासमती बिर्यानी चामल एक किलो, नुन-मरिच स्वादअनुसार।



विधि : आधाभन्दा बढी होल गरम मसला हालेर दुई लिटर पानी उमाल्नुस् र पखालेर चामल ओइराइदिनुस्। ठूलो आँचमा चामललाई ७५ प्रतिशत पाक्ने पकाउनुस् र छान्नुस्। त्यतिन्जेल कराइमा तेल हालेर दहीसहितको भेजिटेबल ग्रेभी बनाउनुस् र पाकेको मिक्स भेज ग्रेभीलाई साइड लगाई राख्नुस्।

७५ प्रतिशत पाकेको चामलको चार भागमा एक भाग देक्ची या कसौंडीमा हाल्नुस् र भेज ग्रेभीको तीन भागको एक भाग हाल्दिनुस्। फ्राई गरेको ब्राउन ओनियन, केसर, धनियाँ, पुदिना, घ्यू थोरै-थोरै हालेर फेरि चामल हालेर छोपिदिनुस्। माथिबाट घ्यूमा भुटेको काजु, किसमिस, बदाम नरिवल, घ्यू, केसर, पुदिना, धनियाँ, गुलाबजल, भुटेको प्याज हालेर टाइट हुने गरी छोपिदिनुस् र सानो आँचमा २० मिनेट पकाउनुस्।

च्याउको छोइला



सामग्री : फ्रेस या क्यानको च्याउ आधा केजी, पोलेको अदुवा-लसुन २५ ग्राम, सुकेको खुर्सानी चार पिस, भुटेको तोरीको तेल दुई चियाचम्चा, हरियो खुर्सानी दुई पिस, धनियाँ हरियो एक मुठा, पोलेको टमाटर दुई पिस, कागतीको रस ५ एमएल, टिमुरको धुलो आधा चियाचम्चा, मेथी आधा चियाचम्चा, बेसार आधा चियाचम्चा, हरियो लसुन या प्याज दुई पिस, जिराको धुलो आधा चियाचम्चा, नुन स्वादअनुसार।

विधि : च्याउलाई बोइल गर्नुस् र पानी निचोरेर ग्यासको फ्लेममा जालीमा राखेर पोल्नुस् र एक साइडमा राख्नुस्। अदुवा, लसुन र सुकेको खुर्सानीलाई हल्का पोलेर भुटेको तोरीको तेलमा हालेर ब्यान्ड गर्नुस् र च्याउमा हाल्नुस्, बाँकी सम्पूर्ण सामान हालेर मुच्छुनुस्। एक चम्चा तोरीको तेल तताएर मेथी डडाउनुस् र बेसार हालेर च्याउमा झान्नुस्।

सनग्लास कस्ता छान्ने ?

- सनग्लासले आँखाको सुरक्षासँगै स्टाइलिस देखाउने काम गर्छ। तसर्थ, यसको चयन गर्दा केही कुरा ख्याल गर्न जरुरी छ।
- सधैं यभी प्रोटेक्सनयुक्त सनग्लास छान्नुपर्छ। यसले सूर्यका विकिरणबाट आँखामा हुने क्षति कम गर्छ र विभिन्न समस्याबाट जोगाउँछ।



- बजारमा थरीथरीका सनग्लास पाइन्छन्। तर, यसको लेन्स क्वालिटी राम्रो हुन जरुरी छ। जसकारण दृश्य राम्रो देखियोस्।
- सनग्लास तपाईंको फेसमा सुहाउँदो र फिट हुनुपर्छ। फिटिङका सनग्लास लगाउँदा साइडबाट सूर्यका विकिरण आँखामा छिर्न पाउँदैन।
- फरक कलरका लेन्सको महत्त्व फरक हुन्छ। ग्रे कलरको लेन्स प्राकृतिक दृश्य हेर्नका लागि राम्रो हुन्छ। ब्राउन लेन्सले कन्ट्रास्ट बढाउँछ। त्यस्तै, ग्रिन लेन्सले ग्लेयर कम गर्छ। आवश्यकताअनुसार रङ छान्नुपर्छ।
- लामो समय टिक्ने खालका गुणस्तरीय फ्रेम भएका सनग्लास छान्नुपर्छ। फेसनेबल देखिनका लागि तपाईंको अनुहारको सेप र व्यक्तिगत स्टाइललाई ध्यानमा राख्नुस्।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



दलित मुद्दामा राज्यका कार्यभार

जबर्जस्ती थोपरिएको छुवाछुत, जातीय विभेद र समग्र क्षेत्रमा बहिष्करणको समस्या दलित समुदायको मात्र नभई राज्यकै निम्ति गम्भीर समस्या हो



● परशुराम रम्तेल

अग्रलेख

वर्तमान सरकारले देशमा सुशासन, समृद्धि र सामाजिक न्यायका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्न थालेको छ। मुलुक धेरै वर्षअघिदेखि भ्रष्टाचारले आक्रान्त बन्दै आइरहेको सन्दर्भमा यतिवेला गठबन्धन सरकारले भ्रष्टाचारमा संलग्नलाई नछोड्ने उद्घोष गर्दै नक्कली शरणार्थी प्रकरणदेखि सुन काण्ड र ललितानिवास प्रकरणलाई सिआइबीमार्फत छानबिन गराएर मुद्दा दर्तासमेत भइसकेको छ। यसले नेपाली जनतामा शासनसत्ता र राजनीतिक दलप्रति गुमेको विश्वास पुनः पलाउने वातावरण बनाएको छ। यसलाई सकारात्मक मान्नुपर्छ।

सरकारका गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि जनताका पक्षमा भ्रष्टाचारविरुद्ध जनपक्षीय काम गर्दै आउनुभएको छ। गत २४ असारमा गृहमन्त्री श्रेष्ठले संयुक्त राजनीतिक दलित संघर्ष समितिसँगको डेलिगेसनका क्रममा दलित समुदायका पक्षमा गृह मन्त्रालयबाट आफ्नै पालामा केही महत्त्वपूर्ण कार्य गर्ने प्रतिबद्धता गर्नुभएको थियो। प्रतिनिधिमण्डलले ज्ञापनपत्रमा मुख्यतः गृह मन्त्रालयले दलित समुदायमाथिको उत्पीडन र विभेदविरुद्धको संघर्षलाई राज्यका तर्फबाट सशक्त बनाउन केही नीतिगत, संरचनागत र प्रहरी प्रशासनभित्रका केही सांगठनिक पुनर्गठनका सवाललाई प्रस्तुत गरेको थियो। ती विषयबारे गृहमन्त्रीले आवश्यक छलफल गरेर कार्बाही प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाउनुभएको थियो। सदियौँदेखि मुख्यतः राज्यकै विभेदकारी नीति र व्यवहारका कारण दलित समुदायमाथि अमानवीय उत्पीडन र बहिष्करण हुँदै आएको ऐतिहासिक तथ्यलाई स्मरण गर्दै गृह मन्त्रालयबाट केही महत्त्वपूर्ण दलितमैत्री निर्णय गरिनुपर्छ।

संरचना निर्माणको आवश्यकता : नेपालको संविधान र कानुनमा छुवाछुत तथा जातीय विभेदजन्य सबै प्रकारका कार्य जघन्य अपराध हुने उल्लेख छ। आजभन्दा १७ वर्षअघि २१ जेठ ०६३ मा तत्कालीन संसद्ले नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो। विश्वमा भएका विभिन्न सभ्यता विकासका कोणबाट हेर्दा नेपाली समाजमा नराम्ररी झाँगिएको छुवाछुत प्रथा अन्त्य गर्ने राजनीतिक घोषणा नेपालका लागि ऐतिहासिक र गौरवको विषय बनेको थियो। आफूमाथि सदियौँदेखि लादिँदै आएको छुवाछुत र जातीय विभेद राज्यद्वारा नै अन्त्यको घोषणा हुँदा दलित समुदाय त झन् धेरै खुसी थिए। तर, नेपाली जनताको जननिर्वाचित र सार्वभौमसत्ता सम्पन्न संसद्को त्यो ऐतिहासिक घोषणालाई आजसम्म पनि फगत घोषणामै सीमित गरियो। दलित आन्दोलनकर्मीले धेरैपटक दबाब दिँदा पनि राज्य सञ्चालकले कहिल्यै यसलाई कार्यान्वयन गर्ने गरी न सरकारको नीति तथा कार्यक्रममा समावेश गर्‍यो, न त बजेट नै विनियोजन गर्‍यो। आजका दिनसम्म पनि छुवाछुतमुक्त राष्ट्र घोषणा चौबाटोमा अलपत्र अवस्थामा छ। कहिले कांग्रेस सरकारले, कहिले एमाले सरकारले त कहिले माओवादी सरकारले त्यसलाई लात्तीले हान्दै हिँड्ने स्थिति बन्नु विडम्बना हो।

दलितलाई विभिन्न समयमा राजनीतिक दलले आन्दोलन वा युद्धका समयमा विभिन्न अधिकार दिन्छौँ भनेर आश्वासन दिए पनि ती पार्टीले सरकारमा पुगेपछि दलितका पक्षमा सही काम नगरेको जगजाहेर छ। त्यसैले, छुवाछुतमुक्त राष्ट्र घोषणालाई व्यवहारमा प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार, गृह मन्त्रालयले मन्त्रिस्तरीय निर्णयद्वारा जातीय विभेद उन्मूलनका लागि 'छुवाछुत तथा जातीय विभेद अनुगमन तथा उन्मूलन समिति' केन्द्रमा गृहमन्त्रीको नेतृत्वमा, सबै प्रदेशमा मुख्यमन्त्रीको नेतृत्वमा र सबै जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन गरिनुपर्छ। यस समितिमा निर्वाचनद्वारा राष्ट्रिय मान्यता प्राप्त निश्चित राजनीतिक दलका भ्रातृ संगठनका प्रतिनिधि, पत्रकार महासंघका प्रतिनिधि र मानव अधिकारवादी संगठनका प्रतिनिधिसमेतको सहभागिता गराइनुपर्छ। जसबाट जातीय विभेदका घटनाको अध्ययन, अनुसन्धान र अनुगमन गरी कानुनी प्रक्रिया अघि बढाउन सहज हुन्छ।

दलितलाई थरको आधारमा नागरिकता : समाजमा मनुवादी सोच र संस्कृतिका कारण विगतमा जिल्ला प्रशासन कार्यालयले नागरिकता दिँदा दलित समुदायलाई थरको ठाउँमा जात नै लेखेर नागरिकता दिइने चलन थियो र आजका दिनसम्म पनि त्यो चलन यथावत् छ। दलित समुदायका युवापुस्ताले नागरिकता लिँदा जिल्ला प्रशासन कार्यालयले बाबुआमाको नामपछि थर उल्लेख गर्दा दमाईं, कामी वा सार्की नै राखेर नागरिकता दिने गरिन्छ। आजकल युवापुस्ताले स्कुल वा कलेजमा बुबाआमाको नाम राख्दा जात नभएर थर राख्ने गर्छन्। तर, नागरिकता बनाउन जाँदा जिल्ला प्रशासनका कर्मचारीले हामीलाई माथि केन्द्र वा मन्त्रालयबाट कुनै परिपत्र नआएको, कानुनमा उल्लेख नगरेको आदि बहाना बनाएर जात नै उल्लेख गरिदिन्छन्। जसबाट दलित समुदायका युवायुवतीको नागरिकतामा अधिकांशतः स्कुल वा कलेजको सर्टिफिकेटमा बाबुआमाको थर उल्लेख गरिने अनि नागरिकतामा भने जात लेखिने स्थिति छ। जसबाट यस समुदायका युवा नागरिकता पाएपछि खुसी हुनुको साटो मानसिक तनाव र पीडा व्यहोर्दै रुँदै घर फर्कनुपर्ने स्थिति छ। त्यसैले, किटेरै दलित समुदायले नयाँ नागरिकता लिँदा वा पुरानो नागरिकता पनि जातलाई थरमा परिवर्तन गरी लिन पाउने व्यवस्था मन्त्रिस्तरीय निर्णय गरी परिपत्र पठाउने व्यवस्था गरिनुपर्छ।



जातीय छुवाछुत ऐनमा कडा प्रावधानको व्यवस्था : देशमा छुवाछुत र जातीय विभेदका घटना तीव्र ढंगले बढ्दै जघन्य हत्यासम्म हुने क्रम निकै बढेको छ। दैनिकजसो विभेदजन्य घटना राष्ट्रिय मिडिया वा सामाजिक सञ्जालबाट सार्वजनिक भइरहेकै छन्। यस्ता विभेदजन्य घटनामा विगतदेखि नै राज्यका सरोकारवाला निकाय अनभिज्ञ र निकम्मा देखिँदै आएका छन्। उनीहरूले न सुन्छन्, न त देख्छन्, न कुनै कानुनी प्रक्रिया नै अघि बढाउँछन्। वास्तवमा छुवाछुत र विभेदजन्य घटनामा दलित मर्नु उसको नियति नै हो जस्तो भाष्य नेपाली समाजमा निर्माण गर्न खोजिँदै छ। दलितमाथि हुने विभेदकारी घटनालाई तोडमरोड गरी बलात्कार, अपहरण वा यस्तै फौजदारी मुद्दामा परिणत गरिन्छ। यसमा राज्यशक्ति या अन्य विभिन्न खाले शक्तिको आडभरोसा हुने गर्छ र दलिततलाई झुट्टा मुद्दामा फसाइन्छ। त्यसकारण जातीय छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन ०६८ लाई संशोधन गरी छुवाछुत र जातीय विभेद गर्ने पीडकलाई कम्तीमा पाँच वर्षको सजाय दिने प्रावधानको व्यवस्था गरिनुपर्छ। यस्ता घटनामा पीडित पक्षलाई दिइने क्षतिपूर्तिमा पनि थप व्यवस्था गर्ने प्रावधान राखिनुपर्छ। यस्ता अपराधमा संलग्न व्यक्तिले कम्तीमा पाँच वर्ष सरकारी जागिर खान नपाउने व्यवस्था पनि गरिनुपर्छ। जसबाट यस्ता विभेदजन्य कार्य गर्न हरेक व्यक्ति कानुनी व्यवस्था र दण्ड, सजाय देखेरै हतोत्साही होस्। जातीय छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन ०६८ को आवश्यक संशोधनका लागि गृह मन्त्रालयले संशोधन विधेयक तयार गरी संसद्मा पेस गर्नुपर्छ। यो कार्य दलित मुद्दाका सन्दर्भमा अर्को महत्त्वपूर्ण कार्यभारभित्र पर्छ।

जिल्ला प्रशासनमा दलित 'हेल्प डेस्क' : नेपाली समाज मनुवादी विचार र संस्कृतिबाट ग्रस्त हुँदै आएकाले सुरुमा बोल्दा ठिकै व्यवहार गरे पनि जब परिचयबाट दलित हो भन्ने थाहा भएपछि उनीहरूमाथि विभेदजन्य व्यवहार गरिन्छ। यो कुनै आरोप नभएर पंक्तिकार स्वयंले ठूलाबडा कहलाएका नेता, कर्मचारी वा सामान्य नागरिकबीच अन्तरघुलित हुँदा, सहकार्य गर्दा वा सामान्य भेटघाटमा व्यहोरेको र अनुभूत गरेको तीतो यथार्थ हो। नेपाली समाज लामो समयदेखि सामन्तवादी विचार र संस्कृति तथा सोहीअनुरूपको व्यवहारबाट अभ्यस्त हुँदै आएको हुनाले 'बर्मा गए पनि कर्म सँगै' भनेझैँ सो चेतना र व्यवहार अझै पनि समाजमा विद्यमान छ। त्यसैले, जिल्लाका सरकारी अड्डा, अदालत वा प्रहरी प्रशासनभित्र पनि यस्ता विभेदजन्य व्यवहार अझै कायमै छन्। जसको परिणाम दलित समुदायले जिल्लाको मुख्य प्रशासनिक केन्द्रमा समेत थुप्रै खालका विभेद र सास्ती व्यहोर्दै आएका छन्। तसर्थ, चेतनाका हिसाबले पनि र खर्चबर्चको हिसाबले पनि निकै कमजोर दलित समुदायका सेवाग्राहीलाई सहयोग र सहजीकरणका लागि सबै जिल्ला प्रशासन कार्यालयमा 'दलित हेल्प डेस्क'को स्थापना गरिनु अत्यावश्यक छ। यसमा गृह मन्त्रालयले विशेष पहलकदमी लिनु जरुरी छ।

> सदियौँदेखि राज्यकै विभेदकारी नीति र व्यवहारका कारण दलित समुदायमाथिको अमानवीय उत्पीडन र बहिष्करण हुँदै आएको ऐतिहासिक तथ्यलाई स्मरण गर्दै गृह मन्त्रालयबाट केही महत्त्वपूर्ण दलितमैत्री निर्णय गरिनुपर्छ

प्रहरी प्रशासनभित्र दलितमैत्री संरचना : नेपाल सरकार, गृह मन्त्रालयले दलित समुदायमाथि हुने सबै प्रकारका छुवाछुत र जातीय विभेदजन्य कार्यलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रशासनभित्र दलित सेल गठन गरिसकेको छ। तर, त्यस दलित सेललाई छुट्टै संरचनासहित स्रोत, साधनको चाँजोपाँजो भने मिलाइएको छैन। कुनै पनि काममा जनशक्ति खटन-पटन गर्दा जुन कामका लागि जिम्मेवारी दिइएको हो, त्यो जनशक्तिलाई सोहीअनुरूप तालिम, प्रशिक्षण र सेवा-सुविधा पनि दिइनुपर्छ। राज्य सबै वर्ग, जाति र समुदायको अभिभावक पनि हो। त्यसैले, प्रहरी प्रशासनभित्र गठन गरिएको दलित सेलमा आवश्यक नयाँ दरबन्दी कायम गरी सो जनशक्तिलाई संविधान र कानुनमा व्यवस्था गरिएका दलित अधिकारसम्बन्धी प्रशिक्षण दिने, दलित उत्पीडनका विभिन्न स्वरूप र मनोविज्ञानबारे तालिम दिनेजस्ता महत्त्वपूर्ण विषयबारे प्रशिक्षण दिइनुपर्छ।

प्रहरी प्रशासन अपराधको अध्ययन र अनुसन्धान गर्ने तथा कानुन कार्यान्वयन गर्ने मुख्य अंग भएकाले यसले दलित समुदायको समग्र अधिकार, भएका संवैधानिक र कानुनी व्यवस्था, उत्पीडनको मनोविज्ञान र स्वरूप आदिबारे सूक्ष्म अध्ययन गर्नु आवश्यक छ। किनकि, दक्षिण एसियाली समाजमा दलितमाथि उत्पीडन विशिष्ट खालको रहँदै आएको छ। त्यसकारण नेपाल प्रहरीको वार्षिक क्यालेन्डर तय गर्दा कम्तीमा तीन दिन सबै प्रहरी जनशक्तिलाई दलित अधिकारका विषयमा तालिम दिने गरी क्यालेन्डर तयार गरिनुपर्छ। जसबाट अपराधमा संलग्न नछुट्नून् र निर्दोष व्यक्ति सजायको भागिदार नबनून् भन्ने न्यायको अन्तर्राष्ट्रिय मान्यता लागू गर्न सकियोस्। यसमा मन्त्रालयले विशेष ध्यान दिन आवश्यक छ।

अन्त्यमा, दक्षिण एसियाकै विशिष्ट समस्याका रूपमा रहेको दलित समुदायमाथि जबर्जस्ती थोपरिएको छुवाछुत, जातीय विभेद र समग्र क्षेत्रमा बहिष्करणको समस्या दलित समुदायको समस्या नभई राज्यको गम्भीर समस्या हो। विश्वमा मानव विकास र सभ्यताका हिसाबले पनि आजको एक्काइसौँ शताब्दीमा छुवाछुत र जातीय विभेद हुनु लाजमर्दो स्थिति हो। त्यसैले, नेपाल सरकारले छुवाछुतमुक्त राष्ट्र घोषणालाई प्रभावकारी कार्यान्वयन गर्न, दलित समुदायमाथि राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिकलगायत जीवनका समग्र क्षेत्रमा राज्य स्वयंले नै विगतमा सुनियोजित तरिकाबाट बहिष्करण गर्दै असमावेशिताको नीति अवलम्बन गरिएको तथ्यप्रति पश्चात्ताप गरी आत्मसातीकरण गर्दै वर्तमान प्रचण्ड सरकारले यो समुदायको समग्र क्षेत्रको विकासका लागि रणनीतिक महत्त्वको नीति र कार्यक्रम अघि सार्न आवश्यक छ। यसैको अंशका रूपमा गृह मन्त्रालयले माथि उल्लेख गरिएका कानुनी संशोधन, संरचनागत, नीतिगत र प्रशासनिक सुधारका निर्णय गरेर दलित मुद्दामा आफ्नो ऐतिहासिक कार्यभार पूरा गर्नुपर्ने देखिन्छ। यसका लागि सरोकारवाला पक्षको दबाब, खबरदारी र संघर्ष पनि त्यत्तिकै जरुरी देखिन्छ। यसमा सबै पक्ष गम्भीर बन्न आवश्यक छ।

(रम्तेल संविधानसभाका सदस्य तथा दलित मुक्ति मोर्चाका फ्रयाक्सन इन्चार्ज हुन्)

---

३ प्रश्न

यातायातविज्ञ **आशिष गजुरेललाई**



सञ्चालन सुरु भएको एक महिना नपुग्दै द्रुत बस सेवाको दुर्दशा देखिनुको कारण के होला ?

यो दुर्दशा देखिएको होइन, हामीसँग संयम, रणनीति र सोच नभएको मात्र हो। द्रुत बस सेवा बन्द गर्नेतिर लाग्नुभन्दा पनि यसको सिकाइ र मापदण्ड महत्त्वपूर्ण हो। आजसम्म केके सिकाइ भयो, अब कसरी अघि बढ्ने र यसलाई कसरी व्यवस्थित बनाउने भन्नेतर्फ चासो दिनुपर्छ। द्रुत बसलाई बन्द गर्ने होइन, सुधार र व्यवस्थापनतर्फ 'होमवर्क' गर्नु जरुरी छ। यस्तो बस सेवा आवश्यक पनि छ।

भद्रगोल र असुरक्षित सार्वजनिक यातायात चाडबाडको वेला झनै भद्रगोल देखिने किन होला ?

जनतालाई सुरक्षित यात्रा गराउने र गन्तव्यसम्म पुर्‍याउने दायित्व राज्यको हो। तर, राज्यको सार्वजनिक यातायातमा लगानी छैन। सार्वजनिक यातायातमा निजी क्षेत्रको लगानी र उसैको नियन्त्रण छ। दसैँ, तिहारमा अरू बेलाभन्दा बढी सवारी साधनको माग हुन्छ। यसको दीर्घकालीन समाधानका लागि राज्यले यातायातमा लगानी गर्नुपर्छ। विकल्पमा स्कुल बन्द हुँदा थन्किएका स्कुल र सरकारी कार्यालयका बस प्रयोग गर्न पनि सकिन्छ।

सडकको दुर्दशाका कारण चाडबाडका वेला बढी हुने दुर्घटनामा कसरी रोकथाम गर्न सकिएला ?

सडकको मर्मत सम्भारमा सरकारको ध्यान पुगेको छैन। निर्माणमा लगानी गर्न कस्सिने सरकारले नियमित मर्मत सम्भारमा ध्यान दिँदैन। खाल्डाखुल्डीरहित सडकबारे हाम्रो सोच नै छैन। अव्यवस्थित सडक पनि दुर्घटनाको कारक हो। सडकका खाल्डाखुल्डीका कारण दसैँमा घर फर्कने यात्रुले निकै सास्ती भोगिरहेका छन्। यसको सुधारमा राज्यको ध्यान जानु जरुरी छ।

प्रेरक प्रसंग

भित्तालाई एक कप कफी !

जापानको टोकियो सहरनजिकको एक गाउँ आफ्नो खुसियालीका लागि प्रसिद्ध थियो। एकपटक एक पत्रकार त्यस गाउँको खुसियालीको कारण बुझ्न बिहानै गाउँमा पुगे। गाउँमा उनले एक कफी सप देखे। उनले मनमनै सोचे- यही कफी सपमा चुपचाप बसेर मानिसका गतिविधि नियाल्नुपर्‍यो। उनी कफी सपको एक कुर्सीमा बसे र एक कप कफी अर्डर गरे। कफी सप सहरका रेस्टुरेन्टजस्तै झकिझकाउ देखिन्थ्यो। तर, त्यहाँ आउने मानिसका कतिपय गतिविधि भने उनलाई अनौठा लागे। उनी पसेको केही समयपछि एकजना मानिस त्यहाँ आए। उनले दुई कप कफीको पैसा तिर्दै भने- दुई कप कफी ! एक कप मेरा लागि र एक कप त्यो भित्ताका लागि। पत्रकारले भित्तातिर हेरे, तर त्यहाँ कोही पनि थिएन। वेटरले ती आगन्तुकलाई कफी दिए र कागजको एउटा टुक्रा लिएर त्यही भित्तामा टाँसिदिए। जसमा लेखिएको थियो- एक कप कफी !

त्यहाँ के भइरहेको छ भनेर पत्रकारले बुझ्न सकेनन्। उनी थप केहीबेर बसेर यसको रहस्य बुझ्ने कोसिसमा लागे। केहीबेर पछि एक गरिब मजदुर त्यहाँ आइपुगे। फाटेका थोत्रा लुगा लगाएका भए पनि उनी आत्मविश्वाससाथ कफी सपमा पसे र आरामसाथ एक कुर्सीमा बसे। यसरी मजदुरले कफी सपमा बसेर पैसा बर्बाद गर्नु पत्रकारलाई ठिक लागेन। तर, उनले कुनै प्रतिक्रिया जनाएनन्। एकैछिनमा वेटर अर्डर लिन मजदुरनजिक पुगे। मजदुरले भने- भित्ताबाट एक कप कफी ! वेटरले पैसा नलिईकनै मजदुरलाई एक कप कफी दिए र भित्ताबाट 'एक कप कफी' लेखेको टुक्रा निकालेर डस्टबिनमा फालिदिए।

यो सब देखेपछि बल्ल पत्रकारले यथार्थ बुझे। गाउँका मानिसको गरिब र अभावग्रस्त मानिसप्रतिको यो सद्भाव देख्दा उनी भावविभोर भए। गाउँलेले अरूलाई सहयोग गर्न जुन तरिका अपनाएका थिए, त्यसले गाउँका गरिब तथा अभावग्रस्त गाउँलेलाई पनि आत्मसम्मानपूर्वक बाँच्ने वातावरण सिर्जना गरेको थियो। यो सब देखिसकेपछि पत्रकारलाई गाउँको खुसियालीको रहस्यबोध भयो। र, उनी खुसीसाथ सहर फर्किए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

द्रुत बस सेवाको नौटंकी

सरकारले बडो तामझामसाथ मोटो रकम खर्च गरेर द्रुत बस सेवा सञ्चालन गर्‍यो। बस सेवा सञ्चालनका क्रममा सरकारले तीन करोडभन्दा बढी रकम त द्रुत बसका लागि लेन छुट्याउन सडकमा पेन्ट गर्नकै लागि खर्च गरियो भन्ने समाचार पनि कतै पढेको थिएँ। जब राज्यकोषबाट यति ठूलो रकम खर्चेर बस सेवा सञ्चालन गरिँदा त्यसलाई निरन्तरता दिन सक्ने ग्यारेन्टी नभई किन सञ्चालन गरियो ? जब हाम्रो भौतिक पूर्वाधार कमजोर थियो भने यसरी हचुवाका भरमा किन सेवा सुरु गरेर नौटंकी किन प्रदर्शन गरियो ?

● **भूमिका चाम्लिङ**, कौशलटार, भक्तपुर

ट्राफिक प्रहरीको सराहनीय काम

ट्राफिक प्रहरीले दसैँको समयमा यात्रारत यात्रुबाट बढी भाडा असुल्ने सवारीसाधनका कर्मचारीबाट बढी असुलिएको भाडा फिर्ता गराउन थालेको समाचार सुन्दा खुसी लाग्यो। यो ट्राफिक प्रहरीको सराहनीय काम हो। तर, ट्राफिक प्रहरीले एउटा नाका या बाटोमा रकम फिर्ता गराए पनि गाडीका कर्मचारीले अगाडि बढिसकेपछि धाकधम्की देखाएर पुनः उठाउन सक्छन्। त्यसैले, यसतर्फ पनि ट्राफिक प्रहरीको ध्यान जानु जरुरी छ। अन्यथा, यात्रु ठगिने क्रम नरोकिन पनि सक्छ।

● **सुरज डंगोल**
पकनाजोल, काठमाडौं

इन्धनको मूल्य अझै घट्नुपर्छ

सरकारले दसैँको मुखमा पेट्रोलियम पदार्थको मूल्य थोरै घटाएको छ। यसले उपभोक्तालाई ठूलो राहत नदिए पनि केही न केही राहत भने अवश्यै दिएको छ। विगतमा डिजेलमा थोरै मूल्य बढ्दा पनि सवारीसाधनको भाडा बढाउन आन्दोलन गर्ने यातायात व्यवसायीले अहिले प्रतिलिटर पाँचा रुपैयाँ मूल्य घटेको अवस्थामा सवारीसाधनको भाडा पनि केही घटाउनुपर्छ। दसैँको मुखमा यात्रा गर्ने यात्रुलाई यसले थोरै नै भए पनि राहत दिने निश्चित छ।

● **वाञ्छित शर्मा**
कुलेश्वर, काठमाडौं

गरिबले पढ्न नपाउने नै हो त ?

अध्ययनका लागि एक रुपैयाँ अभियानसम्बन्धी समचार पढ्दा एकदमै दुःख लाग्यो। बा-आमा टाढिएका अनि पढाइमा एकदमै अब्बल भाइ दीपेन्द्रले आफूलाई सरकारको तीनै तहले सहयोग नगरेपछि पढ्नका लागि नै अभियान सुरु गरे। पढ्नकै लागि अभियान चलाउनुपर्ने यो कस्तो देश हो ?

राज्यका तर्फबाट पाउने अनुदान या छात्रवृत्ति गरिबले भन्दा बढी पहुँचवालाले नै पाउने गरेका छन्। धनीले त बैंकमा घरजग्गा राखेरै भए पनि पढ्न सक्छन्, तर घरजग्गा नै नभएका गरिबले कसरी पढ्ने ? बैंकले शिक्षाका लागि ऋण सम्पत्ति देखाएर मात्र दिन्छ भने त्यो कसरी गरिबका लागि शैक्षिक ऋण भयो ?

खोइ गरिबको सरकार बन्न सकेको ? अब गरिबले के पढ्नै नपाउने हो त ? के गरिब चाहिँ खाडी मात्र जाने हो त सरकार ? सरकारको नीतिअनुसार सरकार युवालाई विदेशमा बेच्न चाहन्छ र रेमिट्यान्सले देश चलाउन चाहन्छ। राज्यले दूरगामी योजनामा ध्यान दिएकै देखिन्न।

गणतन्त्र स्थापनापछि कैयौँ मन्त्री, प्रधानमन्त्री फेरिए तर कोही पनि गरिबको प्रधानमन्त्री या नेता बन्न सकेनन्। कसैले गरिबीका कारण पढ्न नपाएकाहरूबारे सोच्दै सोचेनन्। सबैले आफू र आफ्नजिकका लागि फाइदा हुने गरी मात्र नीति बनाए। अब सरकारले पढ्न चाहने विद्यार्थीलाई ऋणको व्यवस्था गर्नुपर्छ। ऋण दिएपश्चात विद्यार्थीले स्वदेशमै बसेर पढ्नेछन् र कमाएर ऋण तिर्नेछन्। तिनले सरकारकै लागि पनि काम गर्नेछन्। त्यसपछि मात्र गरिबले पनि आफ्नो सरकार भएको महसुस गर्नेछन्।

● **रोचना उप्रेती**, वैतेश्वर-२, दोलखा
rochanalawyer@gmail.com

दिनानुदिन अस्थिर हुँदै स्पेनी राजनीति

सन् २०१५ देखि स्पेनमा राष्ट्रिय र क्षेत्रीय तहमा कामचलाउ सरकारको समयावधि विस्तार हुनु सामान्य भएको छ



देश/विदेश

● मारिया रामिरेज

स्पेनमा यही जुलाईमा भएको आमचुनावमा उग्र-दक्षिणपन्थी भोक्स पार्टीको समर्थनमा उल्लेखनीय गिरावट आयो र यसले युरोपेली राजनीतिमा दक्षिणपन्थी रुझानलाई रोक्न सक्ने आशा जगायो। तर, यसको तीन महिना बितिसक्दा पनि स्पेनमा नयाँ सरकार बनेको छैन। उसो त गतिरोध वर्षको अन्त्यसम्ममा समाप्त हुन सक्छ, तर हालको संसदीय दृश्यले स्पेनको भावी नेतृत्व चिन्ताजनक हुने देखाएको छ। मुलुकको राजनीतिक गडबडीले स्पेनको समानुपातिक मतदान प्रणाली र ध्रुवीकृत सार्वजनिक क्षेत्रलाई प्रतिबिम्बित गर्छ।

जुलाईको चुनावमा कुनै पनि प्रमुख दलले बहुमतीय सरकार बनाउन पर्याप्त सिट पाएनन्। पुरातनपन्थी पिपुल्स पार्टी र मध्यम-वामपन्थी स्पेनिस सोसलिस्ट वर्कर्स पार्टीले क्रमशः सबैभन्दा बढी सिट जिते पनि दुवैले संसदीय बहुमतका लागि आवश्यक एक सय ७६ सिट जुटाउन सकेनन्।

आर्थिक संकटपछि स्पेनको राजनीतिमा यसो हुनु सामान्य भइसकेको छ। यसले पुरानो राजनीतिक परिदृश्यलाई भंग गर्दै नयाँ पार्टी र राजनीतिज्ञको नयाँ पुस्तालाई जन्म दियो। सन् २०१५ देखि सरकार निर्माण गर्नु भनेको प्रायः साना क्षेत्रीय दलसँग जटिल गठबन्धन बनाउनु रहेको छ। गत साता पुरातनपन्थी नेता अल्बर्टो नुनेज फेइजोको प्रधानमन्त्रीका लागि दोस्रो प्रयास पनि असफल भयो। यससँगै सन् ०१८ देखि सत्तामा रहेका सोसलिस्ट नेता एवं प्रधानमन्त्री पेड्रो सान्चेज अब आफूलाई सत्तामा रहिरहन आवश्यक मतबाट थोरैले पछि छन्।

२९ सेप्टेम्बरमा प्रधानमन्त्री चयनको बहसका क्रममा चर्को र निराशाजनक आदानप्रदानले सम्भावित अस्थिरता र चुनौतीपूर्ण शासन अवस्थाको पूर्वचित्रण गरेको थियो। फेइजोले सान्चेजलाई 'झुटमा बनेको सरकार' गठन गरेको आरोप लगाएका थिए भने सोसलिस्ट पार्टीले फेइजोलाई पर्याप्त संसदीय समर्थनविनै मतदान गर्न लगाएर 'राजाप्रति बफादार नभएको' आरोप लगायो। उग्र-दक्षिणपन्थी नेता सान्टियागो एबास्कलले प्रधानमन्त्रीलाई 'फिल्मी खलनायक' भनेका छन्।

संसदीय सत्रको समयमा क्यानरी टापुका एक क्षेत्रीय पार्टीकी सांसद क्रिस्टिना वालिदोले 'किन यति धेरै शत्रुता ?' भन्दै प्रश्न गरेकी थिइन्। सामान्यतः शान्त कोर्तेस (स्पेनको संसद) मा जब सभामुखले गल्तीले मतदानलाई बेवास्ता गर्दा सांसदले ठूलो स्वरले चिच्याउँदा वालिदोले टिप्पणी गरेकी थिइन्।

आगामी साता सान्चेजले सुमारसँग वामपन्थी गठबन्धन बनाउने र राष्ट्रवादी पार्टीको समर्थन हासिल गर्ने लक्ष्य राखेका छन्। उसो त सान्चेज पुनः निर्वाचित हुनेमा विश्वस्त छन्, तथापि अप्ठ्यारा राजनीतिक लेनदेन सम्मुखमा छन्, जसमा क्याटलन पृथकतावादी पार्टी जन्ट्ससँगको वार्ता पनि समावेश छ। जन्ट्सका नेता कार्ल्स पुइग्देमोन्त अवैध क्याटलन स्वतन्त्रता जनमतसंग्रह आयोजना गरेको अभियोगबाट जोगिन सन् २०१७ मा बेल्जियम पलायन भएका थिए। सान्चेजले पुइग्देमोन्त र अन्य अधिकारीलाई आममाफी दिनेबारे विचार गर्न सक्छन्। तर, सर्त स्पष्ट नभएको अवस्थामा यस्तो सम्झौताले सान्चेज र सोसलिस्ट पार्टीप्रति स्पेनिस मतदाताले गरेको समर्थन भाँडिन सक्छ।

मुख्य क्याटलन पृथकतावादी पार्टीले क्याटलोनियामा जनमतसंग्रहमा अघि बढे मात्रै सरकारलाई समर्थन गर्ने भनेका छ, तर सोसलिस्ट पार्टीले क्याटलोनिया स्वतन्त्रताको मतदानलाई अस्वीकार गर्छ। र, पृथकतावादी पार्टी चौथो र पाँचौँ स्थानमा पछाडि पर्दा क्याटलोनियाको आमचुनावमा सोसलिस्ट पार्टीले जित हासिल गरेसँगै क्याटलान राष्ट्रवादलाई धक्का लागेको छ। यदि सान्चेजले आगामी दुई महिनामा पर्याप्त समर्थन जुटाउन सकेनन् भने स्पेनले सम्भवतः जनवरीमा आठ वर्षमा छैटौँ आमचुनावको सामना गर्न सक्छ। सोसलिस्ट पार्टी र सुमारको प्रगतिशील गठबन्धनले सरकार बनाए पनि विभिन्न स्वार्थ भएका दलको विरोधका कारण विधेयक पारित गर्न चुनौतीपूर्ण हुनेछ। यसबाहेक पुरातनपन्थी पार्टीले सिनेट (माथिल्लो सदन) मात्र नियन्त्रण जमाएका कारण परिस्थिति थप जटिल हुने देखिन्छ। स्पेनका राजनीतिज्ञ ध्रुवीकृत हुँदा सन् २०२१ को एक अध्ययनले लैंगिक समानता, सम्पत्तिको पुनर्वितरण र जलवायु संकटजस्ता मुद्दामा साधारण मानिस धेरै हदसम्म सहमत छन् भन्ने देखाएको छ। तथापि तनावको प्राथमिक स्रोत स्पेनिस एकता हो। विशेषतः स्पेनभित्र क्याटलोनियाको वर्तमान स्थितिले तनाव निम्त्याएको छ।



तस्बिर : सुसाना भेरा/रोयटर्स

स्पेनी राजनीति बेलायत वा अमेरिकाजस्तो स्पष्ट दुई-दलीय प्रणालीमा पुग्न सकेको छैन। दुई प्रमुख दलले तीन दशकसम्म सहज बहुमत हासिल गरे पनि कहिलेकाहीँ सरकार बनाउन वा कानुन पारित गर्नुपर्नेमा साना र क्षेत्रीय दलको आवश्यकता पर्थ्यो। त्यसमाथि आर्थिक संकट र त्यसको परिणामले स्पेनी राजनीतिमा थप विभाजन निम्तिएको छ। उग्र-वामपन्थी पोडेमोस (अहिले सुमारको हिस्सा), मध्य-दक्षिणपन्थी (अहिले संसद्बाहिर रहेको शक्ति) र उग्र-दक्षिणपन्थी भोक्सले मौजुदा वैचारिक ठाउँ ओगटेका छन् र कहिलेकहीँ विस्तार पनि गरेका छन्। युवा नेताले परिवर्तन र समावेशिताको सम्भावना नल्याएका होइनन्, तर कतिपयले विश्वव्यापी लोकतान्त्रिक र विभाजनकारी प्रवृत्तिलाई पनि उत्तेजित गरेका थिए। बढ्दो रूपमा विभाजित संसद्ले बारम्बार अवरोध र अल्पकालीन चुनाव निम्त्याएको छ। सन् २०१५ देखि राष्ट्रिय र क्षेत्रीय तहमा कामचलाउ सरकारको समयावधि विस्तार हुनु सामान्य भएको छ।

उल्लेखनीय मत प्राप्तिका बाबजुद पनि दुई मुख्य दल स्पष्ट सन्देश दिन संघर्ष गरिरहेका छन् र न्यायपालिकामा नियुक्तिजस्ता आवश्यक मुद्दामा समेत सहमत हुन सकिरहेका छैनन्। दोहोरिइरहने द्वन्द्वले जलवायु परिवर्तन, बाल गरिबी, स्वास्थ्य सेवा र वृद्ध जनसंख्याका लागि सामाजिक सुरक्षाजस्ता दीर्घकालीन समस्यालाई सम्बोधन गर्न पनि अप्ठ्यारो बनाइरहेको छ। त्यसमाथि सत्तारुढ दलमाझ नै थप विभाजन निम्त्याएको छ। के यो विभाजन पुरिएला त ?

(रामिरेज स्पेनको समाचार आउटलेट एलडाइरोडटइएसकी उपप्रबन्ध सम्पादक हुन्)
द गार्डियनबाट

सामान्यीकरण गरिनुहुँदैन भोकमरीको संकटलाई

हामी विश्वको जनसंख्यालाई खुवाउन पुग्नेभन्दा धेरै खाद्यान्न उत्पादन गर्छौं, तैपनि भोकमरी छ





● स्टेफेन डेभरेक्स

(खाद्य सुरक्षामा विज्ञता भएका विकास अर्थशास्त्री स्टेफेन डेभरेक्स इन्स्टिच्युट अफ डेभलपमेन्ट स्टडिजको फुड इक्विटी सेन्टरका रिसर्च फेलो पनि हुन्)

> धनी देशमा समेत असमान खाद्य प्रणालीप्रति सहनशीलता बढ्दो छ। अझै पनि यो प्रवृत्तिलाई उल्टाउने समय छ, तर यसका लागि नीति-निर्माताले समुदाय नेतृत्वका खाद्य पहलमा नागरिक-समाज संगठनसँग सहकार्य गर्नुपर्छ र सबै तहको निर्णय प्रक्रियामा सीमान्तकृत समूहको सहभागितालाई सुनिश्चित गर्नुपर्छ।

विश्वभर भोकमरीको दर सन् १९६० को दशकदेखि सन् २०१० को दशकको मध्यसम्म घट्दो क्रममा थियो। तर, कीर्तिमानी खाद्य उत्पादनका बाबजुद अहिले यो प्रवृत्ति उल्टिरहेको छ। सन् २०२१ मा लगभग ८२ करोड ८० लाख मानिस भोकमरीबाट प्रभावित भए। यो भनेको सन् २०२० को भन्दा चार करोड ६० लाख र सन् २०१९ को भन्दा १५ करोडको वृद्धि हो।

भोकमरी संकटको समस्या न्यून आय भएका देशमा मात्र सीमित छैन। संयुक्त अधिराज्य, दक्षिण अफ्रिका र ब्राजिलजस्ता धनी मुलुकमा पनि ठूलो संख्यामा मानिसहरू आफ्नो आधारभूत पोषणका आवश्यकता पूरा गर्न असमर्थ छन्। हाम्रो हालैको अनुसन्धानले असमान खाद्य प्रणाली र व्यापक भोकमरी नयाँ वास्तविकता (न्यु नर्मल) बन्न सक्ने देखाउँछ।

विश्वको छैटौं ठूलो अर्थतन्त्र बेलायतमा सन् २०२२ को सेप्टेम्बरमा सातमध्ये एकजनाले खाद्य गरिबीको अनुभव गरेका थिए। एक दशकअघिसम्म सयभन्दा कम थिए, खाद्य बैंक सञ्चालन रहेको बेलायतमा अहिले दुई हजारभन्दा बढी खाद्य बैंक सञ्चालित छन्।

ब्राजिलमा सन् २०१० को दशकको सुरुताका गरिबी र खाद्य असुरक्षा सबैभन्दा न्यून स्तरमा झरेको थियो। तर, सन् २०१४ मा सुरु भएको र सन् २०१५ मा गहिरिएको मन्दीका कारण पछिल्ला वर्षमा यो प्रगतिको धेरै हिस्सा उल्टिएको छ। सन् २०१६ मा पूर्वराष्ट्रपति डिल्मा रुसेफलाई महाभियोग लगाइएपछिको राजनीतिक उथलपुथलले यो आर्थिक संकटलाई थप चर्कायो।

सन् २०१९ मा ब्राजिलका पूर्वराष्ट्रपति जयर बोल्सोनारोले कार्यभार सम्हाल्दा उनको सरकारले भोकमरी र गरिबी घटाउनेतर्फ कुनै प्रयास गरेन र कोभिड-१९ महामारीले यी दुवैलाई झनै चर्कायो। सन् २०२२ मा अनुमानित १२ करोड ५० लाख ब्राजिलियन अर्थात् ब्राजिलका आधाभन्दा धेरै जनसंख्याले केही हदसम्म खाद्य असुरक्षाको सामना गर्नुपऱ्यो। तीन करोड ३० लाख मानिस भोकमरीमा परे। यसबाट साना बालबच्चासहितका अश्वेत समुदाय, महिला-नेतृत्वका घरपरिवार र कम आय भएका विपन्न परिवार असमान रूपमा प्रभावित भएका छन्।

ब्राजिलमा जस्तै म हुर्केको दक्षिण अफ्रिकामा पनि भोकमरीको जरा ऐतिहासिक विरासतमा गढेको छ। संविधानले पर्याप्त पोषणको अधिकारलाई सुनिश्चित गरेको भए पनि खाद्य असुरक्षा कायमै छ। यहाँ सन् २०१८ देखि २०२० को बीचमा करिब ४५ प्रतिशत जनसंख्याले मध्यम वा चरम खाद्य असुरक्षाको अनुभव गरे।

हामी विश्वको जनसंख्यालाई खुवाउन पुग्नेभन्दा धेरै खाद्यान्न उत्पादन गर्छौं। तर पनि भोकमरी छ। त्यसो भए के गलत भइरहेको छ र यसलाई कसरी ठिक गर्न सकिन्छ त ?

पहिलो समस्या के भने सरकारहरू यसमा काम गर्न अनिच्छुक छन्। बेलायतमा गहिरिँदो असमानतालाई सम्बोधन गर्न राजनीतिक इच्छाशक्तिको अभाव छ। देशको अपर्याप्त कल्याणकारी प्रणालीले खाद्य बैंक र परोपकारी संस्थाहरूलाई सुस्त हुन बाध्य बनाएको छ। यो प्रवृत्तिमा तब मात्र परिवर्तन हुनेछ, जब भोकमरीको बढ्दो स्तरले राजनीतिज्ञहरूको मतमा प्रहार गर्न थाल्नेछ।

दक्षिण अफ्रिकामा नागरिक-समाजका संगठनहरू र मिडियाले खाद्य असुरक्षाबारे जागरुकता बढाउन र सरकारलाई जवाफदेही बनाउन काम गरिरहेका छन्। उदाहरणका लागि मार्च २०२२ यता अनलाइन अखबार डेली माभरिकले 'खाद्य न्याय (फुड जस्टिस)' शीर्षकमा दक्षिण अफ्रिकामा भोकमरीबारे लेखहरूको शृंखला प्रकाशित गरिरहेको छ। गिफ्ट अफ द गिभरजस्ता देशका थुप्रै गैरसरकारी संस्थाले खाँचोमा परेकाहरूलाई खाना उपलब्ध गराउँछन् भने अन्य समूहहरूले सरकारलाई खाद्य अधिकार सुनिश्चितको आफ्नो म्यान्डेट पूरा गर्न दबाब दिन्छन्। यस्ता प्रयास पक्कै सही दिशामा छन्, तर गर्नुपर्ने अझै धेरै बाँकी छ।

दोस्रो समस्या भनेको पीडितलाई नै दोष थोपर्नु हो। यो समस्या विश्वव्यापी रूपमै छ। युकेका राजनीतिज्ञहरू मानिसहरूले खाना पकाउन वा आफ्नो घरको बजेट व्यवस्थापन गर्न नसकेर खाद्य बैंकहरूको प्रयोग गर्ने दाबी गर्छन्। यो उपाय जति अनुत्पादक छ, जत्तिकै गलत पनि छ। संरचनात्मक असमानता र शक्ति असन्तुलनले खाद्य असुरक्षालाई बढावा दिइरहेको छ। यसले साना किसान, सीमान्तकृत समूह र महिलाहरूलाई सबैभन्दा बढी मारमा पारिरहेको छ।

प्रणालीगत भोकमरी र गरिबीलाई पार गर्न खाद्य असुरक्षाको सबैभन्दा जोखिममा रहेका व्यक्तिहरूलाई केन्द्रमा राख्नुपर्छ। पोषण र उनीहरूको जीविकोपार्जन दुवैमा पहुँच सुधार गर्ने अधिक समतामूलक खाद्य प्रणालीहरू सिर्जनाको प्रयास गरिनुपर्छ। यसको अर्थ सीमान्तकृत समूहहरूको आवश्यकतालाई ध्यानमा राखेर डिजाइन गरिएका समुदायको नेतृत्वमा सञ्चालित पहलहरूलाई समर्थन गर्नुपर्छ भन्ने हो। ऐतिहासिक असमानताहरू लक्षित स्थानीय र राष्ट्रिय नीतिहरू विकास गर्न र भोकमरीबाट पीडितहरूको सबै तहका निर्णय प्रक्रियामा संलग्नता सुनिश्चित गर्नु पनि महत्त्वपूर्ण हुनेछ।

बेलायतको ब्राइटन र होभ सहरले सामुदायिक समूह र सरकारी अधिकारीले भोकमरी र गरिबीलाई सम्बोधन गर्न कसरी मिलेर काम गर्न सक्छन् भन्ने राम्रो उदाहरण प्रस्तुत गरेको छ। 'समग्र-प्रणाली' दृष्टिकोणको प्रयोग गर्दै स्थानीय सरकारका विभिन्न विभाग (स्वास्थ्य, योजना र यातायातसहित)ले स्कुलका भान्सा र सामुदायिक संगठनसँग सहकार्य गरेका छन्। यसरी यो सहरले स्वस्थ भोजनको पहुँच सुधार गर्न र बाल-मोटोपनको दर घटाउन सक्षम भएको छ। यसबाहेक, सन् २००६ यता लगातार खाद्य तथा खाद्य-गरिबीका रणनीतिहरूले सरोकारवालालाई सान्दर्भिक मुद्दा पहिचान गर्न र आवश्यकताअनुसार कार्यक्रम अनुकूलन गर्न सक्षम बनाएको छ। खाद्य संगठनमा मात्र सीमित नरहेको दिगो दृष्टिकोण नै यो सहरको सफलताको कुञ्जी भएको छ।

अन्तमा, अधिक न्यायसंगत नतिजा सिर्जना गर्न समन्वयात्मक कार्य अपरिहार्य हुन्छ। हामीले खाद्य प्रणालीले कसरी काम गर्छन् र यसबाट कसलाई सबैभन्दा बढी फाइदा हुन्छ भनेर प्रश्न गर्नु आवश्यक छ। अनुसन्धाता, अभियन्ता र परोपकारी संस्थाले स्थानीय, राष्ट्रिय र विश्वनेताहरूसँग मिलेर खाद्यान्नको उत्पादन, प्रशोधन, वितरण र उपभोगमा संरचनात्मक कमजोरी सच्याउन काम गर्नुपर्छ। सबैका लागि पर्याप्त खाद्यान्न उत्पादन गर्ने विश्वमा हामीले भोकमरीलाई जीवनको अपरिवर्तनीय तथ्यको रूपमा कहिल्यै स्विकार्नु हुँदैन। आफ्नो अर्को छाकको खाना कहाँबाट आउँला वा आउँदै छ भनेर कसैले पनि चिन्ता गर्नुपर्ने स्थिति रहनुहुँदैन।

(प्रोजेक्ट सिन्डिकेट)

इतिहासमा आज



अक्टोबर १७

सन् १९७९ : गरिब र विशेषगरी भारतका विपन्नका लागि समर्पित तथा मिसनरिज अफ च्यारिटीकी संस्थापक मदर टेरेसालाई शान्तिका लागि नोबेल पुरस्कार प्रदान।

सन् १८६१ : कुलीन-ला-रिंगो नरसंहार। अस्ट्रेलियाली आदिवासीद्वारा गोरा आप्रवासीमाथिको सबैभन्दा ठूलो नरसंहार हो। राजनीतिज्ञ होराटियो विल्सको नेतृत्वमा भिक्टोरियामा बसोवास गर्नेहरूको समूहले कुलीन-ला-रिंगो (हालको मध्य क्विन्सल्यान्ड) मा शिविर स्थापना गरेपछि यो नरसंहार भएको हो। उक्त हत्याकाण्डमा १९ जनाको मृत्यु भएको थियो।

सन् १९३३ : जर्मनीमा बढ्दो यहुदी र बौद्धिकतावादविरोधी भावनाका कारण अल्बर्ट आइन्स्टाइन संयुक्त राज्य अमेरिकामा बसाइँ सरे। उनले प्रिन्सटनमा नयाँ घर बनाए।

सन् १९५६ : बबी फिसरले गेम अफ द सेन्चुरी जिते। १३ वर्षीय फिसर र डोनाल्ड वायर्नबीचको चेस प्रतियोगिता न्युयोर्क सहरको मार्सल चेस क्लबमा भएको थियो।

सन् १९८९ : क्यालिफोर्नियामा शक्तिशाली भूकम्प। ६.९ म्याग्निच्युडको भूकम्पबाट सान्ता क्रुज काउन्टी सबैभन्दा बढी प्रभावित भएको थियो। भूकम्पका कारण ६० जनाको मृत्यु भयो। सन् १९०६ को सानफ्रान्सिस्को भूकम्पपछि सान एन्ड्रियास फल्टमा गएको पहिलो ठूलो भूकम्प थियो।

विश्व संक्षेप

चार युक्रेनी बालबालिकालाई रुसबाट फिर्ता गराउने सहमति

दोहा/ मस्कोले किभमाथि गरेको आक्रमणपछि रुस लगिएका चारजना युक्रेनी बालबालिकालाई कतारको मध्यस्थतापछि आफन्तसँग पुनर्मिलन गराइने भएको छ। हजारौं युक्रेनी बालबालिकालाई कब्जामा रहेको इलाकाबाट रुस लगिएको मस्कोमाथि आरोप लाग्दै आएको छ। दुईदेखि १७ वर्ष उमेर समूहका ती बालबालिका मस्कोस्थित कतारी दूतावासमा बस्दै आएका छन् भने दोहाले रुसी र युक्रेनी अधिकारीबीच मध्यस्थता गरेको एक कूटनीतिज्ञले जानकारी दिए। तीमध्ये एक बालककी आमालाई रुसमा हिरासतमा राखिएको छ र अर्को बच्चा, जसले युद्ध सुरु हुँदा रुसको अस्पतालमा छँदा आफ्नी आमासँग सम्पर्क टुटेको थियो।

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले राष्ट्रपति भ्लादिमिर पुटिन र उनका बालअधिकार आयुक्त मारिया-ल्भोभा बेलोभाविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ। नाम नबताउने सर्तमा ती कूटनीतिज्ञले भने, 'युक्रेनी र रुसी दुवै मुलुकका अधिकारीले बालबालिकाको सुरक्षा सुनिश्चित गर्न र उनीहरूलाई युक्रेन फिर्ता हुन सहयोग गरिरहेका छन्।' ती बालबालिकालाई उनीहरूको परिवारबाट अलग भएको समयमा रुसी सरकारले हेरचाह र उपचार प्रदान गरेको थियो।

हमासले बन्धक बनाएकालाई तत्काल रिहाइ गर्नुपर्छ : गुटेरेस

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले हमासद्वारा बन्धक बनाइएका मानिसलाई तुरुन्त रिहा गर्न आह्वान गरेका छन्। उनले गाजा क्षेत्रमा यथाशीघ्र मानवीय सहायता पुऱ्याउन पनि आग्रह गरेका छन्। हमासले बन्धकहरूलाई तुरुन्तै रिहा गर्न र इजराइलले गाजा क्षेत्रका नागरिकलाई मानवीय सेवाको आपूर्ति तथा आवश्यक कामदारका लागि सहायता प्रदान गर्नुपर्ने महासचिवको भनाइ छ। जोर्डन, पश्चिम किनार र इजरायलमा खाद्यान्न, पानी, गैर खाद्यवस्तु, चिकित्सा, एवं इन्धनको आवश्यकता रहेको भन्दै महासचिवले त्यसको तत्काल आपूर्तिका निम्ति आग्रह गरेका छन्। 'मध्यपूर्व अहिले असहज परिस्थितिमा छ,' उनले भने।

यसैबीच, विदेशी नागरिकलाई इजिप्ट भाग्न अनुमति दिन गाजामा अस्थायी युद्धविराम भएको भन्ने समाचारलाई इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुको कार्यालयले अस्वीकार गरेको छ। यद्यपि उत्तरी गाजाबाट दक्षिणतिर भाग्न स्थानीय समयअनुसार बिहान ८ बजेदेखि दिउँसोसम्म सीमित समय थप्न इजरायली सेनाले वाचा गरेको छ।

विश्वव्यापी चुनौती सामना गर्ने चिनियाँ दृष्टिकोण



● हुसेन अस्करी

(हुसेन स्वीडेनको बेल्ट एन्ड रोड इन्स्टिच्युटका उपाध्यक्ष हुन्।)

> ग्लोबल सेक्युरिटी इनिसिएटिभको सबैभन्दा राम्रो प्रमाणीकरणमध्ये एक साउदी अरेबिया र इरानबीच मार्च सन् २०१३ मा चीनले मध्यस्थता गरेको मेलमिलाप थियो। यसले दुई देशको मात्र नभई सम्पूर्ण मध्यपूर्व र बाहिरको सुरक्षाका लागि प्रभाव पारेको छ। यो सुरक्षा उपलब्धि सन् ०२२ मा चीन र अरब देश तथा चीन र इरानबीचको आर्थिक सहयोगको अभूतपूर्व स्तरोन्नति हुनुअघि थियो।

चीनका राष्ट्रपति सी जिनपिङले इतिहासमा सबैभन्दा ठूलो विश्वव्यापी विकास प्रयास बेल्ट एन्ड रोड इनिसिएटिभ प्रस्ताव गरेको १०औँ वर्षमा विश्व एउटा दोबाटोमा खडा छ। एक दिशामा भूराजनीतिक प्रतिस्पर्धा, शून्य योग खेल, द्वन्द्व र अस्थिरता छन् भने अर्को दिशामा दुवै पक्षलाई समान सहयोग, शान्ति र समतामूलक विकास छन्।

यसविरुद्धमा केही पश्चिमा शक्तिको नेतृत्वमा व्यापक अपमानपूर्ण अभियानका बाबजुद चीनले १५० भन्दा बढी देश र ३० भन्दा बढी अन्तर्राष्ट्रिय संस्थासँग बिआरआई सहयोग कागजातमा हस्ताक्षर गरेको छ, जसले पहल प्रदर्शनको प्रमाण दिन्छ।

विश्व अझै पनि अस्तित्वको खतरा (प्राकृतिक र मानव निर्मित)बाट उत्पीडित छ र संयुक्त राष्ट्रसंघीय ०३० दिगो विकासका लक्ष्य टाढाभन्दा टाढा धकेलिएका छन्। केबल चीन र यसको बेल्ट एन्ड रोड इनिसिएटिभले मात्र यी सबै चुनौती पार गर्न सक्दैन।

केही समयअघि अफ्रिकाको जोहनेसबर्गमा आयोजित ब्रिक्स शिखर सम्मेलनमा आफ्नो सम्बोधनमा राष्ट्रपति सीले एउटा प्रसिद्ध अफ्रिकी उखान स्मरण गरेका थिए, 'तिमी छिटो जान चाहन्छौ भने एक्लै जाऊ, तर टाढा जान चाहन्छौ भने सँगसँगै जाऔं।' यसले विगत ४० वर्षभन्दा बढीको अवधिमा चीनको तीव्र गतिको आर्थिक विकासका साथै विश्वव्यापी चुनौती पार गर्न अन्य देशसँग मिलेर काम गर्नुपर्ने आवश्यकता प्रतिबिम्बित गर्छ।

विश्व इतिहास र दर्शनमा आफ्नो गहिरो ज्ञानका साथ राष्ट्रपति सीले यी चुनौतीको सामना गर्न चारवटा पहलको प्रस्ताव गरेका छन्। चिनियाँ परम्परामा 'सद्भाव'को धारणा केवल आध्यात्मिक विषय होइन, बरु एक समग्र दृष्टिकोण हो, जुन राष्ट्रिय र विश्वव्यापी तहमा शासनसहित जीवनका अन्य तत्त्वमा फैलिएको छ।

विश्वले विगतका वर्षमा सन् २००८ को विश्वव्यापी वित्तीय संकटदेखि कोभिड-१९ महामारीसम्मको शृंखलाबद्ध संकटको सामना गरेको छ। यी संकटले विभिन्न देश र क्षेत्रमा फरक-फरक प्रभाव पारेको छ र तिनीहरूको (विशेषगरी महामारी कालको समयमा) देशहरूमा पारेका भयानक आर्थिक प्रभाव अहिले पनि जारी छन्।



मे ४ मा कजाकिस्तानको अल्माटीमा रहेको फोटोभोल्टिक पावर प्लान्टमा सौर्य ऊर्जा प्यानल अवलोकन गर्दै मजदुर। तस्बिर : सिन्हुवा

'कोभिड-१९ को गम्भीर धक्काको पृष्ठभूमिमा सन्तुलित, समन्वय र समावेशी वृद्धिको नयाँ चरणमा विश्वव्यापी विकासलाई अघि बढाउन' राष्ट्रपति सीले सन् ०२१ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाको ७६औँ बैठकमा आफ्नो भिडियो सम्बोधनमा विश्वव्यापी विकास पहलको प्रस्ताव राखेका थिए।

विश्वव्यापी विकासलाई प्रवर्द्धन गर्न राष्ट्रपति सीले 'विकासलाई प्राथमिकतामा राखेर प्रतिबद्ध रहन' आह्वान गरे। 'विकास' भनेको के हो भन्ने विषयमा जानाजानी वा अन्य ढंगले ठूलो भ्रम सिर्जना गरिएको छ। औद्योगिक अर्थतन्त्रले आफ्नो र विकासोन्मुख देशका लागि विकासका छुट्टै स्तर परिभाषित गरेका छन्। तिनीहरूको सम्बन्ध 'सहायता' नीतिमध्ये एक हो, जुन अन्याय र विभेदपूर्ण छ।

अर्कोतर्फ ब्रिक्स शिखर सम्मेलनमा सीले भने, 'विकास सबै देशहरूको अविभाज्य अधिकार हो, केवल केहीका लागि आरक्षित विशेषाधिकार होइन।' उनले अगाडि थपे, 'विश्व आर्थिक पुनरुत्थान अझै पनि अस्थिर छ र विकासोन्मुख देशहरूका लागि डरलाग्दो चुनौती छन्। यसले सन् ०३० को दिगो विकास लक्ष्य प्राप्त गर्ने तिनीहरूको प्रयासलाई बाधा पुऱ्याइरहेको छ।

सन् २०२१ मा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्दै राष्ट्रपति सीले विकासको अर्थ ' गरिबी निवारणमा प्राथमिकताका आधारमा सहकार्यलाई अगाडि बढाउने, खाद्य सुरक्षा, कोभिड-१९ विरुद्धको प्रतिक्रिया र खोप, विकास वित्तपोषण, जलवायु परिवर्तन र हरित विकास, औद्योगीकरण, डिजिटल अर्थतन्त्र र कनेक्टिभिटीलगायत अन्य क्षेत्र र दिगो विकासको लागि संयुक्त राष्ट्र २०३० एजेन्डाको कार्यान्वयनलाई तीव्रता' दिने बताएका थिए। यो एउटा यस्तो प्याकेज हो, जसका बारेमा कुनै भ्रम छैन।

रुस-युक्रेन द्वन्द्वको प्रकोपसँगै विश्व हिंसा र असुरक्षाको नयाँ चपेटामा परेका बेला सबै देशको 'सुरक्षा'को रूपरेखा प्रस्तुत गर्दै राष्ट्रपति सीले सन् ०२२ को अप्रिलमा ग्लोबल सेक्युरिटी इनिसिएटिभको प्रस्ताव गरे।

ग्लोबल सेक्युरिटी इनिसिएटिभका मुख्य तत्त्व ठूला वा साना सबै पक्षको सुरक्षा सरोकारलाई ध्यानमा राख्नुपर्छ। सुरक्षा र विकास अविभाज्य छन्। आर्थिक विकासविना शान्ति-सुरक्षा हुन सक्दैन र शान्ति-सुरक्षाविना आर्थिक विकास हुँदैन। अफगानिस्तान, इराक, लिबिया, सिरिया, सोमालिया र अन्य देशमा अमेरिका र नेटोले गरेजस्तै बन्दुकको शक्तिबाट सुरक्षा 'लाद्ने' प्रयास नराम्ररी विफल मात्र भएन, बरु विश्वव्यापी सुरक्षा अवस्थालाई पनि बिगाऱ्यो।

ग्लोबल सेक्युरिटी इनिसिएटिभको सबैभन्दा राम्रो प्रमाणीकरणमध्ये एक साउदी अरेबिया र इरानबीच मार्च ०१३ मा चीनले मध्यस्थता गरेको मेलमिलाप थियो। यसले दुई देशको मात्र नभई सम्पूर्ण मध्यपूर्व र बाहिरको सुरक्षाका लागि प्रभाव पारेको छ। यो सुरक्षा उपलब्धि सन् ०२२ मा चीन र अरब देश तथा चीन र इरानबीचको आर्थिक सहयोगको अभूतपूर्व स्तरोन्नति हुनुअघि थियो।

राष्ट्रपति सीले मार्चमा प्रस्ताव गरेको ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ यस अर्थमा अद्वितीय छ कि यसले 'संस्कृतिको संवाद'को आधारमा विश्वव्यापी शासन र देशबीचको सम्बन्धको लक्ष्य स्थापना गर्न आह्वान गर्छ।

ग्लोबल सिभिलाइजेसन इनिसिएटिभले विभिन्न संस्कृति, इतिहास, धर्म, जीवनशैली र राजनीतिक र सामाजिक प्रणाली भएका देशबीच शान्तिपूर्ण सहअस्तित्वको अनुभूति गर्ने माध्यमलाई सम्बोधन गर्न राजनीतिक संवादको कोठालाई पूर्ण रूपमा नयाँ तहमा पुऱ्याएको छ।

राष्ट्रपति सीको विचारमा ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ ध्रुवीकरण र साझा समृद्धि, शुद्ध भौतिकवादी खोज र समन्वित सामग्री, सांस्कृतिक र नैतिक उन्नति र 'मानिस र प्रकृतिबीचको मेलमिलाप सिर्जना गर्ने' बीचको विकल्प हो। त्यस्तै, यो शून्य योग खेल र परस्पर सहयोग, अन्य देशको विकास मार्ग पछ्याउने र देशलाई उपयुक्त हुने बाटोमा विकास हासिल गर्नेबीचको छनोट हो।

ग्लोबल सिभिलाइजेसन इनिसिएटिभको प्रस्ताव राखेर राष्ट्रपति सीले बेल्ट एन्ड रोड इनिसिएटिभको बहुआयामिक दृष्टिकोणमा 'मानवजातिको साझा भविष्य भएको समुदाय'को अवधारणा थपेर पत्रैपत्र भएको एउटा केकमा बरफ र चेरीलाई माथि राखेका छन्।

(चाइना डेलीबाट)

पूर्वी नेपालको समृद्धि कोशी करिडोरमा

कोशी प्रदेशलाई आर्थिक र सामाजिक प्रगतिको बाटोमा लैजान करिडोरका उत्तर-दक्षिण नाका यथाशीघ्र खोल्नुपर्छ



अर्थ संवाद

• हिक्मतसिंह ऐर

सन् २०१९ मा चीनका राष्ट्रपति सी जिनपिङले नेपाल भ्रमण गरे । भ्रमणका वेला दुवै पक्षले नेपालका उत्तर-दक्षिणका कोशी आर्थिक करिडोर, गण्डकी करिडोर र कर्णाली आर्थिक करिडोर गरी तीन करिडोरको विकास परियोजना अघि बढाएर रोजगारी सिर्जना गर्ने, स्थानीय जीविकोपार्जनमा सुधार गर्ने तथा आर्थिक वृद्धि र विकासलाई प्रोत्साहित गर्ने घोषणा गरे ।

नेपाललाई भूपरिवेष्टित राष्ट्रबाट भूजडित राष्ट्र बनाउन सन् २०१७ मा नै नेपालले चीन सरकारको प्रस्तावित बिआरआई सम्झौता स्वीकार गऱ्यो । साथै, सन् २०१८ मा पनि चीनमा भएको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणका वेला भएका सम्झौतामध्ये उत्तरतर्फबाट नेपाल जोड्न पूर्वी नाका संखुवासभाको किमाथाङ्का र ताप्लेजुङको तिप्तला नाकाबाट व्यापार हुने व्यवस्था मिलाउने सहमति भएको थियो ।

ट्रान्स हिमालयन मल्टी मोडेल कनेक्टिभिटी सञ्जालको ढाँचामा कनेक्टिभिटी बढाउने, सुक्खा बन्दरगाह, सडक निर्माण एवं विस्तार गर्ने गरी भएको विगतको सम्झौतापत्रबमोजिम कुनै नयाँ परियोजनाको पहलकदमी यसपटक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणबाट भएन । विकास सहायताभन्दा बढी ऋण सहयोगबाट दीर्घकालीन साझेदार बनाउन चाहने चिनियाँ नीतिले पनि नेपाल यसतर्फ अघि नसरेको हुनुपर्छ । पोखरा विमानस्थल निर्माणार्थ लिएको चिनियाँ ऋण र पाँचवटा हवाईजहाजको बोझले थप पूर्वाधार विकासका लागि ठूलो ऋण लिन सक्ने अवस्था छैन । यस भ्रमणबाट उत्तरतर्फको भूभाग जोड्ने हिल्सादेखि सिमीकोट, हुम्ला सडक निर्माणबाहेक अन्य उत्तर-दक्षिणका आवश्यक नाकासम्म सडक पूर्वाधार निर्माण हुनेबारे कुनै सम्झौता भएको देखिँदैन, जुन आवश्यक थियो ।

किन आवश्यक छ उत्तर-दक्षिण कोशी करिडोरको सडक सञ्जाल ? : ५० वर्षको इतिहासमा ०२२-२४ देखि सुरु भएको पूर्वी पहाडका जिल्लाबाट तराई बसाइँसराइको शृंखला चलिरहेको छ । औद्योगिक नगरी विराटनगर, झापा र मोरङको उर्वर भूमि, प्रशस्त वनजंगलको सुविधा तथा रोजगारको स्रोतबजार भारतसँग जोडिएका नाकाले पूर्वी पहाडका ११ वटै जिल्लाको जनशक्ति, पुँजी र व्यापारलाई इनारुवादेखि काँकडभिट्टासम्म पलायन गरेको पाइन्छ ।

भारतजस्तै उत्तरतर्फको छिमेकी मित्रराष्ट्र चीन-तिब्बत हाम्रा लागि महत्त्वपूर्ण छन् । हिमाली एवं मध्यपहाडी भूभागमा बस्ने जनताको सामाजिक एवं आर्थिक गतिविधि उत्तरी भूभाग तिब्बतसँग परापूर्वकालदेखि नै हुँदै आइरहेको पाइन्छ । चीनतर्फको उत्तरी नाकासँग जोडिएका भञ्ज्याङहरूमध्ये ताप्लेजुङको तिप्तला र संखुवासभाको किमाथाङ्का नाका कोभिडआघि दुवै देशले खुला गरेका थिए । तर, विगत तीन वर्षदेखि यी नाका बन्द छन् । यद्यपि, दुवै पक्षको सहमतिपछि दसैँसम्म खुल्ने सम्भावना देखिन्छ ।


प्रमुख उत्तरी नाकामध्ये किमाथाङ्का नाका संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीबाट उत्तर २२४८ मिटरको उचाइमा पर्छ । यस नाकापारि चीनले सन् २०११ मा नै चाइनिज पोस्ट राखी नेपालीलाई आवतजावत गर्न दिने व्यवस्था गरेको थियो । सन् २०१५ मा यस नाकाबाट ७७ सय व्यक्ति आवतजावत भएको रेकर्ड पनि पाइन्छ । विराटनगरबाट संखुवासभाको खाँदबारी हुँदै किमाथाङ्का नाकासम्मको दूरी ३६२ किमि छ । विराटनगरबाट खाँदबारी २०० किमिको पक्की रोड छ । खाँदबारीबाट नुम उपत्यकाको गोला, बरुणसम्मको कच्ची मोटरेबल बाटो बनी गाडीहरू चलिरहेका छन् ।

खाँदबारीमा रहेको होटेल आरतीका प्रबन्ध निर्देशक नवीन औलीका अनुसार बरुण नदीमा पुल बन्न बाँकी छ । पुल बनेपछि त गाडीमाथि क्याँमान भन्ने ठाउँसम्म पुगी त्यहाँबाट मात्र १३ किमिमा किमाथाङ्का नाका पुगिन्छ । माथि किमाथाङ्का नाकाबाट तल चेपुवा भन्ने ठाउँसम्म सडकको ट्याक खुलिसकेको छ । बीचमा चेपुवादेखि तल चेपुवा भिरमा सडकको ट्याक खोल्न ४-५ किमिको काम मात्र बाँकी छ, नेपाली सेना यसमा लागिपरेको छ, यो काम हुनेबित्तिकै किमाथाङ्का नाकासम्म मोटरको बाटो खुल्नेछ ।

सरकारले किमाथाङ्का नाकामा सुक्खा बन्दरगाह बनाउने योजनाअन्तर्गत २०० रोपनी जग्गा अधिग्रहण गरे पनि कामचाहिँ केही भएको छैन । किमाथाङ्का नाकाबाट पारि चीन तिब्बतको साँगा र त्यसपछि चीन-तिब्बतको डिन्गी काउन्टीको ठूलो सहर देनदाङ बजार पर्छ । त्यहाँबाट तिब्बतको राजधानी ल्हासा र ठूलो सहर सिगात्सेको दूरी मात्र ३०० किमि छ । त्यसैले भविष्यमा यो किमाथाङ्का नाका नेपालबाट चीन-तिब्बतको राजधानी एवं प्रमुख सहर जोड्न सक्ने सबैभन्दा छोटो बाटो हुने देखिन्छ ।

किमाथाङ्का क्षेत्र देशको दक्षिणी तराईको भूभागसँग कोशी करिडोरको सडकमार्ग जोडिन्छ । यस करिडोरमा उत्तरी किमाथाङ्का नाकाबाट नुम उपत्यका-खाँदबारी-दुम्जटार-वसन्तपुर, हिले धनकुटा-धरान-इटहरी हुँदै विराटनगरको नाकाबाट भारतीय नाका जोगबनी जोडिन्छ । यस करिडोरको पूर्ण सञ्चालनपछि आर्थिक रूपले चीन र भारतलाई यो सडक बाटोले छोटो एवं इकोनोमिक रूपमा जोड्न सकिन्छ । प्रदेशको राजधानी विराटनगर र वरपरको औद्योगिक क्षेत्रले पनि दुवै ठूला राष्ट्रबाट कच्चा पदार्थ ल्याई दुवै देशमा सामान निर्यात गर्न सक्ने सम्भावना पनि देखिन्छ । जलविद्युत्को अपार सम्भावना बोकेको अरुण नदीमा अरुण एकदेखि तीनसम्मका ठूला जलविद्युत्का परियोजना सञ्चालनमा छन् । पर्यटकीय दृष्टिकोणबाट हेर्दा यस क्षेत्रमा अरुणलगायत सात नदीको सप्तकोशीमा जलयात्राका थप गतिविधि गर्न सकिन्छ । ट्रेकिङका गतिविधिमध्ये नुम उपत्यका हुँदै मकालु वरुण राष्ट्रिय निकुञ्जको मुख्य कार्यालय सेदुवाबाट प्रवेश गरी तुसी गाउँ हुँदै पश्चिम ट्रेकिङ गरी मकालु बेसक्याम्प हुँदै नाम्चे, लुक्लासम्म पनि पुग्न सकिन्छ । अर्कोतर्फ, सेदुवाबाट पूर्वतर्फ ट्रेकिङ गर्दा गढीडाँडा, उवा, गोला, बरुण बजार चिपुवा, लिन्गम हुँदै किमाथाङ्का नाका पुगिन्छ ।

अत्यन्त रमणीय यस क्षेत्रमा जैविक विविधतासँगै सांस्कृतिक रूपमा अनेकौँ किराँती, राई, लिम्बूका बस्ती छन् । दुम्लिङटारमा माता मनोकामनाको दर्शन गरी वसन्तपुर, हिले, धनकुटा हुँदै धरान बजार पुगिन्छ । धरान बजारवरपर विजयपुर डाँडामा धार्मिक स्थल र बराहक्षेत्र, रामधुनी, चतरा अर्को महत्त्वपूर्ण धार्मिक स्थलको सर्किट छ । त्यस्तै, मध्यपहाडी क्षेत्रका महत्त्वपूर्ण पर्यटकीय गन्तव्यहरू हलेसी महादेव, भोजपुर र चैनपुरको सिद्धकाली, मुन्दुम ट्रेलका डाँडा, संखुवासभाको छाँकुटी गुराँसे डाँडा, तेह्रथमको वसन्तपुर, तिनजुरे र गुफापोखरी पनि पुगिन्छ ।



> करिडोरको पूर्ण सञ्चालनपछि आर्थिक रूपले चीन र भारतलाई छोटो दूरीबाट जोड्न सकिन्छ । प्रदेशको राजधानी विराटनगर र वरपरको औद्योगिक क्षेत्रले पनि दुवै ठूला राष्ट्रबाट कच्चा पदार्थ ल्याई दुवै देशमा सामान निर्यात गर्न सक्ने सम्भावना बन्छ ।

कोशी प्रदेशको मध्यभूभागको पश्चिम घुर्मी-दिक्तेलबाट भोजपुर-हिले, मेग्लुलुङ-वसन्तपुर, गणेशचोक-चिमेभञ्ज्याङपूर्वसम्म नेपालको मध्यपहाडी लोकमार्ग पनि पर्छ । यस मध्यपहाडी लोकमार्गसँगै ग्रेट हिमालयन ट्रेलको अवधारणामा पदयात्रा पनि हुने गर्छ । पदमार्ग ट्रेकिङमा नयाँ अवधारणाको मुन्दुम ट्रेल पदमार्ग, जुन ट्रेल सिन्धुलीको खुर्कोटबाट, खोटाङको हलेसी महादेवस्थानको दर्शनपछि चखेवाबाट ट्रेकिङ सुरु गरी मैयुङ डाँडा, उत्तरमा धोतरे, हाँस पोखरी हुँदै साँवा गाउँ, भोजपुर पुगिन्छ । भोजपुर सदरमुकामबाट सडकमार्गबाट लेगुवाघाट हुँदै हिले धनकुटापछि कोशी करिडोर सडकमार्गमा जोडिन्छ । यस्ता अनेकौँ अवधारणामा पदमार्गको ट्रेकिङ प्याकेज बनाई, भारतीय, चिनी एवं बंगलादेशी पर्यटकलाई स्थलमार्ग हुँदै उत्तरतिर र दक्षिणतिरबाट ल्याउन सकिने सम्भावना छ ।

पछिल्ला १० वर्षमा कोशीमा पर्यटक सेवा सुविधामा राम्रो प्रगति भई अनेकौँ गन्तव्यहरूका होटेल तथा रेस्टुरेन्ट क्षेत्रमा ठूलो लगानी भएको पाइन्छ । विराटनगरका वरिष्ठ पर्यटन व्यवसायी भवेष श्रेष्ठका अनुसार हाल कोशी प्रदेशका प्रमुख गन्तव्यमा लगभग ४५० देखि ५०० सम्म दुईतारेदेखि पाँचतारेसम्मका टुरिस्टस्तरका होटेल छन् । यस करिडोरवरपरको बाटोमा राम्रो खाने-बस्ने व्यवस्था निजी क्षेत्रले गरेको पाइन्छ ।

निजी पर्यटन व्यवसायीले कोशी करिडोरसँग जोडिएका गन्तव्यमा ठूलो लगानी गरेका छन् । अब थप व्यापार र पर्यटकीय गतिविधि प्रोत्साहन गर्न सरकारले यस खण्डको सडक पूर्वाधार बनाउनुपर्छ । गाउँघरको कृषि उत्पादनलाई नेपाल, भारततर्फ र उत्तर चीन-तिब्बतमा दिङ्लाको रुद्राक्ष, बुद्धचित्त आदि महत्त्वपूर्ण जडीबुटीलाई त्यसको ठूलो बजारसम्म पुऱ्याउन महत पुग्ने देखिन्छ ।

तसर्थ, सम्पूर्ण कोशी प्रदेशलाई आर्थिक र सामाजिक प्रगतिको बाटोमा लैजान कोशी करिडोरका उत्तर-दक्षिण नाकालाई यथाशीघ्र खोल्नुपर्छ । करिडोरमा आवश्यक पर्ने सडक, सुक्खा बन्दरगाह, भन्सारचौकी, सुरक्षा आदि पूर्वाधारको निर्माण आफ्नै स्रोतबाट सम्पन्न गरी सुचारु गर्नुपर्ने देखिन्छ । चीन सरकारले आफ्नो तिब्बततिर गर्नुपर्ने पूर्वाधार निर्माणको काम सम्पन्न गरिसकेको छ । विगतमा पहिलोचोटि अरुण जलविद्युत् परियोजनाको ठेक्का रद्द गरी विद्युत् उत्पादनमा कैयौँ वर्षको समय खेर फालिसकिएको छ । यस करिडोरको पूर्वाधार विकासमा त्यही निर्यात नदोहोरियोस् । साथै, जतिसक्दो छिटो चीन र भारतलाई सडक मार्गबाट जोड्दै भूजडित राष्ट्रका रूपमा कोशी प्रदेशले नै यस देशको विकासको बाटो खोलोस् ।

(ऐर नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हुन्)

अर्थ ज्ञान

नेपालको पहिलो पाँचतारे : डेला अन्नपूर्ण

नेपालको पहिलो पाँचतारे होटेल दरबारमार्गस्थित डेला अन्नपूर्ण हो । यो होटेल तत्कालीन अधिराजकुमारी हेलेन शाहको अगुवाइमा सन् १९६५ बाट सञ्चालनमा आएको हो । सुरुमा पाँचतारे खोल्ने सोच नभए पनि, दरबारले निम्त्याएका विदेशी पाहुना राख्न लक्जरी अपार्टमेन्ट खोलिएको थियो ।
दरबारमा आयोजना हुने शुभकार्यमा अक्सर विदेशी विशिष्ट पाहुना निम्त्याइन्थ्यो । राजाको राज्याभिषेक, राजपरिवारका छोराछोरीको विवाह, भोजमा विदेशी पाहुना आउँथे । तर, ती विशिष्ट पाहुनाको सत्कारका लागि राम्रो होटेलै थिएन । काठमाडौँमा लक्जरी होटेलको आवश्यकतालाई मध्यनजर गरी पाँचतारे अन्नपूर्ण होटेल खोलिएको थियो । तर, कोभिडयता भने यो होटेल बन्द अवस्थामा छ ।



हाल देशमा १८ वटा पाँचतारे होटेल सञ्चालनमा छन् । त्यसमध्ये काठमाडौं उपत्यकामा ११ वटा र फोमसलमा सातवटा छन् । हाल सञ्चालनमा रहेका पाँचतारे होटेलमा दुई हजार आठ सय ७७ कोठा र चार हजार तीन सय ४५ बेड संख्या रहेका छन् । पाँचतारे होटेलमा तीन हजार नौ सय ७८ ले प्रत्यक्ष रोजगारी पाएका छन् ।

बिजनेस @

डा. सूर्यराज आचार्य, पूर्वाधारविद्

मूलतः व्यापारिक प्रयोजनका निजी विद्यालय, शिक्षा केका लागि भन्ने सोचविनाका पाठ्यक्रम र व्यापारकै लागि छापिने पाठ्यपुस्तक ! 'नागरिक भाव'विनाका नागरिक उत्पादन गर्ने हाम्रो विद्यमान शिक्षा प्रणाली राष्ट्रका हरेक समस्यासँग कुनै न कुनै रूपमा जोडिएको छ । अलि गहन चिन्तन, छलफल गर्ने हो कि !

सोविता गौतम, प्रतिनिधिसभा सदस्य

डिमान्ड-सप्लाईको सिद्धान्त, फेयर क्लास इत्यादिमाथि नियम छ । आन्तरिक हवाई भाडा नियमन निर्देशिका, २०७३ (३) : नेपाल सरकारले लागू गरेको हवाई भाडाको न्यूनतम सीमा र उच्चतम सीमाभित्र रही नियमित सेवा सञ्चालन गर्ने वायुसेवा कम्पनीहरूले हवाई भाडादर निर्धारण गर्नुपर्नेछ । चाडबाडमा नियमभन्दा माथि गएर भाडा असुल्दा अनुगमन, नियमन गर्नुपर्दैन ?

दिलीप मुना, लगानीकर्ता

युनिलिभरले १५८० नगद लाभांश दिँदा खुसी हुनेले बैंक र अरू कम्पनीमा किन बोनस सेयर खोज्छन् ? के युनिलिभरले अरूले जस्तै नाफा बोनसबाट पुँजीकृत गरेको भए अहिलेको नेटवर्थ र इपिएस कायम हुन्थ्यो ? किन यति दोग्ला हुन् बजारका लगानीकर्ताहरू ?

अंक र अर्थ

६ आर्थिक वर्षमा नेपाल वायुसेवा निगमका दुई वाइडबडीले व्यहोर्नुपरेको नोक्सानी

आर्थिक वर्ष	आम्दानी	खर्च	घाटा
०७४/७५	३.५३ अर्ब	५.०६ अर्ब	१.५३ अर्ब
०७५/७६	६ अर्ब	९.६० अर्ब	३.५९ अर्ब
०७६/७७	५.७९ अर्ब	९.८० अर्ब	४.०१ अर्ब
०७७/७८	४.१९ अर्ब	७.९२ अर्ब	३.७३ अर्ब
०७८/७९	६.९९ अर्ब	९.९९ अर्ब	३ अर्ब
०७९/८०	७.७० अर्ब	१०.९८ अर्ब	३.२८ अर्ब (वैशाखसम्म)

स्रोत : नेपाल वायुसेवा निगम

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं ।
email: arthapatrika@gmail.com

बिआरआईको एक दशक : किन कम भयो लगानी र परियोजना ?

पछिल्लो एक दशकमा १५० देश बिआरआई परियोजनामा संलग्न भएका छन्, परियोजनाले सफलता-असफलता दुवै व्यहोर्नुपरेको छ

चीनले महत्त्वाकांक्षी योजना बेल्ट एन्ड रोड (बिआरआई)को १०औँ वर्षगाँठ मनाउँदै छ । यसकै सिलसिलामा १३० देशका राष्ट्रप्रमुख एवं प्रतिनिधि चीन पुग्न थालेका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसहित कैयौँ देशका प्रधानमन्त्री एवं राष्ट्रपतिले १७-१८ अक्टोबर बेइजिङमा आयोजना हुने शिखर सम्मेलनमा भाग लिनेछन् । यति धेरै देश यो सम्मेलनमा सहभागी हुनुले खर्बौं डलरको बिआरआई परियोजनाको विश्वमा कति प्रभाव छ र चिनियाँ कम्पनीले विदेशमा कति धेरै लगानी गरेका छन् भन्ने संकेत गर्छ ।

पछिल्लो एक दशकमा विश्वको तीनचौथाइ जनसंख्या रहेका १५० देश यो परियोजनामा संलग्न भएका छन् । यद्यपि, परियोजनाले सफलता-असफलता दुवै व्यहोर्नुपरेको छ ।

बिआरआईको उद्देश्य : तीव्र गतिले बढिरहेको अर्थतन्त्रमा भइरहेको अत्यधिक उत्पादन, महँगी र मजदुरीजस्ता चुनौतीसँग लड्न चीनले बिआरआई परियोजना सुरु गरेको विश्लेषकहरू बताउँछन् ।

चीन ३० खर्ब डलरको विदेशी मुद्रा सञ्चितिबाट यो परियोजनालाई फन्ड (अनुदान) दिन्छ । युनिभर्सिटी अफ न्यु ह्याम्पसरका राजनीतिक विभागका प्राध्यापक लरेन्स सी रियर्डनका अनुसार यो रकम चीनले सन् १९८० को उदार विकास नीति अपनाएपछि जुटाएको हो । देशभित्र माग कम भएका कारण चिनियाँ निर्माण कम्पनी विदेशमा परियोजना खोजिरहेका छन् । चिनियाँ वस्तुको बजार बढाउन र देशको सान कायम राख्न सन् २०१२ मा सत्तामा राष्ट्रपति सी जिनपिङ आएपछि बिआरआईलाई प्राथमिकता दिन थालेका छन् । चीनका सरकारी कम्पनी निर्यातमा लगानी गर्ने कम्पनीबाट सहयोग जुटाउँछन् । यिनीहरू मिलेर विश्वको दक्षिणी क्षेत्रमा कैयौँ परियोजनाका लागि सम्झौता गरेका छन् ।

विदेशमा कसरी चयन हुन्छन् परियोजना ? : बिआरआई परियोजनाअन्तर्गत पूर्वाधार निर्माणबाहेक अब डिजिटल प्रविधि, सुरक्षा र विकासमा पनि काम हुन थालेको छ । हालसम्म चीनले बिआरआईअन्तर्गत तीन हजारभन्दा बढी परियोजनामा लगानी गरेको छ । अमेरिकन इन्टरप्राइजेज इन्स्टिच्युटका अनुसार चीनबाट सर्वाधिक लगानी प्राप्त गर्ने १५ देशमा इन्डोनेसिया, पाकिस्तान, सिंगापुर, रुस, साउदी अरब, मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), बंगलादेश, पेरु, लाओस, इटाली, नाइजेरिया, इराक, अर्जेन्टिना र चिली छन् । चीनका अनुसार उसले आर्थिक आवश्यकताका आधारमा परियोजना चयन गर्ने गर्छ । तर, आलोचक भने चीनको उद्देश्य विश्वभर आफ्नो पकड बनाउनका लागि आफूकेन्द्रित मोडेल तयार गर्नु रहेको बताउँछन् ।



बिआरआईअन्तर्गत हुने फन्डिङ विशेष गरी रणनीतिक रूपमा बढी फाइदा हुने देशमा जान्छ । उदाहरणका लागि इन्डोनेसिया र पाकिस्तानलाई लिन सकिन्छ । साउदी र युएई यी दुई सम्पन्न खाडी देश बिआरआई परियोजनाबाट सर्वाधिक फन्ड पाउने शीर्ष सात देशमध्ये पर्छन् । तेल उत्पादन गर्ने देशमा लगानी गर्नु भनेको चीनका लागि अमेरिकाजस्ता पश्चिमी देशद्वारा लगाइने प्रतिबन्ध आदिसँग जुध्न फाइदाजनक साबित हुन सक्छ ।

> देशमा माग कम भएपछि चिनियाँ निर्माण कम्पनी विदेशमा परियोजना खोजिरहेका छन् । सन् २०१२ मा राष्ट्रपति सी जिनपिङ सत्तामा आएपछि चिनियाँ वस्तुको बजार बढाउन बिआरआईलाई प्राथमिकता दिन थालेका छन् ।

सफलताका उदाहरण : बिआरआईका केही परियोजनाले राम्रै पनि काम गरेका छन् । यसको कारण सामान्य छ । कैयौँ देशलाई सडक र रेल्वेजस्ता पूर्वाधार विकासको आवश्यकता पर्छ । इन्डोनेसियामा हालसालै मात्र द्रुत रेल सेवा सुचारु भएको छ । यसलाई 'वुस' नाम दिइएको छ । यो रेल्वे सेवाले राजधानी जकार्तालाई लोकप्रिय पर्यटकीय स्थल बाडुडुसँग जोड्छ । ३५० किमि प्रतिघन्टा रफ्तारले दुवै सहरको दूरीलाई ४० मिनेटमा छोट्याउँछ । तर, यसअघि यो दूरी छिचोल्न कम्तीमा तीन घन्टा लाग्थ्यो । तर, केहीका अनुसार वुस आवश्यकै थिएन, किनकि त्यहाँ पहिलेदेखि नै सडकमार्ग र सस्तो ट्रेन सेवा थियो । त्यसैगरी, लाओसको राजधानी भिएन्टिएनलाई चीनको युनानसँग जोड्ने रेल सेवाको उद्घाटन सन् २०२१ मा भयो । यसले भिएन्टिएनदेखि चीनको सीमासम्म पुग्ने समय घटाएर तीन घन्टामा सीमित गरिदियो । जसले गर्दा यात्रु एक दिनमै भिएन्टिएन-कुनमिङ यात्रा गर्न सक्ने भए ।
बिआरआई सफलताका अरू उदाहरण पनि छन् । जस्तो कि, ग्रिसको पिरियस बन्दरगाहलाई पनि लिन सकिन्छ । यो बन्दरगाहको ६० प्रतिशत हिस्सामा चीनको सरकारी स्वामित्व भएको एउटा कम्पनीको स्वामित्व छ । उक्त बन्दरगाहमा पानीजहाजमार्फत आउने कन्टेनरको व्यवस्थापन हुन्छ ।

असफलताका उदाहरण :
बिआरआईका कैयौँ परियोजना असफल पनि भएका छन् । विशेषगरी, परियोजनाले खराब योजनाका कारण क्षति व्यहोर्नुपरेको छ । मानौँ, कुनै परियोजनाका लागि ऋण त दिइन्छ, तर कमाइको अनुपातमा त्यति व्यावहारिक हुँदैन । या त फेरि निर्माण गर्दाखेरि उचित रेखदेख गरिँदैन । वैश्विक आर्थिक मन्दी, उच्च ब्याजदर र महँगीका कारण थुप्रै देशले चीनसँग लिएको कर्जा भुक्तान गर्न सकेका छैनन् । यसको एउटा उदाहरण श्रीलंकाको हम्बनटोटा बन्दरगाहलाई लिन सकिन्छ । त्यहाँको सरकारले तीन वर्षअघि टाट पल्टेको घोषणा गरेको थियो । कर्जा भुक्तान गर्न नसक्दा श्रीलंकाले उक्त बन्दरगाह ९९ वर्षका लागि चीनलाई लिजमा दिएको छ ।

बिआरआईका ठूला हिस्सेदारमध्ये एउटा पाकिस्तान पनि हो । ऊ पनि यसैगरी समस्यासँग जुधिरहेको छ । तोकिएको समयमा कर्जा तिर्न नसक्दा पाकिस्तानले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)सँग सहयोगका लागि हारगुहार गर्नुपरेको छ ।

चीनले हालै पाकिस्तानद्वारा चीन-पाकिस्तान आर्थिक करिडोरका लागि अतिरिक्त अनुदानको आग्रह अस्वीकार गरेको छ । राजनीतिक अस्थिरता, चिनियाँ कामदारको सुरक्षा जोखिम र कर्जा भुक्तानको स्थितिलाई कारण देखाउँदै थप आर्थिक सहयोग दिन अस्वीकार गरेको बताइन्छ । यति मात्रै होइन, बिआरआईमा संलग्न इथियोपिया र केन्याको समस्या पनि उस्तै छ ।

विश्व बैंकका अर्थशास्त्रीका अनुसार बिआरआईद्वारा दिइएको कुल ६० प्रतिशत कर्जा जुन-जुन देशमा छ, ती देशले आर्थिक संकटको सामना गरेका छन् । यसबारे चीनले कर्जा दिएर जालमा फसाउने कूटनीति रचेको भन्दै टीकाटिप्पणी हुँदै आएको छ ।

विभिन्न शोधले केही देश चीनको बढ्दो प्रभावबाट सावधान हुँदै गरेको बताउँछन् । पाकिस्तानका मानिसले सुरुसुरुमा बिआरआईबाट ठूलो अपेक्षा गरेका थिए । उनीहरूलाई लाग्थ्यो, यसले आर्थिक समृद्धि आउँछ र व्यापार बढ्छ । तर, केही वर्ष बित्दासमेत चीन र पाकिस्तानले दाबी गरेकोजस्तो आमसर्वसाधारणको जीवनमा कुनै परिवर्तन आएन ।

त्यसैगरी, भियतनामले हनोईमा सहरी रेल्वे परियोजनाका लागि चीनसँग ६७ करोड कर्जा लिएको छ । तर, उसले बिआरआईअन्तर्गत आधिकारिक रूपमा कुनै पनि नयाँ परियोजना सुरु गरेको छैन । भियतनाममा सन् २०११ मा क्झा लिन्ह हा डोङ रेल्वे परियोजना सुरु भएको थियो । तर, यसको काम कछुवाको गतिमा भयो भने लागत पनि बढ्यो ।

यसरी हेर्दा पछिल्ला वर्षमा बिआरआईका नयाँ परियोजना र विदेशमा चिनियाँ लगानी दुवै कम भएका छन् । आगामी दिनमा पनि बिआरआई परियोजनाले यी दुवै विषयमा चुनौती सामना गर्नेछ ।

- बिबिसी

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ३० असोज ०८०

हालसम्मकै ठूलो २४ करोड कित्ता आइपिओ ल्याउँदै विद्युत् प्राधिकरण

प्रिमियम मूल्यसहित ६० अर्बको सेयर निष्कासन गर्ने तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणले ६० अर्बबराबरको प्राथमिक सेयर निष्कासन (आइपिओ) गर्ने भएको छ। प्राधिकरण आफ्नो वित्तीय पुनर्संरचना गरेर चुक्ता पुँजी बढाउन प्रिमियम मूल्यमा ६० अर्बबराबरको आइपिओ ल्याउने भएको हो। प्राधिकरणले आफ्नो चुक्ता पुँजी तीन खर्ब बनाउने योजना बनाएको छ। त्यसका लागि एक खर्ब ९५ अर्ब थप पुँजी आवश्यक छ। त्यसकै १० प्रतिशतको रकममा प्रिमियम मूल्य थप गरेर ६० अर्बको आइपिओ जारी गर्ने प्रस्ताव प्राधिकरणले अर्थ मन्त्रालयमा पेस गरेको छ। प्राधिकरणको सेयरको प्रतिकित्ता किताबी मूल्य करिब एक सय २५ रुपैयाँ कायम गर्ने र त्यसमा त्यति नै रकम प्रिमियम थप गरी सेयर निष्कासनको प्रस्ताव गरिएको छ। त्यसअनुसार प्राधिकरणले २४ करोड कित्ता सेयर निष्कासन गर्ने देखिन्छ। रकम र कित्ताका आधारमा प्राधिकरणको आइपिओ नेपाली पुँजी बजारकै धेरै (ठूलो) हुन आउँछ। अपवादमा बाहेक निकट भविष्यमा योबराबरको आइपिओ सम्भावना अत्यन्तै कम छ।

यसअघि नेपाली पुँजी बजारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)ले आठ अर्ब रुपैयाँबराबरको आठ करोड कित्ता सेयर निष्कासन गरेको थियो। सो रेकर्डलाई प्राधिकरणले तोड्ने देखिन्छ।

उक्त प्रस्ताव अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद्सम्म पुग्नेछ। मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि आइपिओ निष्कासनको थप प्रक्रिया अघि बढ्छ। प्राधिकरण आफ्नै ऐन (नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१) बमोजिम सञ्चालित छ। सोही ऐनबमोजिम प्राधिकरणले तेस्रोपटक वित्तीय पुनर्संरचना गरी संस्थाको सेयर सर्वसाधारणमा जारी गर्ने प्रस्ताव अर्थ मन्त्रालयमा पेस गरेको हो। सरकारबाट स्वीकृत पाउनासाथ सेयर निष्कासनको प्रक्रिया अघि बढाउने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

■ 'डबल ए प्लस' क्रेडिट रेटिङ

यसैक्रममा प्राधिकरणले यस वर्ष पनि 'डबल ए प्लस' क्रेडिट रेटिङ पाएको छ। इक्रा नेपालले प्राधिकरणको क्रेडिट रेटिङ गरी 'इक्रा एनपी डबल ए प्लस'स्तरको रेटिङ प्रदान गरेको छ। अघिल्लो वर्ष पनि प्राधिकरणले सोही रेटिङ पाएको थियो।

डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै बहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ। डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ।



नाफा र आइपिओको रकमले लगानी बढाउँछौं



● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ, ऋण तिर्न सक्ने क्षमतामा सक्षमता देखिएको छ। आन्तरिक माग धान्न हिउँदका केही महिनामा हुने विद्युत् आयात प्रतिस्थापन छिट्टै हुँदै छ भने हरेक वर्ष हुने विद्युत् निर्यात वृद्धि, आन्तरिक रूपमा हुने विद्युत् खपत वृद्धि तथा प्रणालीको चुहावट नियन्त्रणमा हासिल भइरहेका सफलताले संस्थाको नाफा बढ्दै जानेछ। विद्युत् उत्पादनतर्फका आयोजनाहरू निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि ठूलो पुँजी आवश्यक पर्छ। संस्थाले कमाएको नाफा र आइपिओबाट प्राप्त हुने रकमबाट लगानीको खाडल पूरा गर्ने योजना बनाएका छौं।

इक्रा नेपालले प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरूको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्त्वहरूलगायतको विश्लेषण गरेको थियो। सोही विश्लेषणका आधारमा प्राधिकरणको क्रेडिट रेटिङ गरिएको हो।

क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा संगठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्यांकन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ। यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने सांकेतिक सूचकका रूपमा राय दिइन्छ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो। प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ। सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्न वार्षिक रूपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा ब्याज-साँवा पुँजीकरण) र अन्य आवश्यक रकम-सञ्चालनमार्फत प्राधिकरणलाई सहयोग गरिरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सार्वजनिक निकायहरूमध्ये प्राधिकरणले डबल ए प्लस क्रेडिट रेटिङ पाएकाले संस्थामा वित्तीय दायित्व बहन गर्न सक्ने उच्च तहको सुरक्षित क्षमता देखिएको बताए। कार्यकारी निर्देशक घिसिङले संस्थाको क्रेडिट रेटिङ भइसकेकाले सरकारबाट स्वीकृति पाउनासाथ सेयर निष्कासनको प्रक्रिया अगाडि बढाउन सकिने बताए।

'क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ, ऋण तिर्न सक्ने क्षमतामा सक्षमता देखिएको छ, आन्तरिक माग धान्न हिउँदका केही महिनामा हुने विद्युत् आयात प्रतिस्थापन छिट्टै हुँदै छ भने हरेक वर्ष हुने विद्युत् निर्यात वृद्धि, आन्तरिक रूपमा हुने विद्युत् खपत वृद्धि तथा प्रणालीको चुहावट नियन्त्रणमा हासिल भइरहेका सफलताले संस्थाको नाफा बढ्दै जानेछ,' उनले भने, 'विद्युत् उत्पादनतर्फका आयोजनाहरू निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि ठूलो पुँजी आवश्यक पर्नेछ, यसका लागि संस्थाले कमाएको नाफा र सेयर निष्कासनबाट प्राप्त हुने रकमबाट लगानीको खाडल पूरा गर्ने योजना बनाएका छौं।'

प्राधिकरणले स्वदेशी तथा विदेशी लगानीकर्तालेनिर्माण गर्ने जलविद्युत् आयोजनाहरूसँग दीर्घकालीन विद्युत् खरिद सम्झौता (पिपिए) गरिरहेको छ। क्रेडिट रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको देखाएको छ। इक्रा नेपालले प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत् प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत् खरिद-बिक्रीको एकाधिकारप्राप्त तथा सरकारको रणनीतिक संस्था भएको, सहायक कम्पनीसहित करिब एक हजार एक सय मेगावाटको विद्युत् उत्पादन क्षमता भएको, सरकारले हरेक वर्ष बजेटमार्फत ऋण र सेयरमा लगानी गर्ने गरेको उल्लेख गरेको छ।

प्रसारण तथा वितरण प्रणाली सुधार तथा विस्तारका लागि गरिएको पुँजी प्रतिबद्धताले प्राधिकरणलाई अल्पकालीन रूपमा संस्थाको नगद प्रवाहमा चाप पार्न सक्ने इक्रा नेपालले उल्लेख गरेको छ। प्राधिकरणले गत आर्थिक वर्ष ०७९/८० मा १२ अर्ब ३३ करोड रुपैयाँको खुद नाफाको प्रक्षेपण गरेको छ। प्रणालीको विद्युत् चुहावट १३.४६ प्रतिशत छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

खाद्यका खसी-बोका किलोमै ३० रुपैयाँ महँगो



भोजराज भण्डारी/नयाँ पत्रिका

दसैंका लागि सहुलियत मूल्यमा बिक्री गरेको दाबी गर्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनीले जिउँदो खसीको मूल्य निजी व्यापारीको भन्दा प्रतिकिलो ३० रुपैयाँ महँगो निर्धारण गरेको छ। दसैंलाई लक्षित गर्दै उपत्यकाका विभिन्न स्थानमा व्यापारीहरूले जिउँदो खसी ६ सय ४० देखि ६ सय ५० रुपैयाँ प्रतिकिलोमा बिक्री गरिरहेका छन्। तर, उपभोक्तालाई सहुलियत दिइने कम्पनीले भने जिउँदो खसीबोकाको मूल्य प्रतिकिलो ६ सय ८० रुपैयाँ निर्धारण गरेको हो। निर्धारण गरेको मूल्यमा प्रतिकेजी १० रुपैयाँ छुट दिइने कम्पनीका सूचना अधिकारी शर्मिला सुवेदीले बताइन्। उनले भनिन्, 'निजी क्षेत्रको बजारलाई पनि ध्यानमा राखेर, मूल्य निर्धारण गरिएको हो, त्यसमा हामीले उपभोक्तालाई छुट सहुलियत दिएका छौं।' कम्पनीले खरिद गरेको खसी-बोकाको मूल्य मूल्यांकन गर्दा प्रतिकिलो सात सयसम्म पर्ने देखिएको उनको भनाइ छ। निजी क्षेत्र, किसानको मूल्य र सहुलियतलाई ध्यानमा राखेर मूल्य निर्धारण गरेको हुँदा महँगो भन्न नमिल्ने उनले बताइन्।

व्यापारीहरूले भने आइतबारदेखि नै प्रतिकिलो ६ सय ४० रुपैयाँदेखि ६ सय ५० रुपैयाँसम्म बिक्री गरिरहेको नेपाल खसी-बोका बिक्री तथा वधशाला व्यवस्थापक जीवनराज खतिवडाले बताए। उनले भने, 'हामीले अहिले औसतमा ६ सय ५० रुपैयाँसम्म बिक्री गरेका छौं, अब सप्तमी, अष्टमीमा बढीमा प्रतिकिलो सात सय रुपैयाँसम्म पर्न सक्छ।' उनका अनुसार सोमबार २५ सय खसी-बोका र २२ वटा च्यांग्रा बिक्री भएको छ। च्यांग्राको मूल्य एक हजार तीन सय ५० रुपैयाँ प्रतिकिलोसम्म निर्धारण गरिएको छ।

खाद्य व्यवस्था कम्पनीले चार करोड ३३ लाख छुट्याएको बजेटबाट दुई हजार खसी-बोका र एक हजार च्यांग्रा ल्याउनेछ। पहिलो चरणमा कम्पनीले ६ सय खसी-बोका ल्याएको छ। व्यापारीले यस वर्ष २८ सय खसी-बोका र १३ सय च्यांग्रा ल्याउने तयारी गरेका छन्।

पशुसेवा विभागका अनुसार गत वर्षको दसैंमा घटस्थापनादेखि महानवमीको अवधिमा ५४ हजार जिउँदा पशु भित्रिएका थिए। जसमा खसी-बोका, च्यांग्रा गरेर २५ हजार र पाँच सय राँगा आपूर्ति भएका थिए।

फेजाको औपचारिक उद्घाटन

काठमाडौं/ आर्थिक महिला पत्रकारको क्षमता विकासमा अर्थ मन्त्रालय सधैं तयार रहेको अर्थमन्त्री डा. प्रकाशशरण महतले बताएका छन्। आर्थिक महिला पत्रकार संघ (फेजा)को औपचारिक उद्घाटन गर्दै अर्थमन्त्री डा. महतले पत्रकारिता क्षेत्रभित्र पनि हुने विभेदलाई अन्त्य गर्न महिलालाई समान अवसर प्रदान गर्नुपर्ने बताए। पछिल्लो समय आर्थिक पत्रकारितामा महिलाहरूको सहभागिता बढ्दै गए पनि पर्याप्त नभएको र यसमा फेजाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमालले फेजामार्फत मुलुकमै वित्तीय साक्षरता, सकारात्मक आर्थिक विकास, सही सूचना तथा ज्ञान पुग्नेमा आफू विश्वस्त रहेको उनले बताए। कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष सुनील केसी, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)का अध्यक्ष गणेश कार्की, नेपाल बिमक संघका अध्यक्ष चंकी क्षेत्री, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेल, सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवा, पुँजी बजार संघकी अध्यक्ष राधा पोखेलले शुभकामना व्यक्त गरे।

विदेश गएका श्रमिकमा मिर्गौलाको जोखिम अधिक

नयाँ पत्रिका

वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकमा मिर्गौलासम्बन्धी समस्या अधिक हुने गरेको पाइएको छ। नेपाली आप्रवासीहरूमा मिर्गौला रोगसम्बन्धी अध्ययन नतिजा २०२३ सार्वजनिक गर्दै बेलायतस्थित वर्नमथ विश्वविद्यालयले यस्तो नतिजा प्रकाशन गरेको हो।

बेलायतस्थित वर्नमथ विश्वविद्यालयको नेतृत्वमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका र छिरेश्वरनाथ नगरपालिकामा गरेको अध्ययनले खाडी मुलुक र मलेसियामा कार्यरत नेपालीमा मिर्गौलासम्बन्धी रोग लाग्ने खतरा देखाएको हो। विश्वविद्यालयले आइओएम, मधेश प्रदेश सरकार र ग्रिनतारा नेपालसँगको साझेदारीमा गत मार्च, अप्रिल र मे महिनामा अध्ययन गरेको विश्वविद्यालयका प्रा.डा. निर्मल अर्यालले जानकारी दिए। अध्ययनमा एक वर्षभित्र खाडीका ६ मुलुक कतार, साउदी अरब, कुबेत, ओमान, युएई, बहराइन र मलेसियामा काम गरी फर्किएका सात सय १८ जना पुरुष श्रमिकसँग कुराकानी गरिएको छ। साथै, स्थानीय नौ हजार तीन सय ७९ पुरुष र तीन सय ४१ महिलाबीच तुलना गरिएको छ।

■ फर्केका श्रमिक उच्च रक्तचाप, मधुमेह र मोटोपनाबाट ग्रसित

वर्नमथ विश्वविद्यालयले गरेको अध्ययनअनुसार वैदेशिक रोजगारीबाट फर्केका श्रमिकमा उच्च रक्तचाप, मधुमेह तथा मोटोपनाको समस्या अधिक भएको पाइएको छ। विश्वविद्यालयले वैदेशिक रोजगारीमा नगएका स्थानीय, पूर्ववैदेशिक रोजगार श्रमिक र वैदेशिक रोजगारीबाट फर्केको एक वर्ष पनि नभएका मानिसलाई अध्ययनमा समेटेको थियो। अध्ययनले तुलनात्मक रूपमा वैदेशिक रोजगारीबाट फर्केका मानिसमा उच्च रक्तचाप, मधुमेह र मोटोपनाको समस्या बढी देखाएको छ। त्यस्तै, कहिल्यै रोजगारीमा नगएका मानिसको तुलनामा वैदेशिक रोजगारीमा गएर फर्केको श्रमिकमा पनि बढी यस्तो समस्या देखिएको विश्वविद्यालयका प्रा.डा. अर्यालले बताए।

अध्ययनले खाडी मुलुक र मलेसियाबाट फर्किएका र स्थानीयको तुलनामा उच्च रक्तचाप आप्रवासीमा ३८ प्रतिशत, गैरआप्रवासीमा १९.४ प्रतिशत पाइएको छ। त्यस्तै, मधुमेह आप्रवासीमा ७.४ प्रतिशत, गैरआप्रवासी ४.७ प्रतिशत र मोटोपन आप्रवासी ६७.४ प्रतिशत, गैरआप्रवासी ४९ प्रतिशतको पाइएको छ। यसले आप्रवासी श्रमिकमा उच्च रक्तचाप, मधुमेह र मोटोपनाको जोखिम निकै बढी रहेको देखिएको छ। त्यस्तै, गैरआप्रवासी पुरुषहरूमा मात्रै उच्च रक्तचाप, मधुमेह र बढी तौल वा मोटोपन क्रमशः २१.८, ५९.२, ३९.४ प्रतिशतमा देखिएको छ। रक्सी सेवन, धूमपान, सुर्ती सेवन भने गैरआप्रवासीहरू पुरुषहरूमा बढी देखिएको अध्ययनले देखाएको छ।

■ दैनिक १० घन्टा काम गर्छन् नेपाली श्रमिक



वर्नमथ विश्वविद्यालयले गरेको अध्ययनअनुसार वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकले दैनिक ११ घन्टाभन्दा बढी काम गर्छन्। अधिकांश सेक्युरिटी गार्डमा काम गर्ने श्रमिक लगातार ११ घन्टाभन्दा बढी समय खट्ने गरेको उनीहरूले बताएका छन्। एकैपटक लामो समय ड्युटी गर्दा श्रमिकमा बढी स्वास्थ्य समस्या देखिने अध्ययनको अनुमान छ।

अध्ययनले खाडीमुलुक र मलेसियामा कार्यरत नेपालीहरूको कार्य-अवस्थासम्बन्धी जानकारी पनि लिएको थियो। अध्ययनमा सहभागी करिब २० प्रतिशत कतार, साउदी अरब र मलेसियाका श्रमिकहरू दुईतिहाइभन्दा बढी निर्माण र उद्योग क्षेत्रमा थिए। नेपाली श्रमिकले ३० प्रतिशतले औसतमा महिनाको एक दिन पनि बिदा नलिएको पाइयो। यस्तै, २५.८ प्रतिशतले शारीरिक रूपले भारी र लगभग आधा सहभागीले गर्मीमा काम गर्नुपरेको बताएका थिए। करिब ९७ प्रतिशत आप्रवासी सहभागीले काम गर्ने ठाउँमा पिउने पानी, शौचालयको सुलभ सुविधा रहेको बताए। अध्ययन नतिजामा विदेशमा लामो समय काम गरेका र विशेषतः सुरक्षागार्ड र सवारीचालकमा मिर्गौला रोगको समस्या बढी देखिएको छ। यस्तै, बाहिर काम गर्ने, गर्मीमा काम गर्ने र धुलोको सामना गर्नुपर्नेमा पनि मिर्गौला रोगको जोखिम बढी देखिएको छ।

काठमाडौंमा एनआरएनएको चुनावी रौनक

अध्यक्षमा चारसहित १०९ जनाले दिए उम्मेदवारी

मुना कुँवर/नयाँ पत्रिका

गैरआवासीय नेपाली संघ (एनआरएन)को ११औँ महाधिवेशन नजिकिँदै गर्दा काठमाडौंको माहोल तातेको छ। ३० असोजदेखि सुरु हुने संघको महाधिवेशनमा सहभागी हुन विश्वभरका नेपालीहरू काठमाडौं आउने क्रम जारी छ। २ कात्तिकमा हुने निर्वाचनका लागि एक सय नौजनाले उम्मेदवारी दर्ता गरेको संघका निर्वाचन आयुक्त चिरञ्जीवी ढकालले बताए। सोमबार उम्मेदवारी दर्ता बन्द हुँदासम्म अध्यक्षका पदका लागि चारजनाले उम्मेदवारी दिएका छन्। संघका वर्तमान अध्यक्षद्वय डा. बद्री केसी, रबिना थापा र उपाध्यक्षद्वय राजेन्द्रकुमार शर्मा (आरके) र महेश श्रेष्ठले उम्मेदवारी दिएका हुन्।

त्यस्तै, ६ जना उपाध्यक्षका लागि १८ जनाले उम्मेदवारी दिएका छन्। एकजना महासचिवका लागि दुईजना गौरीराज जोशी र बुद्धिप्रसाद सुवेदीले उम्मेदवारी दिएका हुन्। उपमहासचिवममा दुईजना रहन पाउने व्यवस्था छ। तर, संघका पाँचजनाले उम्मेदवारी दिएका छन्।

त्यस्तै, ६ जना सचिव पदका लागि भने १५ जनाले उम्मेदवारी दिएका छन्। कोषाध्यक्षमा दुईजनाले उम्मेदवारी दिएका छन्। महिला उपाध्यक्ष एक र युवा उपाध्यक्ष एक रहन पाउने व्यवस्था छ, जसमा दुई-दुईजनाले उम्मेदवारी दिएका छन्।

■ उम्मेदवारी शुल्क आधा घटाइयो

अध्यक्षको उम्मेदवारी शुल्क पाँच लाख र उपाध्यक्षको तीन लाख ५० हजार तोकिएको छ। यो रकम अघिल्लोपटकको भन्दा ५० प्रतिशत कम हो। संघले चुनावलाई मितव्ययी बनाउन उम्मेदवारी शुल्क पनि घटाएको हो। महासचिवका लागि तीन लाख रुपैयाँ, उपमहासचिवका लागि दुई लाख ७५ हजार रुपैयाँ, सचिवका लागि दुई लाख ५० हजार रुपैयाँ, कोषाध्यक्ष पदका लागि दुई लाख ५० हजार, सहकोषाध्यक्षका लागि दुई लाख, क्षेत्रीय संयोजकका लागि ८७ हजार पाँच सय, क्षेत्रीय उपसंयोजकका लागि एक लाख २५ हजार तोकिएको छ।

त्यस्तै, महिला र युवा उपाध्यक्षका लागि एक लाख ७५ हजार रुपैयाँ, महिला सचिव पदका लागि एक लाख २५ हजार रुपैयाँ, महिला सहकोषाध्यक्षका लागि एक लाख रुपैयाँ, महिला र युवा संयोजकका लागि ८७ हजार पाँच सय, क्षेत्रीय महिला संयोजकका लागि ६२ हजार पाँच सय, क्षेत्रीय महिला उपसंयोजकका लागि ५० हजार, क्षेत्रीय युवा संयोजकका लागि ६२ हजार पाँच सय, क्षेत्रीय युवा उपसंयोजकका लागि ५० हजार र दोस्रो पुस्ताका गैरआवासीय नेपाली संयोजकका लागि पनि ५० हजार रुपैयाँ उम्मेदवारी शुल्क तोकिएको छ। महिला र युवाका लागि संघ उम्मेदवारी शुल्क ७५ प्रतिशत छुट गरेको संघका कार्यकारी अध्यक्ष डा. बद्री केसीले बताएका छन्।



आजदेखि गैरआवासीय नेपाली संघको महाधिवेशन सुरु

गैरआवासीय नेपाली संघको ११औँ महाधिवेशन आजबाट काठमाडौंमा सुरु हुने भएको छ। संघले 'नेपालीका लागि नेपाली' र 'ज्ञान र रूपान्तरण समृद्धिको आधार' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना गरेको छ।

सम्मेलनको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलबाट हुने संघले जनाएको छ। ३ कात्तिकमा प्रधानमन्त्री पुष्पकमल दाहालबाट सम्मेलनको समापन हुनेछ। त्यसबीचमा विश्व ज्ञान सम्मेलन, युवा सम्मेलन र महिला सम्मेलन, वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा कोष र नागरिकता ऐन र मताधिकार सम्बन्धमा नेपाल सरकार र सरोकारवालासहितको विशेष सत्रको आयोजना गरिएको छ। यसैगरी, २ कात्तिकमा संघको नयाँ नेतृत्व चयनका लागि निर्वाचन गरिनेछ। संघको इतिहासमै पहिलोपटक फेसियल भेरिफिकेसनमार्फत अनलाइन भोटिङ गर्न लागिएको निर्वाचनमा ५९ देशका चार हजार दुई सय २७ जना महाधिवेशन प्रतिनिधिले भाग लिँदै छन्। संसारको जुनसुकै स्थानमा बसेर सजिलै मतदानमा भाग लिन सकिने व्यवस्था मिलाइएको छ। नेपालमा आएका मतदाताका लागि सम्मेलनस्थलमै अनलाइन भोटिङको व्यवस्था गरिएको छ।

■ प्यानल बनाउँदै अध्यक्षका प्रत्याशी

निर्वाचन नजिकिँदै गर्दा अध्यक्षका प्रत्याशीहरूले आ-आफ्नो प्यानल बनाउन थालेका छन्। अध्यक्षका प्रत्याशी आरके शर्माको समूहमा उपाध्यक्षमा जापानका रोबिन्द श्रेष्ठ, मलेसियाका खगेन्द्र न्यौपाने, कतारका राज रेग्मी, अमेरिका अभिमानसिंह बस्नेत, नेदरल्यान्डका शशिकान्त पौडेल, जर्मनीका विजय मोक्तान, युवा उपाध्यक्षमा युएईका अब्बदुल वासिद रहेका छन्। त्यस्तै, उपमहासचिव कतारका प्रबिन गुरुङ, सचिवमा युएईका मनोज श्रेष्ठ र कोषाध्यक्षमा युएईका ठाकुर ढुंगानाको नाम अगाडि सारिएको छ।

अध्यक्षका प्रत्याशी महेश श्रेष्ठको टिममा उपाध्यक्षमा अमेरिकाका डा. केशव पौडेल, अमेरिकाकै सुनील शाह, बेल्जियमका गंगाधर गौतम, नेदरल्यान्डका नारायणप्रसाद आचार्य, युवा उपाध्यक्षमा क्यानडाका विमल सापकोटा र महिला उपाध्यक्षमा बेलायतबाट रोजिन प्रधान राई रहेका छन्। त्यस्तै, महासचिव बुद्धिसागर सुवेदी अमेरिका, उपहासचिव सोम सापकोटा युके, सचिवमा कृष्णजीवी पन्त अमेरिका, दयानिधि सापकोटा युके, भीम केसी पोर्चुगलको नाम अगाडि सारिएको छ भने महिला संयोजक अनुजा प्रधान बेल्जियमको नाम टुंग्याइएको छ।

डा. केसीको टिममा भने उपाध्यक्षमा बेलायतका डा. हेमराज शर्मा, जापानका रोबिन शेरचन, अस्ट्रेलियाका धर्मराज अधिकारी, बेलायतबाट रामशरण सिंखडा, महिला उपाध्यक्षमा साउदी अरबबाट यास्मिन बेगमको नाम टुंग्याइएको छ। त्यस्तै, महासचिव अमेरिकाबाट गौरीराज जोशी र कोषाध्यक्षमा जापानबाट सुदन थापा निश्चित गरिएको छ। त्यस्तै, अध्यक्षकी प्रत्याशी रबिनाले थापा र विनय अधिकारीबीच सहमति भएको छ। विनय अधिकारीले रबिना थापालाई समर्थन गर्ने प्रतिबद्धतासहित चुनावी मैदानबाट बाहिरिएका छन्। रबिना थापाले औपचारिक रूपमा आफ्नो प्यानल भने सार्वजनिक गरेकी छैनन्। थापाले आफू स्वच्छ निर्वाचन प्रणालीमा विश्वास राख्ने बताउँछिन्।

संघको विधानमा प्यानल बनाउन नपाइने व्यवस्था छ। तर, उम्मेदवारहरूले भने सामाजिक सञ्जालमा सामूहिक तस्बिर सार्वजनिक गरेका छन्। अध्यक्षका प्रत्याशी डा. बद्री केसीले भने आफूले औपचारिक रूपमा कुनै पनि प्यानल नबनाएको बताए। आफ्नो एजेन्डासँग मेल खाने उम्मेदवारबीच सामञ्जस्यता बढे पनि प्यानल नभएको बताए। 'निर्वाचित भएर आउने सबै साथीहरू मेरै प्यानल हुन्,' उनले भने।

त्यस्तै, अध्यक्षका प्रत्याशी आरके शर्माले पनि औपचारिक रूपमा प्यानल नै नबनाएको बताए। शुभचिन्तक उम्मेदवारले हौसला बढाउन सामूहिक तस्बिर र सूची सार्वजनिक गरेको हुन सक्ने उनले बताए। तर, अध्यक्ष प्रत्याशी महेश श्रेष्ठले भने निर्वाचन प्रणालीमा नै त्रुटि भएको बताए। 'विधान नै संशोधन गर्नुपर्छ,' उनले भने।

■ महिला र युवा उम्मेदवारको उत्साहजनक सहभागिता

गैरआवासीय नेपाली संघ नेतृत्व तहमा महिला र युवा पुस्ताको उपस्थिति पनि बढ्न थालेको छ। आगामी निर्वाचनका लागि दुई दर्जनभन्दा बढी महिलाले उम्मेदवारी दिएका छन्।

संघको अध्यक्षका वर्तमान कार्यसमिति अध्यक्ष रबिना थापाले नै उम्मेदवारी दिएकी छिन्। त्यस्तै, उपाध्यक्षमा साउदी अरबबाट यास्मिन बेगम र बेलायतबाट रोजिन प्रधान राईले उम्मेदवारी दिएका छन्।

सचिव हडकडकी टीका गुरुङले उम्मेदवारी दिएकी छिन्। महिला सहकोषाध्यक्षमा अमृता थापाले उम्मेदवारी दिएकी छिन्। तृष्णा शर्माले पनि महिला सहकोषाध्यक्षको पदमा उम्मेदवारी दिएकी छिन्। त्यस्तै, कतारकी सरिता भण्डारी पौडेलले मध्यपूर्व महिला उपसंयोजकमा उम्मेदवारी दिएकी छिन्। बेल्जियमबाट अन्जु प्रधानले महिला संयोजकका लागि उम्मेदवारी दिएकी छिन्। देविका केसीले पनि महिला संयोजकका लागि उम्मेदवारी दिएकी छिन्।

त्यस्तै, युवा पुस्ताको पनि उतिकै सहभागिता रहेको छ। आगामी निर्वाचन युवा पुस्ताबाट स्वतन्त्र प्रताप शाहले सचिव पदका लागि उम्मेदवारी दिएका छन्। त्यस्तै, जापानका रोशन थापाले युवा उपाध्यक्षमा उम्मेदवारी दिएका छन्। बेल्जियमबाट भीमसेन थापाले युरोप क्षेत्र उपसंयोजक पदका लागि उम्मेदवारी दिएका छन्।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

('नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको')

केन्द्रीय कार्यालय बनेपा- ८, काभ्रेपलाञ्चोक, फोन नं. : +९७७-०११-६६००३४

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/३० (नयाँ पत्रिका राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त विरुत्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.१	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**भगवती कुमारी चौधरी (ऋणी)** ना.प्र.नं. : ४६६४ जारी मिति/जिल्ला : २०४६/०२/१५, सप्तरी स्थायी ठेगाना : जगतपुर गा.वि.स वडा नं.०२, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.१०, सप्तरी पति : श्याम कुमार चौधरी ससुरा : कालिदत्त चौधरी पिता : लक्ष्मी चौधरी	**१) सुजन कुमारी चौधरी (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : १६-०२-७३-०१०६९ जारी मिति/जिल्ला : २०७३/०४/०३, सप्तरी स्थायी ठेगाना : सप्तकोशी गा.वि.स वडा नं.१०, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.१०, सप्तरी पिता : श्याम कुमार चौधरी बाजे : कालिदत्त चौधरी **२) मुन्नी कुमारी सिहं (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४६७६ जारी मिति/जिल्ला : २०५५/०९/२०, सप्तरी स्थायी ठेगाना : सकरपुरा गा.वि.स वडा नं.०२, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.१०, सप्तरी पति : अमोद प्रसाद सिहं ससुरा : नागेश्वर प्रसाद सिहं पिता : अशोक कुमार सिहं राजपुत
क्र.सं.२	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**हिरादेवी मण्डल (ऋणी)** ना.प्र.नं. : १६२००८/२४३ जारी मिति/जिल्ला : २०६८/११/०२, सप्तरी स्थायी ठेगाना : कमलपुर गा.वि.स वडा नं.०६, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.१०, सप्तरी पति : उपेन्द्र मण्डल ससुरा : सहदेव मण्डल पिता : महावीर मण्डल **१) उपेन्द्र मण्डल (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : १६३०१०/२२९ जारी मिति/जिल्ला : २०६३/१०/१२, सप्तरी स्थायी ठेगाना : ओद्राहा गा.वि.स वडा नं.०९, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.१०, सप्तरी पिता : सहदेव मण्डल बाजे : अन्दु मण्डल	**२) प्रेम कुमारी सिहं (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६-०२-७६-०१२१० जारी मिति/जिल्ला : २०७६/०४/०२, सप्तरी स्थायी ठेगाना : सप्तकोशी न.पा वडा नं.११, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.११, सप्तरी पति : बिटु कुमार सिंह ससुरा : हरेराम सिहं पिता : सर्वनाम सिंह राजपुत **३) मुन्नी कुमारी सिहं (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४६७६ जारी मिति/जिल्ला : २०५५/०९/२०, सप्तरी स्थायी ठेगाना : सकरपुरा गा.वि.स वडा नं.०२, सप्तरी हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.१०, सप्तरी पति : अमोद प्रसाद सिहं ससुरा : नागेश्वर प्रसाद सिहं पिता : अशोक कुमार सिहं राजपुत
क्र.सं.३	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**कोशिला देवी राम (ऋणी)** ना.प्र.नं. : १६३००६/५३६ जारी मिति/जिल्ला : २०६३/१०/२५, सप्तरी स्थायी ठेगाना : घोघनपुर गा.वि.स वडा नं.०२, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०६, सप्तरी पति : अन्दु राम ससुरा : रामजी मोची पिता : मिती लाल राम	**१) सिता कुमारी राम (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : १६-०२-७८-००१४२ जारी मिति/जिल्ला : २०७८/०१/२०, सप्तरी स्थायी ठेगाना : कञ्चनरुप न.पा वडा नं.०२, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०६, सप्तरी पिता : अन्दु राम बाजे : रामजी मोची **२) मिना विश्वकर्मा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६३००५/३२९ जारी मिति/जिल्ला : २०६९/१०/०२, सप्तरी स्थायी ठेगाना : धरमपुर गा.वि.स वडा नं.०५, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०७, सप्तरी पति : रघुनाथ विश्वकर्मा. ससुरा : टेक बहादुर विश्वकर्मा पिता : कविर बहादुर विश्वकर्मा
क्र.सं.४	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**निर्मला राउत (ऋणी)** ना.प्र.नं. : १६३००९/३७ जारी मिति/जिल्ला : २०७०/०२/२३, सप्तरी स्थायी ठेगाना : कञ्चनपुर न.पा वडा नं.०९, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०८, सप्तरी पति : उमेश राउत ससुरा : स्व जितन राउत पिता : धर्मी मण्डल	**१) उमेश राउत (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४४१८६२१ जारी मिति/जिल्ला : २०५१/५/२२, सप्तरी स्थायी ठेगाना : कञ्चनपुर न.पा वडा नं.०९, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०८, सप्तरी पिता : स्व जितन राउत बाजे : असर्फी राउत **२) संगिता कुमारी देव (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६२१४१८७ जारी मिति/जिल्ला : २०५३/०१/०४, सप्तरी स्थायी ठेगाना : विषहरिया गा.वि.स वडा नं.०८, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०८, सप्तरी पति : हरेन्द्र नारायण देव ससुरा : मुन्सीलाल देव पिता : श्याम ना. देव
क्र.सं.५	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**संजिता देवी दास (ऋणी)** ना.प्र.नं. : १६-०२-७४-०२५५९ जारी मिति/जिल्ला : २०७४/०७/१६, सप्तरी स्थायी ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी पति : श्याम सुन्दर दास तत्मा ससुरा : मोतीलाल दास पिता : भदै दास तत्मा	**१) मोतीलाल दास (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ९५५३३४२८ जारी मिति/जिल्ला : २०४५/२/०५, सप्तरी स्थायी ठेगाना : बरमभीया न.पा वडा नं.०७, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी पिता : फागु दास तत्मा बाजे : सागैन दास **२) शान्ती देवी दास तत्मा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६२००४/१८३ जारी मिति/जिल्ला : २०६७/१२/०९, सप्तरी स्थायी ठेगाना : बरमभीया न.पा वडा नं.०७, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी पति : दिपेन्द्र दास तत्मा ससुरा : कवितलाल दास तत्मा पिता : सुरैत दास तत्मा
क्र.सं.६	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**शान्ती देवी दास तत्मा (ऋणी)** ना.प्र.नं. : १६२००४/१८३ जारी मिति/जिल्ला : २०६७/१२/०९, सप्तरी स्थायी ठेगाना : बरमभीया गा.वि.स वडा नं.०७, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी पति : दिपेन्द्र दास तत्मा ससुरा : कवितलाल दास तत्मा पिता :सुरैत दास तत्मा	**१) झवरी देवी तत्मा (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३६९० जारी मिति/जिल्ला : २०४६/०३/२३, सप्तरी स्थायी ठेगाना : बरमभीया गा.वि.स वडा नं.०७, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी पति : कवितलाल दास तत्मा ससुरा : झुधर दास पिता : ..... **२) संजिता देवी दास (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६-०२-७४-०२५५९ जारी मिति/जिल्ला : २०७४/०७/१६, सप्तरी स्थायी ठेगाना : कञ्चनरुप न.पा वडा नं.०३, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०७, सप्तरी पति : श्याम सुन्दर दास तत्मा ससुरा : मोतीलाल दास पिता : भदै दास तत्मा

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com

साथी सँगै सबल बन्दै

दसैँ–तिहारलाई लक्षित गरेर दुग्ध विकास संस्थानले गऱ्यो मूल्यमा कटौती

न्यूनतम एकदेखि अधिकतम एक सय ५० रुपैयाँसम्म छुट

नयाँ पत्रिका

दसैँ-तिहारलाई लक्षित गरेर दुग्ध विकास संस्थानले आफूले बिक्री गर्दै आएको दुग्ध पदार्थको मूल्यमा कटौती गरेको छ। संस्थानले दुग्ध पदार्थका विभिन्न परिकारमा दुई रुपैयाँदेखि एक सय ५० रुपैयाँसम्म छुट दिएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको हो।

सोमबार पत्रकार सम्मेलन गर्दै मन्त्रालयले स्वस्थ र स्वच्छ माछा, मासु, दूधलगायत खाद्य पदार्थहरूको बिक्री-वितरण सुनिश्चित गर्न तथा सहुलियत दरमा उपलब्ध गराउने बताएको छ।

■ खाद्य तथा दाना बजार अनुगमन तीव्र

खाद्य तथा दाना पदार्थलक्षित बजार अनुगमनलाई तीव्र पारिएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट यस आवको प्रथम त्रैमासमा खाद्य ऐन तथा दाना पदार्थ ऐन कार्यान्वयनका लागि अनुगमन निरीक्षण गर्ने क्रममा खाद्य तथा दाना बजार चार सय ४५ पटक, खाद्य उद्योग एक सय २९ पटक, होटेल-रेस्टुरेन्ट एक सय ९५ पटक गरी सात सय ६९ पटक खाद्य अनुमगन निरीक्षण गरेको छ। जसमा म्याद ग्रुजेका तथा प्रतिकूल गरी करिब दुई लाखबराबरको सामग्री जफत गरी नष्ट गरी कारबाही गरिएको मन्त्रालयले जनाएको छ। साथै, खाद्य ऐनविपरीत प्रतिकूल उत्पादन गर्ने दुईवटा उद्योग सिलबन्दी गरी कारबाही गरिएको साथै खाद्य ऐन तथा दाना पदार्थ ऐनप्रतिकूल नमुनाउपर १९ वटा मुद्दा दायर गरिएको मन्त्रालयले उल्लेख गरेको छ।

■ केमा कति छुट ?

क्रसं	दुग्ध पदार्थ	साबिक मूल्य रु.	छुट मूल्य रु.	कायम मूल्य रु.
१.	स्ट्यान्डर्ड दूध १ लि. पाउच	९७।-	२।-	९५।-
२.	स्ट्यान्डर्ड दूध आधा लि. प्याकेट	५०।-	१।-	४९।-
३.	दही प्रतिलिटर	१९० ।-	२०।-	१७०।-
४.	पनिर ५०० ग्राम	५००।-	५०।-	४५०।-
५.	नौनी प्रतिकेजी	११००।-	१००।-	१०००।-
६	टेबल बटर २५० ग्राम	४००।-	५०।-	३५०।-
७.	घिउ प्रतिलिटर	१२००।-	१००।-	११००।-
८.	मिठाई प्रतिपाकेट	२९०।-	१०।-	२८०।-
९.	याक नौनी प्रतिकेजी	१२५०।-	१५०।-	११००।-
१०.	याक चिज ५०० ग्राम	९६०।-	६०।-	९००।-
११.	कञ्चन चिज ५०० ग्राम	८१०।-	५०।-	७६०।-
१२.	फ्रेस मिल्क २०० एमएल बोतल	७५।-	५।-	७०।-

■ पशुपक्षी अनुगमनलाई तीव्र बनाइने

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पछिल्लो समय दसैँ-तिहारमा हुन सक्ने पशु बजार अनुगमन, स्वास्थ्य परीक्षणलाई तीव्रता दिएको जनाएको छ। अनुगमन गर्नका लागि काठमाडौं उपत्यकाका कलंकी खसी बजार र आसपासका क्षेत्र, धापाखेल र चापागाउँ खसी बजार, टुकुचा खसी बजार र खाद्य संस्थान, थापाथली, टोखा, सुकेधारा, कपन, लोकन्थली खसी बजार, सल्लाघारी च्यांग्रा बजार, चोभार, चाल्नाखेल राँगा बजार, चन्द्रागिरि-थानकोट-दहचोक-दाउरा डिपो), बालाजु, बाइपास खसी बजार, कलंकी-कालीमाटी-बल्खु माछा बजार, मूलपानी चौरलगायतका स्थानमा ५८ जना जनशक्ति परिचालन गरिएको छ। मन्त्रालयका अनुसार आइतबार खसी तीन हजार तीन सय २२, बोका तीन सय ८४, बाख्रा १४, राँगा-भैसी ४९, च्यांग्रा चार सय ६६ गरी चार हजार दुई सय ८४ र माछा पाँच सय किलो बजार अनुगमन तथा स्वास्थ्य परीक्षण गरिएको मन्त्रालयको दाबी छ।

पशु स्वास्थ्य परीक्षण एवं नमुना संकलनका लागि स्वास्थ्य परीक्षणको समय बिहान ७ बजे देखि १० तथा दिउँसो २ देखि ५ बजेसम्म गर्दै आइरहेको छ। स्वस्थ पशुलाई हरियो रङले चिनो लगाउने, बिरामी-रोगी पशुलाई रातो चिनो लगाउने र तुरुन्तै समूहबाट आइसोलेट गर्न लाउने काम भइरहेको मन्त्रालयको भनाइ छ।

सिटिजन्स बैंकको अगुवाइमा ठूलो खोला हाइड्रोपावरले लगानी पाउने



काठमाडौं/ ठूलो खोला हाइड्रोपावर लिमिटेडमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको अगुवाइमा लगानी जुटेको छ। २२.५ मेगावाट क्षमताको ठूलो खोला हाइड्रोपावरमा सिटिजन्स बैंकको अगुवाइमा कृषि विकास बैंक र माछापुच्छ्रे बैंकको संयुक्त लगानी हुने भएको हो।

लगानीसम्बन्धी सम्झौतामा हाइड्रोपावर निर्माता देव ग्रुपका अध्यक्ष तथा कम्पनीका कार्यकारी अध्यक्ष नरेन्द्रवल्लभ पन्त र बैंकका कन्सोर्टियम-पूर्वाधार बैंकिङ एकाइ प्रमुख रोशन मल्लले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौता हस्ताक्षर कार्यक्रममा सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुमितबाबु खत्री, चिफ क्रेडिट अफिसर सुमन मुलापाती उपस्थित रहेको बैंकले जनाएको छ। त्यस्तै, कृषि विकास बैंकका हरि अधिकारी, विश्वबन्धु भट्टराई, माछापुच्छ्रे बैंकका अनिल सिवाकोटी साथै आयोजना कम्पनीका चिफ अपरेटिङ अफिसर नवीन सिलवाल, वित्तीय प्रमुख प्रदीप खतिवडा र सिभिल इन्जिनियरिङ प्रमुख शिवसागर यादवको उपस्थिति रहेको बैंकले उल्लेख गरेको छ। तीन अर्ब ९४ करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजनामा ७५ प्रतिशत ऋण र २५ प्रतिशत स्वपुँजी हुने सम्झौतामा उल्लेख छ।

आयोजना म्याग्दीको रघुगंगा गाउँपालिका वडा नम्बर ७ र ८ को ठूलो खोलामा निर्माणाधीन रहेको जनाइएको छ।

आयोजनामा देव ग्रुपकै स्वामित्व रहेको अर्को आयोजना प्रोजेक्ट टक्सार पिखुवा हाइड्रोपावर लिमिटेडको समेत लगानी रहेको जनाइएको छ। टक्सार पिखुवा हाइड्रोपावर विगत दुई वर्षअगाडि नै सम्पन्न भई विद्युत् उत्पादन गरिरहेको कम्पनी हो। ठूलो खोला हाइड्रोपावरले आइपिओ जारी गर्नका लागि सिटिजन्स क्यापिटललाई बिक्री प्रबन्धकमा नियुक्त गरिसकेको जनाइएको छ।

'आर्थिक सुधारका लागि उच्चस्तरीय संयन्त्र आवश्यक'

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय संयन्त्र आवश्यक रहेको बताएका छन्। सरकार-निजी क्षेत्रको सहभागितामा उच्चस्तरीय आयोग वा संयन्त्र बनाएर आर्थिक सुधार अघि बढाउनुपर्ने उनले बताएका हुन्।

महासंघ अध्यक्ष ढकालले नेपाल आर्थिक पत्रकार समाज (सेजन)को नवनिर्वाचित कार्यसमितिसँगको भेटमा आर्थिक सुधारका लागि उच्चस्तरीय आयोग वा संयन्त्र निर्माण गरी सहकार्य गर्ने अवधारणा आफूले अगाडि सारेको बताए। अबको सुधारका लागि निजी क्षेत्रसहित सबै सरोकारवालाको सामूहिक प्रयास आवश्यक भएको अध्यक्ष ढकालले जानकारी गराए।

महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले देशभर नै उद्यमी-व्यवसायी मन्दीका कारण प्रभावित भइरहेको हुँदा सबै क्षेत्रको विशेष पहल आवश्यक रहेको बताए। महासंघ सचिवालयमा भएको उक्त भेटमा आर्थिक सुधारका लागि सहकार्य गर्ने विषयमा छलफल भएको थियो।

एनआइसी एसिया म्युचुअल फन्डका प्रतिफल घोषणा

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडले आव ०७९/८० का लागि विभिन्न सामूहिक लगानी कोषहरूको प्रतिफल घोषणा गरेको छ। कम्पनीले सञ्चालक समिति बैठकले एनआइसी एसिया बैंक म्युचुअल फन्डअन्तर्गत सञ्चालित योजनाहरूमध्ये एनआइसी एसिया ग्रोथ फन्डले इकाइधनीलाई १०.५० प्रतिशत र एनआइसी एसिया ब्यालेन्स्ड फन्डले १० प्रतिशतका दरले नगद प्रतिफल दिने घोषणा गरेको हो।

यो प्रतिफल करसहित भएको कम्पनीले जनाएको छ। एनआइसी एसिया ग्रोथ फन्डले पहिलो वर्ष १० प्रतिशत, दोस्रो वर्ष १२ प्रतिशत, तेस्रो वर्ष ३० प्रतिशत, चौथो वर्ष १३ प्रतिशत दिएको तथा पाँचौं वर्ष अर्थात् आव ०७९/८० को लागि घोषणा गरेको १०.५० प्रतिशतसहित हालसम्म ७५.५० प्रतिशत प्रतिफल दिइसकेको जनाइएको छ।

त्यस्तै, एनआइसी एसिया ब्यालेन्स्ड फन्डले सञ्चालनमा आएको पहिलो वर्ष ८ प्रतिशत, दोस्रो वर्ष ३० प्रतिशत, तेस्रो वर्ष १३ प्रतिशत र चौथो वर्ष अर्थात् आव ०७९/८० का लागि घोषणा गरेको १० प्रतिशतसहित हालसम्म ६१ प्रतिशत नगद प्रतिफल वितरण गरिसकेको जनाएको छ।

क्यापिटलले हाल म्युचुअल फन्ड, सेयर रजिस्ट्रार, निष्कासन तथा बिक्री प्रबन्ध, सेयर प्रत्याभूति, लगानी व्यवस्थापन, निक्षेप सदस्य, संस्थागत परामर्शलगायतका मर्चेन्ट बैंकिङ तथा इन्भेस्टमेन्ट बैंकिङसम्बन्धी सेवाहरू प्रदान गर्दै आइरहेको जनाएको छ।

क्र.सं.७	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**सिता सुवेदी (ऋणी)** ना.प्र.नं. : १६२०१३/१३० जारी मिति/जिल्ला : २०६७/०५/२४, सप्तरी स्थायी ठेगाना : रुपनगर गा.वि.स वडा नं.०३, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०९, सप्तरी पति : माधव सुवेदी ससुरा : धन बहादुर सुवेदी पिता : बुद्धिमान बुढाथोकी	**१) माधव सुवेदी (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ६८६० जारी मिति/जिल्ला : २०५४/०१/१८, सप्तरी स्थायी ठेगाना : रुपनगर गा.वि.स वडा नं.०३, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०९, सप्तरी पिता : धन बहादुर सुवेदी बाजे : कृष्ण बहादुर सुवेदी **२) कल्पना देवी यादव (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६३०१४/३६५ जारी मिति/जिल्ला : २०६३/१०/१८ सप्तरी स्थायी ठेगाना : बकधुवा गा.वि.स वडा नं.०३, सप्तरी हालको ठेगाना : कञ्चनरुप न.पा वडा नं.०९, सप्तरी पति : अनिल कुमार यादव ससुरा : अयोध्या प्रसाद यादव पिता : दुर्गा बहादुर कार्की
क्र.सं.८	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : कञ्चनपुर, सप्तरी	**सुनिता कुमारी धामी चौधरी (ऋणी)** ना.प्र.नं. : १५२००५/२३१३२ जारी मिति/जिल्ला : २०७३/०४/०९, सिराहा स्थायी ठेगाना : लहान न.पा वडा नं.१५, सिराहा हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.०२, सप्तरी पति : दिपु कुमार चौधरी ससुरा : लक्ष्मी नारायण चौधरी पिता : महन्थ धामी राजवातर	**१) दिपु कुमार चौधरी (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : २७३५२०६१ जारी मिति/जिल्ला : २०६२/०५/२८, सिराहा स्थायी ठेगाना : लहान न.पा वडा नं.०७, सिराहा हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.०२, सप्तरी पिता : लक्ष्मी नारायण चौधरी बाजे : कानन चौधरी **२) सुजता ढकाल लुइटेल (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १३५९९५/१६५२ जारी मिति/जिल्ला : २०५६/१२/१२, खोटाङ स्थायी ठेगाना : निर्मलाडाँडा गा.वि.स वडा नं.०३, खोटाङ हालको ठेगाना : सप्तकोशी न.पा वडा नं.०१, सप्तरी पति : विष्णु प्रसाद लुइटेल ससुरा : बलराम लुइटेल पिता : श्री बेलास ढकाल

नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com

साथी सँगै सबल बन्दै

सचिवले मासिक...

पृष्ठ १ बाट क्रमशः

लागू हुनेछ। प्रदेश सरकारले र नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्थाले निर्देशिकाको व्यवस्थालाई मार्गदर्शनको रूपमा लिई कार्यान्वयन गर्न सक्ने निर्देशिकामा उल्लेख छ।

सचिव र सहसचिवलाई इन्धनमा अहिले पाइरहेकोभन्दा बढी सुविधा

मन्त्रीदेखि प्रधानमन्त्रीसम्मले भने हालकै व्यवस्थाअनुसार पाउनेछन् इन्धन

कर्मचारीले इन्धनमा अहिले पाइरहेकोभन्दा बढी सुविधा पाउने भएका छन्। कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार सवारीसाधन सुविधा पाउने सचिवले मासिक सय लिटर र सहसचिवले ७० लिटर इन्धन पाउँदै आएका छन्। जब कि अब क्रमशः १२५ लिटर र १०० लिटर इन्धनबराबरको सुविधा नगदमा पाउने भएका छन्।

हाल प्रधानमन्त्री र उपप्रधानमन्त्रीले मासिक ३०६, मन्त्रीले २०७, राज्यमन्त्रीले २०० र सहायकमन्त्रीले १८० लिटर पेट्रोल पाउँदै आएका छन्। पदाधिकारीका हकमा भने निर्देशिकामा कुनै व्यवस्था नभएकाले हालकै व्यवस्थाले निरन्तरता पाउनेछ।

हाल उपसचिव र अधिकृतहरूले पनि ठूलो संख्यामा सवारीसाधन र त्यसबापत इन्धन सुविधासमेत लिने गरेका छन्। मन्त्रालयबाटै खर्च गरेर उनीहरूले यो सुविधा लिने गरेका छन्। तिनीहरूको हकमा के गर्ने भन्नेबारे निर्देशिकाले कुनै व्यवस्था गरेको छैन।

इन्धनबापतको रकम मासिक रूपमा दिने तलबभत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिने निर्देशिकामा उल्लेख छ। इन्धनबापत नगद उपलब्ध गराउँदा उक्त रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानुनबमोजिम कर लाग्ने व्यवस्था पनि गरिएको छ। अर्थात् इन्धनबापतको नगद दिँदा त्यसमा लाग्ने कर सम्बन्धित कर्मचारीले नै तिर्नुपर्नेछ। इन्धनबापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीले थप छुट्टै इन्धन सुविधा नपाउने निर्देशिकामा उल्लेख छ।

अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत भई बिदामा रहेको वा प्रचलित कानुनबमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धनबापत पाउने सुविधा उपलब्ध नगराइने व्यवस्था निर्देशिकाले गरेको छ।

हरेक महिना १ गतेको इन्धनको मूल्यका आधारमा भुक्तानी

नेपाल आयल निगमबाट प्रत्येक महिनाको १ गतेका लागि कायम भएको इन्धनको बजार मूल्यको आधारमा सोबराबर हुने गरी हिसाब गरेर उपलब्ध गराउने व्यवस्था निर्देशिकामा गरिएको छ। यसरी एकमुष्ट रकम पाएपछि इन्धनबापत भुक्तानी भएको रकमको बिलबिजक पेस गर्नुनपर्ने व्यवस्था पनि निर्देशिकाले गरेको छ। यसले इन्धन भरेको बिल कार्यालयमा पेस गरेर भुक्तानी लिनुपर्ने झन्झट हुनेछैन।

काठमाडौंबाहिर भ्रमणमा जाँदा कार्यक्रमबाटै व्यवस्था गर्नुपर्ने

निर्देशिकाले इन्धन सुविधाको सीमा कडाइका साथ तोकिदिएको छ। काठमाडौं उपत्यकाबाहिर जानुपर्ने अवस्थामा सम्बन्धित कार्यक्रमबाटै इन्धनको व्यवस्थापन गर्न भनेको छ। 'इन्धन सुविधा पाउने कर्मचारी कुनै कार्यक्रमका लागि वा सरकारी कामको सिलसिलामा काठमाडौं उपत्यकाबाहेकका अन्य जिल्ला भ्रमण गर्नुपर्ने भएमा सोही कार्यक्रमबाटै सवारीसाधन र इन्धनको व्यवस्था गर्नुपर्नेछ,' निर्देशिकाको दफा ७ मा भनिएको छ। तर, कार्यक्रमबाट उपलब्ध हुन नसक्ने अवस्थामा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत भएबमोजिमको इन्धन तथा सवारीसाधनको व्यवस्था सम्बन्धित कार्यालयले गर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

दोहोरो सुविधा लिएको भेटिए असुलउपर हुने

इन्धनबापतको रकममा दोहोरो भुक्तानी लिए कारबाही गर्ने व्यवस्था पनि निर्देशिकाले गरेको छ। निर्देशिकाको दफा ११ मा इन्धन दुरुपयोग गर्न नहुने व्यवस्था छ। उक्त दफामा निर्देशिकाबमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धनबापतको सुविधा लिन नपाइने व्यवस्था गरेको छ। यसविपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट उसुलउपर गर्नुपर्ने व्यवस्था गरिएको छ। निर्देशिका उल्लंघन गरेर दोहोरो सुविधा लिने कर्मचारीबाट असुलउपर नगरे त्यस्ता कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाहीका लागि अख्तियारवालासमक्ष लेखी पठाउनुपर्ने पनि स्पष्ट पारिएको छ। निर्देशिका कार्यान्वयनमा कुनै समस्या उत्पन्न भए अर्थ मन्त्रालयले जुनसुकै वेला आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्ने व्यवस्था पनि निर्देशिकामा गरिएको छ।

विपिन खोजीमा....

पृष्ठ १ बाट क्रमशः

गराएको छ। नेपाली राजदूत कान्ता रिजालले बाँकी शव प्राप्त हुने क्रममा रहेको र बेपत्ता अवस्थाका नेपाली विद्यार्थीको खोजी कार्य जारी रहेको जानकारी दिइन्। सेडोट नेगेभ एग्रिकल्चर सेन्टरअन्तर्गत किबेज अलुमिममा उनीहरूमाथि २० असोजमा हतियारधारी हमास समूहले आक्रमण गरेका थिए। नेपाली राजदूतावासका अनुसार कैलाली घोडाघोडी नगरपालिका- ४ का नारायणप्रसाद न्यौपाने, दार्चुलाको मल्लिकार्जुन नगरपालिका- ४का लोकेन्द्रसिंह धामी, बझाङको जयपृथ्वी नगरपालिका- ६ का गणेशकुमार नेपाली, दार्चुलाको लेकम गाउँपालिका- ५ दीपेशराज विष्ट र कैलाली बौनियाँका आशिष चौधरीको शव प्राप्त भएको छ। डोटीको पचनलीका राजन फुलारा, डोटीकै लामिखालका पदम थापा, सल्यानको शारदा नगरपालिका- ३ का प्रवेश भण्डारी, धनुषाको सपहीका आनन्द साह र सुनसरीको मधुवनका राजेशकुमार स्वर्णकारको शव प्राप्त हुन बाँकी छ। आक्रमणमा परी घाइते भएका ४ जनामध्ये २ जना अस्पतालबाट डिस्चार्ज भएका (१ जना नेपाल पुगिसकेका र १ जना दूतावासको हेरचाहमा रहेका) छन्। दुईजनाको उपचार भइरहेको छ। इजरायलमा रहेका विद्यार्थीहरूमध्ये २५३ जनाको शुक्रबार उद्धार भएको थियो।

बेपत्ता विद्यार्थीको खोजीबारे परराष्ट्रमन्त्रीले भने-

हमाससँग सम्बन्ध रहेको भनिएका देशसँग पनि समन्वय गरेर खोजी भइरहेको छ



नयाँ पत्रिका

परराष्ट्रमन्त्री एनपी साउदले इजरायल युद्धमा बेपत्ता भएका नेपाली विद्यार्थी विपिन जोशीको खोजबिनका लागि हमाससँग सम्बन्ध रहेको भनिएका देशसँग पनि समन्वय भइरहेको बताएका छन्। सुदूरपश्चिम पत्रकार समाजले सोमबार राजधानीमा आयोजना गरेको दसैं, तिहार, छठ तथा नेपाल संवतको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रममा उनले उचित समन्वय गरेर हर इरहेका विद्यार्थीको खोज्ने काम सरकारले तीव्रताका साथ गरिरहेको बताए।

'हराएका विद्यार्थीका बारेमा इजरायल सरकारसँग पनि र इजरायलबाहेकका अरू खाडीका सरकारहरू, जसको हमास समूहसँग पनि सम्बन्ध छ भन्ने गरिन्छ। ती सरकारसँग उचित समन्वय गरेर खोज्ने काम सरकारले तीव्रताका साथ गरिरहेको छ,' उनले भने, 'त्यसका लागि आवश्यक ठाउँमा कुराकानी भइरहेको छ।'

हतियारधारी हमास समूहले १९ असोजमा दक्षिण इजरायलमा रहेको सेडोट नेगेभ एग्रिकल्चर सेन्टर अन्तर्गत किबुज अलुमिममा आक्रमण गर्दा सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययनरत रही इजरायलमा रहेका १० विद्यार्थीको ज्यान गएको थियो। सोही विश्वविद्यालयका विद्यार्थी कञ्चनपुरको भीमदत्त नगरपालिका- ३ का विपिन जोशी हमासको नियन्त्रणमा रहेको बताइए पनि उनको अवस्था अज्ञात छ।

सरकारले इजरायलमा रहका दुई सय ५४ विद्यार्थीको उद्धार गरे पनि विद्यार्थीको शव इजरायलमा छ। जसमध्ये पाँचजनाको शव इजरायलस्थित नेपाली दूतावासले बुझिसकेको छ। परराष्ट्रमन्त्री साउदले बाँकी पाँचजना विद्यार्थीको शव हस्तान्तरण प्रक्रिया चाँडै टुंगिए १० वटै शव एकसाथ ल्याइने बताए। 'तर, प्रक्रिया लम्बिने देखिए प्राप्त पाँचवटा शव ल्याउने प्रक्रिया अगाडि बढ्नेछ,' उनले भने।

सुदूरपश्चिममा बजेट अभाव

कञ्चनपुर- २ बाट प्रतिनिधिसभा सदस्यसमेत रहेका मन्त्री साउदले सुदूरपश्चिम प्रदेश सम्भावनाको दृष्टिकोणले भरिपूर्ण भए पनि बजेटको अभाव भएको बताए। 'सुदूरपश्चिममा बढी बजेट विनियोजन गर्ने मनसाय भए पनि जनसंख्याका आधारमा बजेट विनियोजन हुन्छ, बजेट विनियोजन न्यून हुने परिपाटी चुनौतीपूर्ण छ,' उनले भने, 'सहरमा चालू बजेटले तान्ने भए पनि सुदूरपश्चिममा त्यो अवस्था छैन, यसको मारमा सुदूरपश्चिम पर्ने गरेको छ। अब तीनै तहका सरकारले पूर्वाधार, जलविद्युत् र कृषिमा लगानी बढाउँदै पर्यटन तथा सांस्कृतिक विविधताको प्रचार-प्रसार तथा विकास गर्नुपर्ने उनले बताए।

सांसद रूपा चौधरीले सुदूरपश्चिम सामाजिक तथा सांस्कृतिक रूपमा धनी भएकाले त्यसको संरक्षणका लागि सबैले हातेमालो गर्नुपर्ने धारणा राखिन्। समाजका अध्यक्ष यम बमले राजनीतिबाहेकका सुदूरपश्चिमका सबै मुद्दा पत्रकार समाजका एजेन्डा रहेको र मूलप्रवाहीकरणमा हातेमालो गरिने बताए।

पूर्व-पश्चिम राजमार्गको ८० किलोमिटर खण्ड मर्मत गरिँदै



धनगढीमा **तेजराज भट्ट**

कैलालीको चिसापानीदेखि अत्तरियासम्म पूर्व-पश्चिम राजमार्गको सडक मर्मत तथा सुधारको काम सुरु भएको छ। सडक डिभिजन कार्यालय कञ्चनपुरले राजमार्गको करिब ८० खण्डमा तीनवटा ठेक्कामार्फत मर्मत तथा सुधारको काम अगाडि बढाएको हो। चिसापानीदेखि लम्कीसम्म ११.२ किलोमिटर सडकमा कालोपत्रे थप गरेर सुधार गरिँदै छ।

लम्कीदेखि अत्तरियासम्मको करिब ६८.८ किलोमिटर खण्डमा खाल्डाखुल्डी पुर्ने काम थालिएको सडक डिभिजन कार्यालय कञ्चनपुरका सूचना अधिकारी इन्जिनियर पियुष चटौतले जानकारी दिए। उनका अनुसार चिसापानी पुलदेखि लम्कीसम्म अहिलेको कालोपत्रेमा चार सेन्टिमिटर मोटाइको कालोपत्रेको एक पत्र थप गरिनेछ। त्यसका लागि ६ करोड ८५ लाख रुपैयाँ लागतमा सिस्ने कन्स्ट्रक्सनसँग गत असारमै सम्झौता गरिएको छ। सम्झौताअनुसार ७ मंसिरसम्म राजमार्गको यो खण्डमा सडक सुधारको काम पूरा हुनेछ।

राजमार्गअन्तर्गत लम्कीदेखि पहलमानपुरको कान्द्रा नदीसम्म २८.८ किलोमिटर र कान्द्रादेखि अत्तरियासम्मको ४० किलोमिटर सडकमा परेका खाल्डाखुल्डी पुर्न सडक डिभिजनले छुट्टाछुट्टै ठेक्का सम्झौता गरेको छ। दुवै खण्डको ठेक्का ६१ लाख ७८ हजार लागतमा न्यु कुमारी कन्स्ट्रक्सनले पाएको छ। १ असोजमा भएको सम्झौतामा १ पुससम्म खाल्डाखुल्डी पुर्ने काम पूरा गर्ने सर्त छ।

गोल्याण पावर लिमिटेड को विशेष साधारण सभा सम्बन्धी सूचना

मिति: २०८०।०६।३०

यस गोल्याण पावर लिमिटेड (द.नं. २९९२१०) को मिति २०८०।०६।२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाईएको छ।

सभा हुने मिति : २०८०।०७।१५
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय
समय : बिहान ११:०० बजे

कम्पनीको विशेष साधारण सभाको छलफलको विषयसूची:

क) विशेष प्रस्ताव
१) कम्पनीको अधिकृत पूँजी र जारी पूँजी वृद्धिका लागि प्रबन्धपत्रको दफा संशोधन गर्ने सम्बन्धमा।
२) कम्पनीको नियमावलीको नियम २७(३)(ख) संशोधन गर्ने सम्बन्धमा।

ख) सामान्य प्रस्ताव
१) प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनलाई तीन-महलेमा अभिलेख गरी कार्यालयमा बुझाउने सम्बन्धमा।
२) अख्तियारी दिने सम्बन्धमा।
३) विविध।

सञ्चालक समितिको आज्ञाले,
सञ्चालक अध्यक्ष

कार्कीलाई...

पृष्ठ १ बाट क्रमशः

परिस्थिति आकस्मिक रूपमा विकसित भयो। कांग्रेसकै विद्रोहीको सरकार बने पनि गठबन्धन बलियो बनाएर जाने सहमति बनेको छ,' देउवाको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'अहिले एमाले सरकारमा छ। जटिलता समाधान गरेर गठबन्धनको अपनत्व हुने गरी कोशीको सेटलमेन्ट गर्नुपर्नेछ।'

बैठकमा महामन्त्रीद्वयले कोशी प्रकरणमा सभापति देउवा र नेता डा. शेखर कोइरालाको भूमिकाप्रति असन्तुष्टि पोखेका थिए। महामन्त्री शर्माले बैठकमा निर्णय प्रक्रियामा महामन्त्रीद्वयलाई सहभागी नगराई गरिएकाले परिस्थितिको जिम्मेवार सभापति देउवाले लिनुपर्ने बताए। साथै अबको परिस्थितिमा विश्वासको मत दिएर अगाडि बढ्नुको विकल्प नरहेको विषयमा छलफल भएको बताए।

शर्माका अनुसार निर्णय प्रक्रियाप्रति असन्तुष्टि रहे पनि कोशीमा सरकारलाई विश्वासको मत दिने विषयमा छलफल भएको छ। 'कोशीको सरकारले विश्वासको मत लिनु छ। कोशीको कांग्रेस संसदीय दलको बैठकले त्यसबारे निर्णय गर्छ। कोशीमा एमालेसहितको समाधान र सरकार बन्नुपर्छ, कांग्रेसले विश्वासको मत दिएर जानुपर्छ,' उनले भने।

कोशीमा विशिष्ट गणितीय परिस्थितिका कारण एमालेसहितलाई समेटेर गठबन्धन सरकार बन्नुपर्छ भन्नेमा आफू दुई महामन्त्रीको जोड रहेको, तर पर्याप्त छलफलविनै निर्णय आएको बताए। 'दुवै गठबन्धनले विश्वासको मत पुष्टि गर्न नसकेको अवस्थामा एक-अर्कालाई साथ दिएर या लिएर जानुपर्छ भनेका थियौं। कोशीमा पहिचानको आन्दोलन चलिरहेकाले सरकार कसको बन्ने मात्रै मुख्य होइन, समाधान के भन्नेमा हाम्रो मुख्य जोड थियो,' उनले भने, 'सभापतिले माओवादीलाई मुख्यमन्त्री बनाउने निर्णय गर्नुभयो। निर्णयमा महामन्त्रीहरूको सहभागिता थिएन। त्यसमा पार्टीका केही साथीहरूको असन्तुष्टि रह्यो, त्यसको जगमा विद्रोह गर्नुभयो।'

शर्माले कोशीमा विकसित घटनाको जिम्मेवारी सभापतिले लिनुपर्ने, तर परिपक्व साथ हल खोज्नुपर्ने बताए। 'निर्णयमा को-को सामेल हुनुहुन्थ्यो र किन दुर्घटना भयो भन्ने जिम्मेवारी सभापतिले लिनुपर्छ। डा. कोइरालाले कांग्रेसको भाग माओवादीलाई दिन लागेकाले खोसेको भन्ने भाष्य बनाउन खोज्नुभयो,' उनले भने, 'तर, कहीँकतै पनि गठबन्धनमा यो प्रदेशमा यसको मात्रै सग्लो सरकार बन्ने भन्ने सहमति भएको छैन। जसको बने पनि आलोपालो गर्ने भन्ने थियो। तर, यो दुर्घटना हुँदै गर्दा समझदारीपूर्वक हल गर्नुपर्छ। डढेलाको रूप दिनुहुँदैन, संयम र परिपक्व साथ हल निकाल्नुपर्छ।'

महामन्त्री शर्माले तीन नेताबीच गठबन्धन जोगाउने भनेर गरेको लिखित सहमतिको आवश्यकता र औचित्यमाथि समेत प्रश्न गरेको बताए। 'एउटा कागजको चिर्कटोमा हस्ताक्षर गरेर ल्याउनुपर्ने अवस्था किन आयो ? प्रधानमन्त्रीले आफैं गठबन्धनप्रति प्रतिबद्ध छु भनेर वक्तव्य दिइरहनुपर्छ र ? गठबन्धनलाई निरन्तर लान कांग्रेसको संस्थागत निर्णय नै छ, गठबन्धनको ठूलो दलको प्रमुख अंसियार शेरबहादुर देउवाले हस्ताक्षर गर्नुपर्छ र ? डा. शेखरका प्रति पनि आशंका गरिराख्ने हो भने उहाँले वक्तव्य दिँदा भइहाल्थ्यो होला। चिर्कटो बनाइएकोमा हाम्रो सहमति छैन। यसमा सभापतिले पनि गम्भीर आत्मसमीक्षा गर्नुपर्छ। कोशी प्रदेशमा अरू नेताहरू पनि हुनुहुन्छ, उहाँहरूसँग किन सल्लाह गरिएन ?' महामन्त्री शर्माले बैठकमा राखेको धारणाबारे भने।

प्रचण्ड भन्छन्- कोशीमा एकपछि अर्को चलखेल, तर कोर्स करेक्सन हुन्छ



समाजवादी मोर्चाको सन्देश सभालाई सम्बोधन गर्दै माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड

माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एमालेले गठबन्धन टुटाउन कोशीमा एकपछि अर्को चलखेल गरेको आरोप लगाएका छन्। धनगढीमा आयोजित समाजवादी मोर्चाको सन्देश सभालाई सम्बोधन गर्दै उनले कोशीमा विश्वासको मतअघि कांग्रेसबाट एक मात्र मन्त्री बनाउने सहमति बनेको, तर एमाले सरकारमा सहभागी भएर गठबन्धन टुटाउने चलखेल गरेको दाबी गरे। 'कोशीमा हाम्रो एउटा र एमाले र असन्तुष्ट कांग्रेसका विद्रोही समूहको गठबन्धन बन्यो। के गरी हल गर्ने भनेर धेरै मिहिनेत गरियो। अन्ततः शेरबहादुरजी, शेखरजी र म बसेर गठबन्धनबारे दृढ रहने र टुट्न नदिने भनेर कमिटमेन्टमा हस्ताक्षर गऱ्यौं। यति भएपछि ढुक्क भयो, एमालेले गरेको चलखेल त्यहीं रोकियो भनेको त, फेरि अर्को चलखेल भयो,' प्रचण्डले भने, 'हामीले विश्वासको मतअघि कांग्रेस मात्रको एकजना मन्त्री बनाउने भनेका थियौं, फेरि एमालेले मन्त्री छिराइहाल्यो। हामी फेरि त्यसलाई करेक्सन गर्दै छौं। करेक्सन त हुन्छ। पाँच वर्ष यही गठबन्धन जान्छ, कसैले हल्लाउन सक्दैन। जतिचोटि प्रयास गरे त्यतिचोटि आफैं फसेका छन्। अहिले पनि एमालेले जित्ने मैले देखेको छैन, कांग्रेस र गठबन्धनले पनि त्यो देखेको छैन।'

बिआरआई...

पृष्ठ १ बाट क्रमशः

सहभागी हुने कार्यक्रम छ। मंगलबार साँझ उनी चिनियाँ राष्ट्रपतिद्वारा बिआरआई सम्मेलनमा सहभागी उच्चस्तरीय प्रतिनिधिमण्डलको सम्मानमा आयोजित स्वागत समारोहमा सहभागी हुनेछन्। सम्मेलनमा यसपालि ४० देशका राष्ट्रप्रमुख/सरकार प्रमुख सहभागी हुने तय भएको चिनियाँ सञ्चारमाध्यमले जनाएका छन्।

श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल, परराष्ट्र मन्त्रालयका सहसचिव अमृतबहादुर राई, गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई, स्वकीय सचिवद्वय सुरेशकाजी श्रेष्ठ र सुमन आचार्य रहनेछन्।

उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ मन्त्रीहरू तथा शीर्ष नेतासँग भेटवार्ता गर्ने कार्यक्रम छ। उनी १ कात्तिकमा बिआरआई सम्मेलनको उद्घाटन सत्रमा सहभागी हुँदै छन्। चिनियाँ राष्ट्रपति सी जिनपिङले उद्घाटन गर्ने सम्मेलनको उद्घाटनपछि उपप्रधानमन्त्री श्रेष्ठ सोही दिन आयोजित ग्रिन डेभलपमेन्ट हाई लेभल फोरम अफ बिआरआई समिटमा सहभागी हुनेछन्। उक्त कार्यक्रमका मुख्य वक्ताका रूपमा श्रेष्ठले बिआरआईबारे नेपालको धारणा राख्ने कार्यक्रम छ।

उपप्रधानमन्त्री श्रेष्ठले २ कात्तिकमा चीनको आपतकालीन व्यवस्थापन मामिलामन्त्री वाङ सियाङ्चीसँग भेटवार्ता गर्नेछन्। दुई देशबीच विपद् व्यवस्थापनमा गर्न सकिने सहकार्यका विषयमा छलफल हुनेछ। चीनले नेपाललाई गर्न सक्ने सहयोगका विषयमा एजेन्डा नै लिएर नेपाली प्रतिनिधिमण्डल गएको छ।

यसैगरी, उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ जियाङ्चाउ र समकक्षी वाङसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ। सबै भेटवार्ताहरू प्रधानमन्त्री प्रचण्डको पछिल्लो चीन भ्रमणमा भएका सहमति कार्यान्वयनमा केन्द्रित हुनेछन्।

कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८०/०६/३० गते नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीले यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको शर्त बमोजिम नियमित बुझाउनु पर्ने किस्ताहरु, साँवा, व्याज, हर्जाना रकम नतिरी नबुझाई बाँकी राख्नु भएको तथा पटकपटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत निजले कर्जा किस्ताहरु चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नुहुन सूचित गरिन्छ। अन्यथा उल्लेखित मिति भित्रमा तिर्न बुझाउनू पर्ने व्याज तथा हर्जाना रकम भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण वापत लेखी लेखाई दिएको तपसिल बमोजिमको चल/अचल सम्पति सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गर्ने, कालोसुचिमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायतका कर्जा असुल उपर गरी लिनका लागि अन्य आवश्यक कानूनी कारवाहीहरु समेत गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत ऋणी, जमानीकर्ता, धितो सुरक्षण दिने व्यक्तिहरु तथा अन्य सबैलाई जानकारी गराईन्छ।

ऋणीको विवरण	धन जमानीकर्ताको विवरण
विष्णु बहादुर श्रेष्ठकी बुहारी, अनिल श्रेष्ठकी पत्नी, स्थायी ठेगाना बागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३० हाल वडा नं. २७ बस्ने वर्ष ५१ की **लक्ष्मी शोभा श्रेष्ठ** (ना.प्र.नं. ७४४५ जारी मिति २०४८/११/२१ जि.प्र.का. काठमाडौं)	बिस लाल श्रेष्ठको नाती, विष्णु बहादुर श्रेष्ठको छोरा, स्थायी ठेगाना बागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३० हाल वडा नं. २७ बस्ने वर्ष ५५ को **अनिल श्रेष्ठ** (ना.प्र.नं. ३३१ जारी मिति २०४४/११/१९ जि.प्र.का. काठमाडौं)

धितो विवरण - विष्णु बहादुर श्रेष्ठकी बुहारी, अनिल श्रेष्ठकी पत्नी, स्थायी ठेगाना बागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३० हाल वडा नं. २७ बस्ने वर्ष ५१ की **लक्ष्मी शोभा श्रेष्ठ** (ना.प्र.नं. ७४४५ जारी मिति २०४८/११/२१ जि.प्र.का. काठमाडौं)को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता रहि तिरो कायम रहेको बागमती अञ्चल, काठमाण्डौं जिल्ला, का.म.न.पा वडा नं. ३० हाल वडा नं. २७, सि.नं. ३० स्थित कित्ता नं. १३९७ को क्षेत्रफल ०-०-२-३ (२१/८३) ब.मी. को घर-जग्गा

CASH क्याश सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
CASH Saving & Credit Co-operative Ltd.
ज्याथा, काठमाडौं
फोन : ५३५१८७७, ५३५२३११, ५३५३२५२
Email :info@cashco-op.com.np

ऋणीहरुलाई कर्जा ३५ दिन भित्र चुक्ता गर्ने बारे सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/३०

यस सहकारी संस्थाका तपशिलमा बमोजिमका ऋणी सदस्यहरुले उपभोग गरेको कर्जाको साँवा, व्याजको रकम तोकिएको भाखा भित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म पनि नतिरी नबुझाई कर्जा सम्वन्धि शर्त उल्लघंन गर्नु भएकोले कर्जा तिर्ने बुझाउने सम्वन्धमा, लिखित, मौखिक तथा स्थलगत रुपमा बारम्वार तरताकेता गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको साँवा, व्याज तथा दैदस्तुरको रकम समेत नतिरी नबुझाई कर्जा चुक्ता भुक्तानी नगरी आलटाल गरी रहनु भएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा दैदस्तुर समेत बुझाउनु हुन सम्वन्धित ऋणी सदस्यहरुलाई सूचित गरिन्छ। सो सूचना अनुसार ३५ दिनको म्यादभित्र आफुले तिर्न बुझाउन बाँकि भएको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा प्रचलित कानून बमोजिम कारवाही गरि यस सहकारीले असुल उपर गरि लिने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपशिल

क्र.सं.	ऋणी सदस्यहरुको नाम	ठेगाना
१	लाल बहादुर कार्कीको नातिनी प्रकाश कार्कीको छोरी कृष्टि कार्की	का.म.न.पा.वडा.नं. १० पुरानो बानेश्वर
२	राम नारायण श्रेष्ठको नातिनी सानु राजा श्रेष्ठको छोरी शर्मिला श्रेष्ठ मलेकु	ल.पु.उ.मा.न.पा. वडा.नं.०३ धोविघाट
३	रमेशानन्द शर्मा राजोपाध्यायको नाति रामचन्द्र शर्मा राजोपाध्यायको छोरा श्रीनिवाश शर्मा राजोपाध्याय	का.म.न.पा.वडा.नं.२८ बाङ्गेमुढा
४	रामचन्द्र शर्मा राजोपाध्यायको बुहारी रवि राज राजोपाध्यायको छोरी , श्रीनिवाश शर्मा राजोपाध्यायको पत्नि लक्ष्मी राजोपाध्याय	का.म.न.पा.वडा.नं.२८ बाङ्गेमुढा
५	तिर्थ शाहीको नाति गोविन्द शाहीको छोरा अनिल शाही	का.म.न.पा.वडा.नं.२१ लगन
६	टिका राम उपाध्यायको नाति त्रिलोचन उपाध्यायको छोरा राम राज शर्मा	नाग्लीवाङ्ग , ०८ पर्वत

भवानी आदेश्वर बचत तथा ऋण सहकारी संस्था लिं.
भोसिको टोल, काठमाडौं, फोन नं. ०१-४२५९७४६

एन आई सी एशिया बैंक म्यूचूअल फण्ड अन्तर्गत सञ्चालित
एन आई सी एशिया फ्लेक्सी क्याप
धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७८/०१/३१ मा योजना संचालन अनुमति प्राप्त २०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना
२०८० आषाढ मसान्तको संक्षिप्त वार्षिक वित्तीय विवरण (लेखापरीक्षण भएको)

वासलात

विवरण	आषाढ २०८० सम्म रु.	आषाढ २०७९ सम्म रु.
सम्पत्ति :		
शेयर लगानी (Financial Assets Held at Fair Value)	६४५,१२३,३३८	२१०,९५७,३४२
डिवेन्चरमा लगानी	१५,०००,०००	-
मुद्दती निक्षेप तथा बैंक मौज्दात	४२०,२९१,८१२	८३५,९७७,७१७
अन्य चालु सम्पति, कर्जा तथा प्राप्त हुन बांकी रकम	१६,९१८,५१६	१,५९३,०००
जम्मा	**१,०९७,३३३,६६५**	**१,०४८,५२८,०६०**
पूँजी तथा दायित्वः		
खुद सम्पतिको श्रेय शेयरधनीलाई (बृद्धि)/कमी (Net Assets Attributable to Unit Holders)	१,०८७,९५३,१०४	१,०१७,०२८,९११
चालु दायित्व तथा व्यवस्थाहरु	९,३८०,५६०	३१,४९९,१४९
जम्मा	**१,०९७,३३३,६६५**	**१,०४८,५२८,०६०**

आय व्यय विवरण (श्रावण ०१, २०७९ देखि आषाढ ३१, २०८० सम्म)

विवरण	आषाढ २०८० सम्म रु.	आषाढ २०७९ सम्म रु.
ब्याज आम्दानी	५१,५५८,४०५	५३६,६३७
लाभांश आम्दानी	३,२७३,७०५	-
धितोपत्र बिक्रीबाट लाभ/(नोक्सान)	१४,६७४,६१४	-
प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	२०,५९०,३७०	५,६२९,२९१
अन्य आम्दानी	-	-
जम्मा आम्दानी	**९०,०९७,०९५**	**६,१६५,९२८**
खर्च		
सूचना तथा प्रकाशन खर्च	१६९,०१७	२०,०००
बैंक तथा अन्य शुल्क	१,०६३	१२५
सफ्टवेयर चार्ज	९१,१५३	-
योजना व्यवस्थापन शुल्क	१५,५१५,५५७	१,३७२,२५१
डिपोजीटरी शुल्क	२,०६८,७४१	१८२,९६७
कोष सूपरीवेक्षक शुल्क	१,०३४,३७०	९१,४८३
योजना लेखा परीक्षण शुल्क	११३,०००	५६,५००
पूर्व संचालन शुल्क	-	७,४१३,६९१
बुक बिल्डिङ शुल्क	१०,०००	-
सिडिएससि वार्षिक शुल्क	१७०,०००	-
जम्मा खर्च	**१९,१७२,९०२**	**९,१३७,०१७**
खुद सम्पतीको श्रेय शेयरधनीलाई (बृद्धि/कमी	**७०,९२४,१९३**	**(२,९७१,०८९)**

नगद प्रवाह विवरण (श्रावण ०१, २०७९ देखि आषाढ ३१, २०८० सम्म)

विवरण	आषाढ २०८० सम्म रु.	आषाढ २०७९ सम्म रु.
क) कारोबार संचालनबाट नगद प्रवाह :		
यस वर्षको खुद नाफा (Surplus)	७०,९२४,१९३	(२,९७१,०८९)
समायोजनहरुः		
प्राप्त भइनसकेको लाभमा (बृद्धि)/कमी	(२०,५९०,३७०)	(५,६२९,२९१)
दायित्वमा बृद्धि/(कमी)	(२२,११८,५८८)	३१,४९९,१४८
सम्पतिमा (बृद्धि)/कमी	(४१३,५७५,६२६)	(२०५,३२८,०५०)
अन्य सम्पतिमा (बृद्धि)/कमी	१९,६७४,४८५	(१११,५९३,०००)
कारोबार संचालनबाट भएको नगद प्रवाह(१)	**(३६५,६८५,९०६)**	**(२९४,०२२,२८३)**
ख) लगानी कारोबारबाट भएको नगद प्रवाह		
इकाई बिक्री (बृद्धि)/कमी	-	**१,०२०,०००,०००**
लगानी कारोबारबाट भएको नगद प्रवाह(२)	-	**१,०२०,०००,०००**
ग) वित्तीय कारोबारबाट भएको नगद प्रवाह		
लगानीमा बृद्धि/(कमी)	-	-
वित्तीय कारोबारबाट भएको नगद प्रवाह(३)	-	-
सम्पूर्ण गतिबिधिबाट भएको कूल नगद प्रवाह (१+२+३)	**(३६५,६८५,९०६)**	**७२५,९७७,७१७**
शुरुको नगद तथा बैंक मौज्दात	७२५,९७७,७१७	-
अन्तिम नगद तथा बैंक मौज्दात	**३६०,२९१,८१२**	**७२५,९७७,७१७**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११११७/७८/८८, फ्याक्सः ९७७-०१-५१११११८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार ३० असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

लाओसविरुद्ध जित्नैपर्ने दबाबमा नेपाल

फिफा विश्वकप २०२६ अन्तर्गत एसियन छनोटमा नेपालले लाओसविरुद्ध उसैको घरेलु मैदानमा आज प्रतिस्पर्धा गर्दै छ, गत साता दशरथ रंगशालामा दुवै टोलीले १-१ को बराबरी खेलेका थिए

रमेश सुवेदी/नयाँ पत्रिका



घरेलु मैदानमा १-१ को निराशाजनक बराबरी खेलेको नेपालले फिफा विश्वकप २०२६ अन्तर्गत एसियन छनोटको अवे खेलमा आज लाओसको सामना गर्दै छ। नेपाल र लाओस दुवै जित्नैपर्ने दबाबमा छन्। दोस्रो खेलमा दुवै टोलीका लागि बराबरी नतिजा अर्को चरणमा पुग्न पर्याप्त छैन। जितबाहेक अर्को विकल्प नै छैन। यस कारण नेपाल र लाओस जितका लागि नै खेल्नेछन्। लाओस घरेलु समर्थकको साथ नेपाललाई स्तब्ध बनाउने योजनामा छ। गत बिहीबार लाओसले दशरथ रंगशालामा ११ हजार समर्थकमाझ नेपाललाई १-१ को बराबरीमा रोक्न सफल भएको थियो। नेपाली राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले मंगलबार हुने खेलमा आक्रामक खेल्ने र जित निकाल्ने बताएका छन्। 'अगाडि बढ्न जित्नैपर्छ, हामीलाई गाह्रो छ, तर तयार छौं,' इटालियन नागरिक एनेसले सोमबार आयोजित पत्रकार सम्मेलनमा भने, 'पहिलो खेल निकै खराब रह्यो। दोस्रो खेलमा आक्रामक फुटबल खेल्छौं र नतिजा प्राप्त गर्नेछौं।'

सुधारिएको खेल खेल्ने

सन् २०२६ को विश्वकप अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्दै छन्। सोही विश्वकपमा खेल्ने सपना देखेको नेपालले एसिया क्षेत्रको छनोट पनि खेलिरहेको हो। नेपालका कप्तान किरणकुमार लिम्बूले पहिलो खेलमा भएको गल्तीलाई सुधार गर्दै खेल्ने बताएका छन्। 'घरेलु मैदानमा हामीले खराब खेल्यौं, त्यस गल्तीलाई सुधार गर्दै खेल्छौं,' किरणले भने, 'अवे खेलका लागि उत्साहित छौं। यो खेल जित्दै बडादसैंको समय समर्थकलाई उपहार दिन चाहन्छौं।'

दशरथ रंगशालामा भएको खेलमा पहिलो हाफमै नेपाल एक गोलले पछि परेको थियो। दोस्रो हाफको सुरुमै अञ्जन विष्टले गोल गर्दा नेपालले हार टारेको थियो। पहिलो हाफमा नेपालले भ्रमणकारी लाओसविरुद्ध एउटै आक्रमण गर्न सकेन। दोस्रो हाफमा नेपालले सुधारिएको प्रदर्शन गरेको थियो। अञ्जनले हरि खड्का र नीराजन रायमाझीको नाममा रहेको १३ गोलको कीर्तिमानी बराबरी गरेका थिए।

घरेलु मैदानमा लाओस उत्साहित

लाओसका प्रशिक्षक कन्लाया सिसोमभाङले घरेलु मैदानमाझ नेपालसँग खेल्न उत्साहित भएको बताएका छन्। उनले घरेलु समर्थकमाझ नेपाललाई स्तब्ध पार्ने योजना रहेको सुनाए। यद्यपि, उनी पहिलो खेलमा रातो कार्ड बेहोर्दा प्राविधिक क्षेत्रमा उपलब्ध हुन पाउनेछैनन्। 'नेपालसँग खेल्न कठिन हुन्छ, तर हामी घरेलु समर्थकमाझ खेल्न उत्साहित छौं,' उनले भने। प्रतिस्पर्धामा पहिलो खेलबाट नेपालको रणनीति थाहा भएको र जितका लागि खेल्ने उनले बताए। 'नेपालको खेल विश्लेषण र अध्ययन गरेका छौं। पहिलो खेलको गल्ती सुधार गर्दै खेल्छौं,' उनले भने। पहिलो खेलमा घाइते भएका कप्तान बौनपाचन बौनकोङ दोस्रो खेलमा उपलब्ध हुनेछैनन्। उनी नेपालविरुद्ध ५९औं मिनेटमा मैदान छाडेका थिए। प्रशिक्षक कन्लायाले बौनकोङको राम्रो विकल्प रहेकाले समस्या नहुने बताएका छन्।

फेरिएको नेपाली टोली

अहिले नेपाली टोली युवा खेलाडीले भरिएको छ। धेरैजसो सिनियर खेलाडी अस्ट्रेलिया पुगेका छन्। टोलीका कप्तान किरण र अञ्जनसँगै रोहित चन्द, अनन्त तामाङ, एरिक विष्ट, मनीष डाँगी र आयुष घलान मात्र अनुभवी हुन्। त्यसबाहेक सबै खेलाडी नयाँ छन्। आवास लामिछाने, लाकेन लिम्बू, सुदीप गुरुङ, दीप कार्की, आशिष चौधरी र सनिश श्रेष्ठले १० खेल पनि खेलेका छैनन्।

उत्सव राईले लाओसविरुद्ध डेब्यु गरेका थिए। टोलीमा रहेका अभिषेक बराल, आशिष गुरुङ, अञ्जन राई, अमृत श्रेष्ठ, छिरिङ लामा, कृतिशरत्न छन्जु र सञ्जीव विष्टसहित आठ खेलाडीले डेब्यु गरेका छैनन्। अमृत र सञ्जीव पहिलोपटक टोलीमा स्थान बनाएका हुन्।

बराबरी भए खेलको निर्णय पेनाल्टीमा

यस खेल पुनः बराबरीमा टुंगिएको अवस्थामा अवे गोल मान्य नहुने भएको छ। फिफाले यसपटकबाट प्रस्ट जितको नियमावली बनाएको छ। होम एन्ड अवे खेल बराबरी भए पेनाल्टी सुटआउटमा नतिजा निस्कनेछ। अवे गोलको मान्यता नभएका कारण नेपालमाथि दबाब भने हुनेछैन। यद्यपि, अवे समर्थकको दबाब झेल्नुपर्नेछ। फिफाको नियमअनुसार दुवै लेग बराबरीमा सकिए खेल ३० मिनेटको अतिरिक्त समयमा धकेलिनेछ। त्यसमा पनि बराबरी भए खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिइनेछ।



आक्रामक फुटबल खेल्छौं

भिन्सेन्जो अल्बेर्टो एनेस, प्रशिक्षक, नेपाल

यहाँ आउन पाउँदा खुसी लाग्यो। पहिलो खेलमा लाओसले धेरै सयम खेर फालेको थियो। रेफ्रीको निर्णय पनि हाम्रो पक्षमा थिएन। तर, हामीले उनीहरूलाई मात्र दोष दिन मिल्दैन। पहिलो खेल निकै खराब थियो। यसबाट पाठ सिक्दै हामीले आफैंमा ध्यान केन्द्रित गर्न आवश्यक छ। यो खेल नेपाल र मेरो लागि पनि निकै महत्त्वपूर्ण छ। अगाडि बढ्ने हो भने हामीले जित्नुपर्छ। यो गाह्रो छ, तर हामी तयार छौं। हामी आक्रामक फुटबल खेल्छौं। लाओस पनि आक्रामक हुनेछ। म तिनीहरूलाई सम्मान गर्छु, तर हामीले भोलि सकारात्मक दृष्टिकोण राख्नुपर्छ।



घरेलु मैदानमा खेल्न उत्साहित छौं

कन्लाया सिसोमभाङ, प्रशिक्षक, लाओस

हामी कठिन खेलका लागि पर्खिरहेका छौं। अघिल्लो खेलबाट हामीले धेरै कुरा सिक्यौं। विश्लेषण र अध्ययन गरेका छौं। अझ राम्रो गर्ने प्रयास हुनेछ। हामी फ्यान र समर्थकलाई रंगशालामै उपस्थित भइदिन अनुरोध गर्न चाहन्छौं। हाम्रा एक महत्त्वपूर्ण खेलाडी घाइते छन्। यसले खेलमा केही असर गर्छ। वर्तमान लाओसको यो टिम राम्रो छ। हामीसँग २३ खेलाडी छन्। हामी टोलीलाई सधैं प्राथमिकतामा राख्छौं र राम्रो प्रतिस्थापन पनि छ। आजको खेलका लागि उत्साहित छौं।

ललित र लोकेशको राष्ट्रिय टोलीमा पुनरागमन



ललितनारायण राजवंशी



लोकेश बम

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीमा स्पिनर ललितनारायण राजवंशी र युवा ब्याट्समयान लोकेश बमले स्थान बनाएका छन्। नेपाल क्रिकेट संघ (क्यान)ले हङकङ र युएईविरुद्धको त्रिकोणात्मक टी-२० सिरिजका लागि टोली घोषणा गर्दा राजवंशी र बमले पुनरागमन गरेका हुन्। आइसिसी टी-२० विश्वकपअन्तर्गत एसियन छनोटअघि क्यानले अभ्यासका रूपमा त्रिकोणात्मक सिरिज आयोजना गर्न लागेको हो। सिरिज १ कात्तिकदेखि मूलपानी मैदानमा हुनेछ। चोटका कारण ललितले गत साता चीनको हाङझाउमा भएको १९औं एसियन खेलकुद प्रतियोगिता गुमाएका थिए। १९औं एसियन खेलकुद प्रतियोगिताको तयारी क्रममा राजवंशी घाइते भएका थिए।

> १९औं एसियाडको अभ्यासका क्रममा घाइते भएका स्पिनर नारायण राजवंशीले एक महिनापछि त्रिकोणात्मक सिरिजमा स्थान पक्का गरे

उनको दाहिने कलर बोनको शल्यक्रिया गत ४ असोजमा भएको थियो। एक महिनाको अरामपछि उनी टोलीमा फर्किएका हुन्। टी-२० फर्म्याटमा पिन्च हिटरका रूपमा चिनिने बमले लामो समयपछि स्थान सुरक्षित गरेका हुन्। राजवंशी टी-२० टोलीमा सन् २०१९ पछि फर्किएका हुन्। उनले अन्तिमपटक कीर्तिपुर मैदानमा माल्दिभ्सविरुद्ध प्रतिस्पर्धा गरेका थिए। टी-२० मा उनले १२ खेलमा १० विकेट लिएका छन्। उनको उत्कृष्ट प्रदर्शन ३/६ को हो। ब्याटिङ क्रममा उनले तीन रन मात्र बनाएका छन्। टी-२० खेलमा उनको प्रतिओभर ६.०२ औसत रहेको छ। उनले सन् २०१८ मा लर्ड्स मैदानमा नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए।

पछिल्लो समय एकदिवसीयमा राजवंशीको प्रदर्शन उत्कृष्ट रहँदै आएको थियो। ५० ओभरको खेलमा उनले २३ खेलमा २८ विकेट लिएका छन्। ब्याटिङ क्रममा उनले २३ रन बनाएका छन्। क्यानले रोहितकुमार पौडेलको कप्तानीमा घोषणा गरेको १८ सदस्यीय टोलीमा पूर्वकप्तान सन्दीप लामिछाने समावेश छैनन्। सन्दीपले गत साता तत्कालका लागि त्रिकोणात्मक सिरिजमा सहभागी नहुने घोषणा गरेका थिए। घरेलु मैदानमा सन्दीपले उत्कृष्ट प्रदर्शन गर्दै आइरहेका थिए। अब उनको अनुपस्थितिमा स्पिनको जिम्मेवारी सागर ढकाल, सूर्य तामाङ, मौसम ढकालले लिनेछन्।

डेढ वर्षपछि फर्किए बम

मध्यक्रममा विस्फोटक ब्याटिङ गर्न रुचाउने बम राष्ट्रिय टोलीमा डेढ वर्षपछि फर्किएका हुन्। उनले अन्तिमपटक सन् २०२२ को २८ मार्चमा पपुवा न्युगिनीविरुद्ध प्रतिस्पर्धा गरेका थिए। उनले सन् २०२२ को फेब्रुअरीमा युएईविरुद्ध डेब्युको अवसर पाए। आठपटक अन्तर्राष्ट्रिय टी-२० खेलमा सहभागी उनले ६ इनिङ्समा ६६ रन बनाएका छन्। यसमा उनले ५४ बलमा तीन चौका र पाँच छक्का प्रहार गरेका थिए। युएईविरुद्धको खेलमा उनले २१ बलमा समान दुई छक्का र चौका प्रहार गरी ३३ रन जोडेका थिए। उनी घरेलु टोलीमा एपिएफमा आबद्ध छन्।

नेपालको टोली

रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, गुलसन झा, सोमपाल कामी, करण केसी, प्रतिश जिसी, ललितनारायण राजवंशी, अभिनाश बोहरा, विवेक यादव, सागर ढकाल, विनोद भण्डारी, लोकेश बम, सूर्य तामाङ र श्याम ढकाल।

खेल संक्षेप

लुभुलाई कराँते उपाधि

काठमाडौं/ लुभु डोजोले चौथो उपत्यकाव्यापी कराँते प्रतियोगिताको उपाधि जितेको छ। विद्या आर्जन शाखा डोजोको आयोजनामा भएको प्रतियोगितामा लुभु १० स्वर्ण, दुई रजत र तीन कांस्यसहित समग्रमा टिम च्याम्पियन बनेको हो। मध्यपुर थिमीको नगदेश डोजो दुई स्वर्ण, चार रजत र चार कांस्यसाथ दोस्रो भएको छ। दुई स्वर्ण, तीन रजत र पाँच कांस्यका साथ काभ्रे डोजो तेस्रो भएको आयोजकले जनाएको छ। प्रतियोगितामा भक्तपुर, काठमाडौं, ललितपुर र काभ्रे जिल्लाबाट १७ डोजोका तीन सय खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

महिलातर्फ २० देखि ५५ केजी, खुला र पुरुषतर्फ २० देखि ६० केजीसम्म र खुला तौलसमूहमा प्रतिस्पर्धा भएको प्रतियोगिता संयोजक सूर्य लामाले जनाएका छन्। महिला, पुरुष दुवैको एकल कातामा पनि खेल भएको थियो। उमेरसमूहअन्तर्गत प्यारागन डोजोले ६ स्वर्णसहित पहिलो हुँदै जुनियरतर्फ उपाधि हासिल गरेको छ। दुई स्वर्ण, तीन रजत र ११ कांस्यसहित आयोजक विद्या आर्जन डोजो दोस्रो भयो। एक स्वर्ण, समान दुई रजत र कांस्य जितेको डेमस स्कुल डोजो तेस्रो भएको थियो।

पारा खेलाडीको बिदाइ

काठमाडौं/ तेक्वान्दोमा सक्रिय दिलीप स्मृति प्रतिष्ठानले चौथो एसियाली पारा खेलकुदमा सहभागी हुने पूर्वतेक्वान्दो खेलाडीलाई सोमबार बिदाइ गरेको छ। प्रतिष्ठानका अध्यक्ष एवं तेक्वान्दो प्रशिक्षक राजेन्द्र खत्रीले पूर्वतेक्वान्दो खेलाडी साङबु भोटे, सुरज भाट र सीता भण्डारीलाई सफलताको शुभकामना दिँदै एक कार्यक्रमबीच बिदाई गरे। चीनको हाङझाउमा २२ देखि २८ अक्टोबरसम्म हुने पारा खेलकुदमा साङबु र सुरजले एथलेटिक्समा प्रतिस्पर्धा गर्दै छन्। सीता प्रशिक्षकको भूमिकामा छिन्। उनीहरू सोमबार चीन प्रस्थान गरेका छन्।

भलिबलको उपाधि चनौटेलाई

कास्की/ बडादसैंको अवसरमा आयोजना भएको ३५ वर्षमाथिका पुरुष भेट्रान्स कप भलिबलको उपाधि पोखरा १९ को चनौटेले जितेको छ। दोस्रो संस्करणको फाइनलमा लामाचौरलाई सोझो सेटमा पाखा लगाउँदै उपाधिसँगै चनौटेले उपाधि हात पारेको हो। यसैबीच, ह्यान्डबलकी अन्तर्राष्ट्रिय खेलाडी विमला भुजेललाई सम्मानित गरिएको छ। १० टोलीले प्रतियोगितामा भाग लिएका थिए।

स्पोर्टिङ क्लब सेमिफाइनलमा

बिर्तामोड/ आयोजक एकता स्पोर्टिङ क्लब चारपाने दोस्रो एक्सपर्ट एकता स्पोर्टिङ गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। अन्तिम क्वार्टरफाइनलमा चन्द्रगढीको ब्रदर्स युनाइटेड क्लबलाई ४-२ ले हराउँदै एकताले अन्तिम चारमा स्थान पक्का गरेको हो। एकताको जितमा आशिष चापागाईंले तीन गोल गरेका थिए। आशिषले खेलको १७औं, ३८औं र ५२औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे। प्रतियोगितामा झापाका आठ क्लबको सहभागिता रहेको छ। विजेताले १ लाख ११ हजार र उपविजेताले ५५ हजार पाँच सय रुपैयाँ पाउनेछन्।

१२८ वर्षपछि ओलम्पिकमा फर्कियो क्रिकेट

एजेन्सी

ओलम्पिक खेलकुदको इतिहासमा एक सय २८ वर्षपछि क्रिकेट खेल समावेश हुने भएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक काउन्सिल (आइओसी) को सोमबार मुम्बईमा भएको कार्यकारी बैठकमा क्रिकेट खेललाई सन् २०२८ को अमेरिकाको लस एन्जलस ओलम्पिकमा क्रिकेट समावेश हुने निर्णय भएको हो। बैठकमा दुई प्रतिनिधिले मात्र क्रिकेटको विपक्षमा मतदान गरेका थिए। यसबाहेक आइसिसीको कार्यकारी कमिटीका सबै सदस्यले क्रिकेटकै पक्षमा मतदान गरेका थिए। आइओसीले क्रिकेटसहित पाँच खेललाई २०२८ को ओलम्पिकमा समावेश गराउने निर्णय गरेको छ।

> आइओसीको १४१औं बैठकले सन् २०२८ को लस एन्जलस ओलम्पिकमा क्रिकेट खेल समावेश गर्ने निर्णय गरेको छ, दुई प्रतिनिधिले मात्र क्रिकेटको विपक्षमा मतदान गरे

क्रिकेटसँगै बेसबल एन्ड सफ्टबल र लाक्रोसले ओलम्पिकमा पुनरागमन गरेको छ। फ्ल्याग फुटबल र स्क्वास लस एन्जलस ओलम्पिकबाटै डेब्यु खेलका रूपमा रहनेछ। सन् १९०० को पेरिस ओलम्पिकमा अन्तिमपटक क्रिकेट खेल भएको थियो। सन् २०२० को टोकियो ओलम्पिकमा बेसबल र सफ्टबल खेल समावेश थियो। सन् १९०२ र १९०८ को ओलम्पिकमा लाक्रोस समावेश थियो। आइओसीका अध्यक्ष थोमस बाचले पाँच नयाँ खेल अमेरिकन खेल संस्कृतिसँग जोडिएको र यसले अमेरिकन स्पोर्टसलाई विश्वमा देखाउने जनाए।

'आगामी ओलम्पिकमा समावेश भएका पाँच खेलले एन्जलसलाई विशेष बनाउने विश्वास लिएको छु,' बाकले भने, 'हाम्रो १४१औं बैठकले औपचारिक रूपमा क्रिकेटसँगै अन्य चार खेललाई ओलम्पिकमा समावेश गर्ने प्रस्ताव अनुमोदन गरेको हो।'

टी-२० फर्म्याटमा खेल हुने

ओलम्पिकमा टी-२० फर्म्याटमा खेल हुनेछ। ओलम्पिकका लागि २०२५ मा छनोट प्रक्रिया सुरु हुनेछ। सन् २०२८ को ओलम्पिकमा महिला र पुरुष दुवैतर्फ प्रतिस्पर्धा हुनेछ। आइओसीका अध्यक्ष वाचले लस एन्जलस ओलम्पिकमा समर्थकहरूले फरक अनुभव गर्ने बताएका छन्। 'अमेरिकामा आयोजना हुने ओलम्पिकमा समर्थक र दर्शकले फरक किसिमको अनुभव गर्नेछन्,' उनले भने, 'यसले अमेरिकन खेलकुदलाई एक नयाँ उचाइमा पुऱ्याउनेछ।'

सन् २००७ र २०१२ को ओलम्पिकमा स्वर्णविजेता इटालियन खेलाडी निकोलो क्याप्रियनले पाँच नयाँ खेलले ओलम्पिकलाई आकर्षक बनाउने बताए। 'विश्वकै चर्चित खेल ओलम्पिकमा समावेश हुँदा हामीलाई खुसी लागेको छ, पक्कै पनि यसले नयाँ सन्देश विश्व खेलकुदलाई दिनेछ,' उनले भने। अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आइसिसी टी-२० पुरुष क्रिकेट विश्वकप आयोजना गर्दै छन्।



■ आइसिसी एकदिवसीय विश्वकप- २०२३

अस्ट्रेलियाको पहिलो जित

एजेन्सी

एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा अस्ट्रेलियाले पहिलो जित निकालेको छ। भारतको लखनउमा अस्ट्रेलियाले सोमबार श्रीलंकालाई पाँच विकेटले निराश बनाउँदै चालू विश्वकपमा पहिलो जित निकालेको हो। यसअघि अस्ट्रेलिया लगातार दुई खेलमा पराजित भएको थियो। जितसँगै सर्वाधिक चारपटकको विजेता अस्ट्रेलिया आठौं स्थानमा उक्लेको छ। पहिलो ब्याटिङ गरेको श्रीलंकाले ४३.३ ओभरमा सबै विकेट गुमाएर दुई सय नौ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा अस्ट्रेलियाले ३५.२ ओभरमा पाँच विकेटको क्षतिमा दुई सय १५ रन जोड्यो।

अस्ट्रेलियालाई विजयी गराउन जोस इङ्गिसले सर्वाधिक ५८ रन र मिचेल मासले ५२ रनको यउोगदान दिएका थिए। मासले ५१ बलमा नौ चौकाको सहयोगमा ५२ रन जोडेका थिए। इनिङ्सको तेस्रो ओभरमा अस्ट्रेलियाले दुई विकेट गुमाएको थियो। मदुसंकाले डेभिड वार्नर (११) र स्टेभन स्मिथ (०) लाई पाँच बलको अन्तरमा आउट पार्दै श्रीलंकालाई उत्कृष्ट सुरुवात दिलाए। सुरुवाती दुई विकेट गुमाएको अस्ट्रेलियाले मध्यक्रमका ब्याट्समयानबाट गतिलो साथ पायो। मार्नुस र जोसबीच चौथो विकेटका लागि ७७ रनको साझेदारी भएको थियो।

> लगातार दुई खेलमा पराजित अस्ट्रेलियाले श्रीलंकालाई पाँच विकेटले हरायो

यी दुवै ब्याट्समयानले अस्ट्रेलियालाई ८१-३ बाट १५८-४ को स्थितिमा राखे। मार्नुसले ६० बलमा ४० रन जोडे। जोसले पाँच चौका र एक छक्का प्रहार गरे। उनी आउट हुँदा अस्ट्रेलिया १९२-५ को स्थितिमा थियो। ग्लेन म्याक्सवेलले २१ बलमा चार चौका र दुई छक्काको सहयोगमा ३१ रन र मार्कुस स्टोनिसले १० बलमा २० रन बनाए। यसअघि ब्याटिङ गरेको श्रीलंकाले ओपनिङ उत्कृष्ट गरेको थियो। ओपनिङबाहेक अन्य कुनै पनि विकेटका लागि गतिलो साझेदारी नहुँदा श्रीलंका मध्यम योगफलमै समेटियो।

एसियाडकी रजत विजेता एरिका सम्मानित

नयाँ पत्रिका

गत साता चीनको हाङझाउमा सम्पन्न १९औं एसियाली खेलकुद (एसियाड) प्रतियोगितामा नेपाललाई ऐतिहासिक रजत पदक दिलाएकी करँातेकी एरिका गुरुङ सम्मानित भएकी छिन्। नेपाल सोतोकान करँाते महासंघका अध्यक्ष निवासगोपाल वैद्यले एरिकालाई सम्मानस्वरूप दुई लाख रुपैयाँ प्रदान गरेका छन्। एसियाडमा पहिलोपटक करँातेले रजत पदक जितेको थियो। व्यक्तिगततर्फ दोस्रो रजत एरिकाले नेपाललाई दिलाएकी हुन्। उनीभन्दा अघि सन् १९९८ को बैंकक एसियाडमा तेक्वान्दोकी सविता राजभण्डारीले मुलुकलाई पहिलोपटक रजत दिलाएकी थिइन्। सन् २०१८ मा प्यारग्लाइडिङ टोलीले रजत पदक जितेको थियो।

एरिकाले महिला ६८ केजीमाथि तौलसमूहमा नेपालका लागि ऐतिहासिक रजत दिलाएकी हुन्। एसियाली खेलकुदमा नेपालले करँातेमा पहिलोपटक रजत पदक जितेको हो। हाङझाउ एसियाडमै नेपालले दुई पदक जितेको थियो। महिला कबड्डी टोलीले कांस्य पदक जितेको थियो।उनले क्वार्टरफाइनलमा विश्व करँाते महासंघको पाँचौं वरीयतामा रहेकी जापानिज खेलाडी एजुकी सबाइलाई सेन्सुका आधारमा हराएकी थिइन्। उनी फाइनलमा ३-० ले पराजित भएकी थिइन्। एरिकाले सेमिफाइनलमा हङकङकी यानकाई होलाई ८-४ अंकले



> १९औं एसियाडमा नेपाललाई करँातेमा रजत दिलाएकी एरिका गुरुङ दुई लाख रुपैयाँबाट सम्मानित

हराउँदै स्वर्ण भिडन्त पक्का गरेकी थिइन्। स्वर्ण भिडन्तमा उनी काजकिस्तानकी सोफ्या बेरुल्तसेभासँग पराजित भइन्। एसियाडमा अहिलेसम्म करँातेलाई ठूलो सफलता दिलाएकी एरिकाले सम्मानबाट आफूलाई आगामी दिनमा थप उत्कृष्ट प्रदर्शन गर्न हौसला मिलेको प्रतिक्रिया दिएकी छिन्। 'देशका लागि आफ्नो दायित्व पूरा गरेकोमा गर्व लागेको छ,' सम्मानित भएपछि उनले भनिन्, 'यो मेरो व्यक्तिगत जित मात्र नभएर सम्पूर्ण करँाते परिवारको हो।'

एरिकाले १९ लाख ५० हजार पाउने

राखेप सदस्यसचिव टंकलाल घिसिङले संविधानको नियमावलीमा उल्लेख गरिएको पुरस्कार रकम एरिकाले छिट्टै पाउने जानकारी दिएका छन्। नियमावलीअनुसार एरिकाले १९ लाख ५० हजार प्राप्त गर्नेछिन्। राष्ट्रिय खेलकुद विकास नियमवाली २०७९ अनुसार एसियाडमा व्यक्तिगत स्पर्धामा रजत पदक जित्ने खेलाडीले १९ लाख ५० हजार रुपैयाँ प्राप्त गर्ने प्रावधान छ। यसैगरी, प्रशिक्षक, सहायक प्रशिक्षक तथा टिम म्यानेजरलाई समेत पुरस्कारको व्यवस्था गरिएको छ। करँातेका मुख्य प्रशिक्षकका रूपमा रहेका कुशल श्रेष्ठले तीन लाख ९० हजार, सहायक प्रशिक्षक छोरी डंगोल र टिम म्यानेजर निवासगोपाल वैद्यले जनही एक लाख ९५ हजार रुपैयाँ हात पार्नेछन्। रजत विजेता संघ नेपाल करँाते महासंघले ६ लाख ५० हजार रुपैयाँ पाउनेछ। यसैगरी, कांस्य पदक विजेता कबड्डीका हरेक खेलाडीले जनही ३ लाख ९० हजार रुपैयाँ पाउनेछन्।

महासंघले २०औं एसियाडको तयारी थाल्ने

नेपाल करँाते महासंघका अध्यक्ष तथा राखेपका पूर्वसदस्यसचिव युवराज लामाले एरिकाको जितले करँातेमा नयाँ अध्याय सुरु भएको बताए। 'यो जित मैले एउटा सुरुवातका रूपमा लिएको छु,' लामाले भने, 'हामी आजैदेखि सन् २०२६ एसियाली खेलकुदका लागि तयारी थाल्नुपर्छ।' करँातेमा प्रतिभाशाली खेलाडी उत्पादन गर्न महासंघले उमेरसमूहको खोजी गर्ने उनले बताए। 'दुई पदकले हाम्रा अराजकता र विसंगतिहरूलाई छोपिदिएको छ, चाँडै हामी उमेरसमूहमा देशभरि प्रतिभाको खोजी गर्नेछौं,' उनले भने। सोतोकानका अध्यक्ष वैद्यले करँातेको भविष्यका लागि आफूले सरकारसमक्ष आवश्यक पहल गर्ने बताए। 'एरिकाको जितले नेपालीले पनि केही गर्न सकिन्छ भन्ने सन्देश दिएको छ,' वैद्यले भने, 'आगामी दिनमा विदेशी प्रशिक्षकलाई नेपालमा ल्याउन सरकारसमक्ष पहल गर्नेछु।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com